कृषि अनुदानको प्रभावकारिता अध्ययन

राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर

बिषय सूची

१परिचय १

१पृष्ठभूमि अध्ययनको १. .... १

१नेपालको संबिधानमा कृषि क्षेत्र र किसान १.१. .... २

१ १.२.राष्ट्रियोजनामा कृषि ३

१सोच दिर्घकालिन १.३., २१०० मा कृषि ४

१औं योजनामा कृषि १६ १.४. .... ४

१ १.५.कृषि विकास रणनीति २०१५ सन्)-२०३५(.... ५

१उद्धेश्य अध्ययनको २. .... ६

२अध्ययन पद्धति ८

२.१ .अध्ययन क्षेत्र छनौट ८

२.२. तथ्यांक तथा सुचना संकलन विधि १२

२बिश्लेषणात्मक अध्ययन तथा समिक्षा .२.१. .... १२

२छलफल तथा अन्तरक्रिया ,सरोकारवालाहरुसँगको बैठक .२.२. .... १३

२सिमितता अध्ययनको .३. .... १६

२समस्याहरु देखिएका क्रममा अध्ययनका .४. .... १७

३कृषि अनुदान सम्बन्धी अवधारणा १९

४कृषि अनुदान सम्बन्धी नीतिगत व्यवस्था तथा कार्यक्रमहरु २२

४व्यवस्था संवैधानिक कृषिसम्बन्धी .१. .... २२

४खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन १.१., २०७५ .... २२

४खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली १.२., २०८० .... २३

४कार्यक्रमहरु प्रमुख तथा नीति २. .... २३

४नीतिहरु २.१. .... २४

४प्रमुख अनुदानका कार्यक्रमहरू .२.२. .... २७

४: विशेष योजना तथा अभियानहरू .२.३. .... ३१

५अध्ययनबाट देखिएको स्थिति ४०

५बिवरण प्राप्त अनुसार क्षेत्र अध्ययन १. .... ४०
५कृषकहरुसँगको अन्तरक्रिया १.१. .... ४०
५स्थानीय तहहरुसंग भएको अन्तरक्रिया १.२. .... ५१
५स्थानीय तहहरुको बजेट विश्लेषण १.३. .... ५२
५ प्रदेश सरकार र मातहतका .१.४.कार्यालय हरुसंग छलफल ५५
५कृषि तथा पशुपंक्षी विकास मन्त्रालय १.५. .... ६१
५अन्य सरोकारवालाहरुसँगको अन्तरक्रिया १.६. .... ७०

६अनुदानको समग्र प्रभाव विश्लेषण ७४

७. निष्कर्ष ८४

७निष्कर्षहरू .१. .... ८४
७कृषि अनुदानमा महिला .१.१., साना तथा सीमान्तकृत कृषकहरूको पहुँचविश्लेषण : ८५
७समस्या विश्लेषण १.२. .... ८७
७.१.३. अनुदान प्रभावकारी बनाउन गर्नुपर्ने सुधारकालागि सुझाबहरु : ८९

अनुसुचिहरु ९३

तालिका सूची

तालिका १: अध्ययनका निम्ति छनौट गरिएका क्षेत्रहरु.. ९
तालिका २ : बिगत ५ आ. ब.मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट प्रवाह भएको अनुदानको विवरण (रकम रु हजारमा)........................... २८
तालिका ३: बैंक तथा वित्तीय क्षेत्रबाट कृषि क्षेत्रमा प्रवाह भएको ब्याज अनुदान तथा ऋणको विवरण ३६
तालिका ४: अध्ययनका लागि लिइएका नमुना जनसंख्याको विवरण.................................... ४०
तालिका ५: स्थानीय तहहरुबाट ३ आ.व.मा छुट्टयाइएको कुल बजेट, कृषि बजेट र कृषि अनुदान बजेटको तुलना ५३
तालिका ६: कोशी प्रदेश, उद्योग, कृषि तथा सहकारी मन्त्रालयको बिगत ३ बर्षको विवरण... ५५
तालिका ७: बागमती प्रदेशले बिनियोजन गरेको कुल बजेट र कृषि बजेटको विवरण............ ६०
तालिका ८: बिभिन्न आ.व.मा नेपाल सरकारको कुल बजेट र कृषि तर्फ विनियोजित बजेट विवरण ६३
तालिका ९: कृषि बजेटमा अनुदानको हिस्सा तथा खर्च विवरण.. ६४
तालिका १०: बिगत ५ बर्षमा कृषि क्षेत्रमा अनुदान वितरण र उत्पादनको अबस्था.............. ७९

चित्र सूची

चित्र १: अध्ययनका तथ्यांक संकलन बिधि १२
चित्र २: नेपाल सरकारले आफ्नो स्रोत व्यवस्थापनमा संचालन गरिरहेका कार्यक्रमहरुको विवरण ३०
चित्र ३: दातृ निकायको लगानीमा संचालन भएका कार्यक्रमहरुको विवरण ३१
चित्र ४: बैंक तथा वित्तीय क्षेत्रबाट कृषि क्षेत्रमा प्रवाह भएको ब्याज अनुदान तथा ऋणको विवरण ३७
चित्र ५: अध्ययनमा सहभागी किसानहरुको समाबेशीताको आधारमा बर्गिकरण गरिएको विवरण ४१
चित्र ६: कृषि अनुदान सम्बन्धि जानकारीको अबस्था ४२
चित्र ७: कृषि अनुदान सम्बन्धी जानकारीको स्रोत... ४४
चित्र ८: अनुदानमा सहभागिताको अबस्था ४५
चित्र ९: प्राप्त कृषि अनुदानले भएको आर्थिक अवस्था सुधारको अबस्थाको विवरण............... ४६
चित्र १०: कृषि अनुदान प्रक्रियाको सन्तुष्टि विवरण ४७
चित्र ११: कृषि अनुदानले प्रक्रियाको निस्पक्षता र समानता सम्बन्धि धारणा......................... ४८
चित्र १२: बर्तमान कृषि अनुदान कार्यक्रमहरुमा साना तथा सीमान्तकृत किसानहरुको धारणा ४९
चित्र १३: राष्ट्रिय कुल बजेटमा कृषि क्षेत्रको बजेटको अबस्था ६३
चित्र १४: कृषि बजेटमा कृषि अनुदानको हिस्सा तथा खर्च विवरण..................................... ६६
चित्र १५: आर्थिक बर्ष २०८०/८१ मा कृषि क्षेत्रमा बिनियोजन गरिएको बजेट ६६
चित्र १६: आर्थिक बर्ष २०८१/८२ मा कृषि क्षेत्रमा बिनियोजन गरिएको बजेटको विवरण.. ६७
चित्र १७: अध्ययनमा सहभागी सरोकारवालाहरुको विवरण ७१
चित्र १८: अनुदानको समाबेशिताको विवरण ७१

कार्यकारी सारांश

नेपाल कृषि प्रधान देश हो, जहाँ करिब दुई तिहाइ जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर रहेका छन्। यद्यपि कृषि क्षेत्रमा संलग्न जनसंख्या उच्च भए पनि कुल गार्हस्थ्य उत्पादनमा यसको योगदान क्रमशः घट्दै गएको छ र हाल झण्डै २४.१ प्रतिशतमा सीमित छ। औसत घरधुरीले ०.५४ हेक्टर मात्र कृषियोग्य जमिन उपयोग गर्न पाउने, उत्पादन लागत उच्च हुनु, सिँचाइ, बीउ, मल, भण्डारण तथा बजारमा सहज पहुँच नहुनुजस्ता कारणले कृषकको आयस्तर न्यून रहँदै आएको छ। यस्तो पृष्ठभूमिमा सरकारका विभिन्न तहका निकाय र गैरसरकारी संस्थाहरूले किसानलाई सहयोग गर्ने उद्देश्यले विविध कृषि अनुदान कार्यक्रम सञ्चालन गर्दै आएका छन्। अनुदानले उत्पादन लागत घटाउने, प्रविधि र साधनमा पहुँच विस्तार गर्ने, व्यवसायिक खेतीतर्फ कृषकलाई आकर्षित गर्ने र खाद्य सुरक्षामा योगदान पुर्याउने सम्भावना बोके पनि यसको प्रभावकारिता अझै अपेक्षित स्तरमा पुग्न सकेको छैन। यसै सन्दर्भमा राष्ट्रिय समावेशी आयोगका लागि प्रस्तुत यो अध्ययनले कृषि अनुदान प्रणालीको औचित्यता, कार्यदक्षता, मितव्ययीता, दिगोपन, समावेशिता र पहुँचका आधारमा विस्तृत विश्लेषण गरेको छ।

अध्ययनको उद्देश्य कृषि अनुदानलाई व्यवस्थित, समावेशी, पारदर्शी र परिणाममुखी बनाउन नीतिगत, कानुनी तथा कार्यान्वयनका सुधारात्मक उपाय सिफारिस गर्नु रहेको छ। यसका लागि मिश्रित अनुसन्धान विधि प्रयोग गरिएको छ। पहिलो चरणमा नीतिगत संरचना, ऐन, नियम, योजना र कार्यविधिको समीक्षात्मक अध्ययन गरिएको छ भने दोस्रो चरणमा प्रदेश र स्थानीय तहमा प्रत्यक्ष स्थलगत अवलोकन, सरोकारवालासँग अन्तरक्रिया र ५१० किसानसँग प्रश्नावलीमार्फत जानकारी संकलन गरिएको छ। सातै प्रदेशका सात वटा प्रतिनिधि पालिकासहित ३ पालिका थप गरी १० पालिकामा किसानसँग प्रत्यक्ष संवाद, गूगल फारम र टेलिफोनमार्फत तथ्यांक संकलन गरिएको हो। संघीय, प्रादेशिक र स्थानीय तहका नीतिनिर्माता, प्राविधिक कर्मचारी तथा प्रमुख कार्यालय हरूसँगको अन्तरक्रिया, साथै स्थलगत अवलोकनका आधारमा अनुदान कार्यक्रमको वर्तमान अवस्था, अवसर र चुनौतीहरूको मूल्याङ्कन गरिएको छ।

अध्ययनका नतिजाले के देखाउँछ भने, कृषि अनुदानले उत्पादन लागत घटाउन, प्रविधि प्रयोग बढाउन र व्यवसायिक अभ्यास सुरु गर्न केही हदसम्म योगदान गरेको छ। कृषकहरूले कृषि यन्त्र, बीउ, मल र पशु सेवाजस्ता क्षेत्रमा लाभ उठाएका छन् भने सहकारी तथा समूहगत खेतीलाई पनि प्रोत्साहन मिलेको छ। तर, समग्र प्रभाव भने असमान र सीमित देखिएको छ। विशेषगरी महिला, दलित, सीमान्तकृत र भूमिहीन कृषकले अनुदानमा समान पहुँच पाउन कठिनाइ अनुभव गरेका छन्। धेरै लाभग्राही किसानले अनुदान कार्यक्रमबारे पर्याप्त जानकारी नपाएको, प्रक्रिया जटिल

भएको, दस्तावेजीकरणको झन्झट भएको र पारदर्शिता नदेखिएको गुनासो गरेका छन्। साथै, अनुदान समयमै नपुग्दा अपेक्षित परिणाम प्राप्त हुन नसकेको तथ्य पनि उजागर भएको छ।

अध्ययनले थुप्रै संरचनागत समस्या पहिचान गरेको छ। संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभावले दोहोरो कार्यक्रम सञ्चालन हुने, बजेट खण्डित भएर प्रयोग हुन नसक्ने र प्राथमिकतामा असमानता हुने समस्या देखिएको छ। किसान सूची अद्यावधिक नगर्नु, डिजिटल प्रणाली नअपनाउनु र लाभग्राही छनोटमा पारदर्शिता नदेखिनुजस्ता कारणले अनुदान लक्षित समूहसम्म प्रभावकारी रूपमा पुगेको छैन। कतिपय स्थानमा राजनीतिक प्रभाव र सम्बन्धका आधारमा छनोट हुने तथा वितरण असमान हुने घटनाहरू समेत देखिएका छन्। अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर भएकाले लाभग्राहीको प्रत्यक्ष प्रतिक्रिया संकलन हुन सकेको छैन र सरकारी निकायबीचको जवाफदेहिता सुनिश्चित नभएकाले अनुदान दुरुपयोग हुने सम्भावना बढेको छ।

बजेट र स्रोतको दृष्टिले, कृषि क्षेत्रमा सरकारले ठूलो मात्रामा अनुदान विनियोजन गरे पनि खर्चको कार्यक्षमता न्यून देखिन्छ। धेरै कार्यक्रम ढिलो सुरु हुने, प्रक्रियागत जटिलता हुने र लक्षित समयमै खर्च गर्न नसक्दा अनुदान रकम पुनः बाँकी रहने समस्या देखिन्छ। यसले कृषिमा दीर्घकालीन प्रभाव पार्न नसक्नुका साथै कृषकबीच विश्वास अभाव र निराशा पनि सिर्जना गरेको छ।

समावेशिता र सामाजिक न्यायका दृष्टिले, महिला, सीमान्तकृत, भूमिहीन र पिछडिएका किसानलाई प्राथमिकता दिने प्रावधान भए तापनि व्यवहारमा यसले अपेक्षित परिणाम नदिएको अध्ययनले देखाएको छ। धेरै महिला किसानले आफ्नो नाममा जमिन नहुँदा अनुदान लिन नसकेको, दलित र सीमान्तकृत समूहले जानकारी तथा पहुँच अभावका कारण लाभ लिन नसकेको अवस्था प्रस्ट भएको छ। यसले अनुदान प्रणाली अझै पनि सामाजिक असमानता न्यूनीकरणमा पर्याप्त योगदान दिन नसकेको देखाउँछ।

यद्यपि यी चुनौतीबीच पनि अनुदान प्रणालीले केही अवसरहरू सिर्जना गरेको छ। कृषिमा प्रविधि प्रयोग बढ्नु, सहकारी र समूहगत खेती प्रवर्द्धन हुनु, बीउ, मल र यन्त्रमा आंशिक सहजता मिल्नु, युवा उद्यमशीलतालाई प्रोत्साहन मिल्नु र कृषकको आत्मविश्वास बढ्नु सकारात्मक उपलब्धि हुन्। तर यी उपलब्धिलाई दिगो बनाउन र प्रणालीलाई परिणाममुखी बनाउन नीति, कानुन, संरचना र कार्यान्वयनमा सुधार अपरिहार्य छ।

अध्ययनले सुधारका लागि केही प्रमुख सिफारिसहरू प्रस्तुत गरेको छ। पहिलो, अनुदानका उद्देश्य र मापदण्ड स्पष्ट गर्न आवश्यक छ, जसले उत्पादन लागत घटाउने, लक्षित समूहलाई सबल बनाउने र निजी लगानी आकर्षित गर्ने परिणाम सुनिश्चित गर्न सक्छ। दोस्रो, डिजिटल किसान परिचयपत्र र

अद्यावधिक डाटाबेस निर्माण गरी अनुदान वितरणलाई पारदर्शी र लक्षित बनाउनुपर्छ। तेस्रो, महिला, दलित, भूमिहीन र सीमान्तकृत कृषकका लागि विशेष कार्यक्रम, प्रोत्साहन र क्षमता अभिवृद्धिका पहल गर्न आवश्यक छ। चौथो, संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र साझेदारी बढाउन साझा संयन्त्र र स्पष्ट भूमिकाको निर्धारण गर्नुपर्छ। पाँचौं, अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्दै लाभग्राही प्रतिक्रिया संयन्त्र स्थापना गर्न र नियमित सार्वजनिक प्रतिवेदन प्रकाशन गर्न जरुरी छ। छैटौं, दिगोपन कायम गर्न अनुदानलाई दीर्घकालीन संरचनागत सुधारसँग जोड्नुपर्छ‘जस्तै बीउ, मल, सिँचाइ, भण्डारण, प्रशोधन र बजारमा निरन्तर पहुँच सुनिश्चित गर्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ।

निष्कर्षका रूपमा भन्नुपर्दा, कृषि अनुदान कार्यक्रमले उत्पादन वृद्धि, प्रविधि विस्तार र कृषक सशक्तीकरणमा केही सकारात्मक योगदान गरे पनि यसको प्रभावकारीता अझै सीमित छ। नीतिगत अस्पष्टता, कमजोर समन्वय, तथ्यांक अभाव, पारदर्शिता कमी र समावेशिता कमजोर हुनु यसका प्रमुख चुनौती हुन्। यदि यस अध्ययनले सिफारिस गरेका सुधारात्मक कदमहरू कार्यान्वयन गरिए भने अनुदान प्रणाली समावेशी, परिणाममुखी र दिगो बन्नेछ। यसले दीर्घकालीन रूपमा खाद्य सुरक्षाको सुनिश्चितता, ग्रामीण गरीबी न्यूनीकरण, सामाजिक न्याय प्रवर्द्धन र समग्र कृषि क्षेत्रको रूपान्तरणमा उल्लेखनीय योगदान पुर्याउनेछ।

परिच्छेद १- परिचय

१.१ अध्ययनको पृष्ठभूमि

नेपाल कृषि प्रधान देश हो, राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको करिब ६२ प्रतिशत परिवार कृषि कार्यमा लागेका देखिन्छन् भने ६७ प्रतिशत हिस्सा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेशामा संलग्न रहेको परिवार भित्र परेको पाइन्छ। यद्यपि २०८१/२०८२को आर्थिक सर्वेक्षण हेर्दा फाल्गुण महिना सम्मको अवधिमा कूल गार्हस्थ्य उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान झण्डै २४.१* प्रतिशत छ र औसतमा प्रत्येक घरधुरीले केवल ०.५४ हेक्टर† मात्र कृषियोग्य जमिन उपयोग गर्न पाउने अवस्था छ।

विगत केही दशकदेखि कृषि प्रणालीलाई परम्परागत अभ्यासबाट आधुनिक प्रविधिमा रुपान्तरण गर्ने प्रयास जारी छ। कृषिमा रासायनिक मल, कीटनाशक र अन्य रसायनको बढ्दो प्रयोग सँगै जैविक मल तथा जैविक बिसादिहरुको प्रयोग प्रति रुची बढ्दै गएको पाइन्छ, मानव र पशु श्रममा आधारित कृषि कार्य यन्त्र, उपकरण र प्रविधिमैत्री प्रणालीतर्फ अग्रसर भइरहेको छ। यस्ता परिवर्तनका बावजुद कृषि प्रणाली अझै पनि विविध प्राविधिक, आर्थिक, संरचनागत तथा सामाजिक चुनौतीहरूको घेराभित्र रहेको देखिन्छ।

हाल कृषि क्षेत्र तीन तहका सरकार संघीय, प्रदेश र स्थानीय को साझा अधिकार क्षेत्रमा पर्ने विषय हो। तसर्थ, ती सबै तहहरूबाट कृषि विकास तथा अनुदान कार्यक्रम सञ्चालन भैरहेका छन्। संघीय सरकारले आफ्ना आयोजना तथा परियोजनामार्फत ठूला, मझौला र साना प्रकृतिका अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ भने प्रदेश र स्थानीय तहहरूले समेत आफ्ना आवश्यकता र प्राथमिकता अनुसार अनुदान योजनाहरू अघि बढाएका छन्। तीनै तहका सरकार र बिभिन्न गैर सरकारी संस्था लगायत बिभिन्न सरोकारवालाहरुले आ-आफ्नै हिसाबले अनुदानका कार्यक्रमहरु संचालन गर्दा एक आपसमा समन्वयको कमि, नीतिगत अस्पस्टता तथा कार्यान्वयनमा हुने कमजोरीले कृषि अनुदानका बिषयबस्तुहरु आफैमा बढी विवादित ढंगबाट चर्चामा आउने गरेका छन्।

यिनै कारणहरूले गर्दा कृषि अनुदानका कार्यक्रमहरू कत्तिको प्रभावकारी छन् भन्ने मूल्याङ्कन गर्नु नीतिगत, कानुनी र कार्यान्वयनका पक्षमा आवश्यक सुधारको आधार तय गर्न महत्वपूर्ण मानिन्छ। यस अध्ययनले किसानको हकअधिकारको संरक्षण तथा नेपाल सरकारले अवलम्बन गरेको नीति एवम् कानुन कार्यान्वयन अवस्थाको सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने साथै किसानहरुको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिका

* आर्थिक सर्वेक्षण २०८१/८२, अर्थ मन्त्रालय

† २०७८ राष्ट्रिय कृषि गणना:श्रोत))

सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्न समेत अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने बिश्वास लिइएको छ।

यस अध्ययनबाट अनुदान प्रणालीलाई बढी समावेशी, लक्षित र परिणाममुखी बनाउन सघाउ पुग्ने विश्वास गरिएको छ। वर्तमान अवस्थामा, नेपाल परम्परागत रूपमा कृषि उपज निर्यात गर्ने देशबाट खाद्यान्न आयातमा निर्भर हुन थालेको अवस्थाले पनि कृषि अनुदान प्रणालीको समिक्षागत पुनरावलोकन र सुदृढीकरणको आवश्यकता औंल्याउँछ।

११.१. नेपालको संबिधानमा कृषि क्षेत्र र किसान

नेपाल सरकारको वैधानिक कानून, २००४ का नामबाट परिचित नेपालको पहिलो संविधान २००४ सालमा निर्माण भएता पनि कृषि र किसानका सम्बन्धमा पहिलो पल्ट २०४७ सालमा नेपाल अधिराज्यको संबिधान, २०४७ को भाग ४ को धारा २६ को उपधारा (५) ले कृषि उत्पादन बढाउने सन्दर्भमा उल्लेख गरेको पाइन्छ। संविधानको उक्त उपधाराले "राज्यले कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरुको सिर्जना गर्ने र भूमि सुधार कार्यक्रम सञ्चालन गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ", उल्लेख छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल बने सँगै २०७२ असोज ३ गते नेपालको सातौं संविधानको रुपमा नेपालको संबिधान, २०७२ ले कृषि र किसानका हक अधिकारका बिषयमा प्रस्ट बोलेको छ। संविधानको भाग ३ को धारा ३६ को उपधारा (१)मार्फत हरेक नागरिकलाई खाद्य सम्बन्धी हकको सुनिस्चितता गरेको छ। उपधारा (२) मा प्रत्येक नागरिकलाई खाद्यबस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक प्राप्त भएको छ भने उपधारा (३) ले प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक सुनिस्चित गरेको छ।

त्यस्तै, नेपालको संबिधान,२०७२ को धारा ४२ को उपधारा (४) ले प्रत्येक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रुपमा प्रयोग र अवलम्बन गरिएका स्थानीय बिउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक प्रदान गरेको छ। यसै संविधानले धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत कृषि र भूमिसुधार सम्बन्धी नीति उल्लेख गरेको छ। उक्त नीतिमा बैज्ञानिक भुमि सुधार गर्ने, जग्गाको चक्लाबन्दी गरि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, भू-उपयोग नीतिको अवलम्बन गरि भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको समुचित उपयोग गर्ने र कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मुल्य र बजारमा पहुँचको ब्यवस्था गर्ने उल्लेख गरेको छ। यसैमा जल उत्पन्न प्रकोप नियन्त्रण, सिचाईको दिगो र भरपर्दो विकास, नबिकरणीय उर्जाको उत्पादन तथा विकास, जैविक विविधताको संरक्षण सम्बर्धन र दिगो उपयोग गर्ने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन

गरि खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, संचय सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने उल्लेख छ। सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत मुक्त कमैया, कम्लहरी, हरवा, चरवा, हलिया, भूमिहीन सुकुम्बासीहरुको पहिचान गरि बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनः स्थापना गर्ने कुरा उल्लेख भएको छ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको आ-आफ्नो अधिकारक्षेत्र क्रमशः अनुसूची ६, ७ र ८ मा उल्लेख गरेको छ। जसमा कृषि तथा पशु विकास प्रदेश सरकारको अधिकार क्षेत्र भित्र रहेको छ भने स्थानीय तहको अधिकार क्षेत्रमा कृषि सडक, सिंचाई, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण रहेका छन्। यसै गरि संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारक्षेत्र अनुसूची (९) मा कृषिलाइ राखिएको छ।

१.१.२ राष्ट्रिययोजनामा कृषि

नेपालमा वि.सं. २०१३ सालदेखि थालिएको योजनाबद्ध विकास प्रक्रियाले कृषि क्षेत्रलाई समृद्धिको आधार मानी प्रारम्भिक योजनाहरूमा खाद्य सुरक्षाको सुनिश्चितता, उत्पादन वृद्धि तथा सिंचाइ, सडक, बिजुलीजस्ता आधारभूत पूर्वाधार निर्माणमा जोड दिएको देखिन्छ। दोस्रोदेखि सातौं योजनासम्म श्रमशक्ति परिचालन, भूमिको उपयोग र क्षेत्रीय सन्तुलनलाई प्राथमिकता दिएको पाइन्छ। आठौं योजनापछि निजी क्षेत्रको सहभागिता, कृषि विविधीकरण, औद्योगिक विशिष्टीकरण तथा पूर्वाधार सुदृढीकरणमा नीति केन्द्रित भयो। नवौं र दशौं योजनामा गरिबी निवारण, समावेशीकरण, लैङ्गिक समानता र लक्षित कार्यक्रममार्फत कृषिमा हस्तक्षेपकारी भूमिका खेलेको पाइयो। एघारौंदेखि तेहौं योजना अवधिसम्म कृषिलाई व्यवसायिक, वातावरणमैत्री र जलवायु सहनशील प्रणालीमा रूपान्तरण गर्ने रणनीति अवलम्बन गरिएको पाइन्छ। वि.सं. २०७२ मा सङ्घीय स्वरुपको लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय व्यवस्था स्थापना गर्न नेपालको संबिधान जारी भए पश्चात चौधौ योजना (२०७३/७४-२०७५/७६) तर्जुमा गरि कार्यान्वयनमा ल्याइएको पाइन्छ। नयाँ संबिधान अनुरुप सबै स्थानीय तह र सङ्घ तथा प्रदेशको निर्वाचनबाट नयाँ निर्वाचित सरकार स्थापना भए सँगै राष्ट्रियरुपमा पन्ध्रौ योजना २०७७/७७-२०८०/८१) र सबै प्रदेशहरुमा आ-आफ्नो प्रादेशिक योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याएको पाइन्छ भने केहि स्थानीय तहहरुले पनि आ-आफ्ना आवधिक योजना बनाइ कार्यान्वयन गरेको पाइन्छ।

पन्ध्रौं योजना (२०७६/७७—२०८०/८१) दीर्घकालीन सोच २१०० अनुरूप कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, बीउ, मल र प्रविधिको पहुँच विस्तार, उत्पादन वृद्धि तथा चक्लाबन्दी र सामूहिक खेती प्रवर्द्धनमा केन्द्रित रह्यो। भण्डारण, प्रशोधन र बजार सञ्जाल सुदृढीकरणका लागि सहकारी र निजी क्षेत्रको सहभागिता र पुँजीगत अनुदान प्रावधान गरिएको थियो।

तर, कोभिड—१९ महामारी, अन्तर्राष्ट्रिय संकट, मूल्यवृद्धि र राजनीतिक अस्थिरताले योजनाको कार्यान्वयनमा अवरोध उत्पन्न गर्‍यो। उत्पादनमूलक क्षेत्रको योगदान, वैदेशिक लगानी तथा पुँजीगत खर्च लक्ष्यअनुसार हुन नसकेको देखिन्छ। यस्ता संरचनागत तथा कार्यान्वयन पक्षका कमजोरीहरूले कृषि अनुदान कार्यक्रमहरूको प्रभावकारिता सीमित बनाएको स्पष्ट हुन्छ, जसको मूल्यांकन अत्यावश्यक छ।

१.१.३ दिर्घकालिन सोच, २१०० मा कृषि

दीर्घकालीन राष्ट्रिय विकास रणनीतिका माध्यमबाट सबै प्रकारका संरचनागत बाधा, बिभाजन र विचलनका अवसर तथा विकासका अवरोधहरू अन्त्य गरी समाजवाद उन्मुख समावेशी अर्थतन्त्रको निर्माण गर्न र संविधानले अङ्गीकार गरेका विकासका दीर्घकालीन दृष्टिकोणलाई आवधिक योजनामा आन्तरिकीकरण गर्न नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोच (२०७६—२१००) अगाडि सारेको छ। दीर्घकालीन सोचअनुसार यस अवधिमा पन्ध्रौँदेखि उन्नाइसौँ योजना सम्म गरी पाँच वटा आवधिक योजनाहरू कार्यान्वयन गरिनेछ। यस सोच अनुसार नेपाललाई वि.सं. २१०० सम्ममा "समृद्ध नेपाल सुखी नेपाली" भन्ने दिर्घकालीन सोचमा आधारित रही समुन्नत, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बस्ने मुलुकको रुपमा रहने दीर्घकालिन सोच तय गरिएको छ। उक्त सोच साकार पार्न कृषि क्षेत्रको महत्वपूर्ण भूमिका हुने हुनाले दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्य र पछिल्लो प्रगति अवस्थासँग आधारित रहेर हेर्ने हो भने २०७९/८० मा ३.५ प्रतिशत रहेको आर्थिक वृद्धिदर २१००/०१ मा १०.५ प्रतिशत पुर्याउने तथा प्रति व्यक्ति राष्ट्रिय आय अमेरिकी डलर १४५६ लाइ १२१०० पुर्याउने लक्ष्य राखिएको छ। (राष्ट्रिय योजना आयोग ,१६ औं योजना २०८१/८२-२०८५/८६)

१.१.४ १६ औ योजनामा कृषि

विसं २१०० सम्मको दीर्घकालीन सोचमा उल्लेखित समष्टिगत र सैद्धान्तिक मूल्यहरूलाई आत्मसात गर्दै, सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" लाई आफ्नो मुख्य मार्गदर्शक सिद्धान्तको रूपमा अघि सारेको छ। सुशासनको माध्यमबाट मात्र सामाजिक न्याय र समृद्धि सुनिश्चित गर्न सकिने विश्वास गरिएको छ।

सामाजिक न्यायको अवधारणाभित्र समाजवादी मूल्य मान्यताहरू निहित रहेका छन्। सामाजिक न्यायको स्थापनासँगै प्राप्त हुने समृद्धि दीगो, समावेशी, समुन्नत एवम् अनुभुतियोग्य हुनेछ। आगामी ५ आर्थिक बर्षका लागि योजनाबद्ध विकासको ढाँचाको मार्ग निर्देश गरेको १६ औं योजनाले भर्खरै मन्त्रीमण्डलबाट पारित भई सार्वजनिक भएसँगै जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रलाई संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्रको रुपमा औंल्याएको छ।

१६ औं योजनाले लिएको सुशासन, सामाजिक न्याय र समृद्धिको सोच अनुसार कृषि क्षेत्रमा रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरु कार्यन्वयन गर्दा योजना अवधिमा हासिल हुने उपलव्धिहरुलाई देहायअनुसारका प्रमुख सुचकहरुको रुपमा मापन गरिएको पाइन्छ[‡]:

- कृषि वस्तुको औसत उत्पादकत्व ३.३ मे. टन प्रति हेक्टरबाट वृद्धि गरी ३.७ मे. टन प्रति हेक्टर पुऱ्याउने।
- कृषि, वन र मत्स्य क्षेत्रको वार्षिक आर्थिक वृद्धिदर २.७% बाट बढाएर ३.८% पुऱ्याउने।
- कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान २३.८% बाट घटाएर २१% मा झार्ने, जुन कृषि बाहेक अन्य क्षेत्रको विकासद्वारा सन्तुलन गर्ने रणनीति हो।
- माटोमा रहेको जैविक पदार्थको मात्रा १.९६% बाट बढाएर २.५% पुऱ्याउने।
- खानेकुराको गुणस्तर वृद्धि गर्न ८ वटा केन्द्रीय खाद्य स्वच्छता सूचना प्रणाली स्थापना गर्ने।
- वर्षभर सिँचाइ सुविधा पुगेको क्षेत्रफललाई २५% बाट दोब्बर गरी ५०% पुऱ्याउने।
- कुल सिँचित जमिनको क्षेत्रफल १५,५५,५०८ हेक्टरबाट बढाएर १७,९३,००८ हेक्टर पुऱ्याउने।
- जलवायु उत्तरदायी बजेटको हिस्सा ६% बाट वृद्धि गरी २०% पुऱ्याउने।
- वातावरणीय सेवावापतको भुक्तानी १००० करोड रुपैयाँमा पुऱ्याउने, र हरित ऋणपत्र (Green Bond) पनि १००० करोड रुपैयाँसम्म निष्काशन गर्ने।
- स्थानीय रूपमा जलवायु अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गरिएका स्थानीय तहको संख्या २६३ बाट बढाएर सबै ७५३ तहसम्म विस्तार गर्ने।
- दिगो रूपमा व्यवस्थापन भएका वन क्षेत्रको आकार ९० हजार हेक्टरबाट बढाएर ४०० हजार हेक्टर पुऱ्याउने।

१.१.५ कृषि विकास रणनीति २०१५ सन्)-२०३५(

परम्परागत उत्पादन प्रणाली, न्यून उत्पादकत्व, कृषि यान्त्रिकीकरणको अभाव, सीमित बजारीकरण र सरकारी सेवाहरूमा पहुँचको अभाव जस्ता कारणले कृषि क्षेत्र अपेक्षित रुपमा रूपान्तरण हुन सकेको छैन। यिनै चुनौतीलाई सम्बोधन गर्न दीर्घकालीन सोचमा आधारित कृषि विकास रणनीति सन् २०१५—२०३५(ADS) तयार गरिएको हो। यस रणनीतिले नेपालको कृषि प्रणालीलाई आधुनिक, व्यावसायिक, समावेशी र प्रतिस्पर्धी बनाउने दिगो खाका प्रस्तुत गरेको छ।

‡ (राष्ट्रिय योजना आयोग ,१६ औं योजना २०८१/८२-२०८५/८६)

"आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्यसम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समाबेशी कृषि क्षेत्र "कृषि विकास रणनीतिको दुरदृष्टि रहेको छ। रणनीतिले निम्न चार प्रमुख सम्भागहरूमा आधारित भएर काम गर्ने परिकल्पना गरेको छः (१) सुशासन, (२) उच्च उत्पादकत्व, (३) नाफामुखी व्यवसायीकरण र (४) प्रतिस्पर्धात्मकता।

कृषि अनुदान नीतिलाई प्रभावकारी बनाउने विषय रणनीतिक रूपमा कृषि विकास रणनीति (ADS) मा स्पष्ट उल्लेख छ। कृषि बीउ, मल, यान्त्रिक उपकरण, सिँचाइ, पशु सेवा, प्रशोधन उपकरण, र बजार पूर्वाधारमा दिइने अनुदानलाई पारदर्शी, लक्षित र परिणाममुखी बनाउने नीति अपनाइएको छ। रणनीतिमा 'साना किसान र सीमान्त कृषकलाई लक्षित गरेर अनुदान कार्यक्रम विस्तार गर्नुपर्ने कुरा जोड दिइएको छ। साथै, युवा, महिला, दलित, जनजाति, पिछडिएको वर्गलाई प्राथमिकता दिँदै कृषि पेशामा आकर्षण बढाउने उद्देश्य राखिएको छ। अनुदान व्यवस्थापनमा डिजिटल प्रविधिको प्रयोग, अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता पनि रणनीतिमा स्पष्ट छ।

यस सन्दर्भमा, हाल सञ्चालनमा रहेका कृषि अनुदान कार्यक्रमहरूमा कृषि विकास रणनीति (ADS) को दिशानिर्देशलाइ समेत मध्यनजर गर्दै बिभिन्न अनुदान प्रणालीले बोकेका मापदण्डहरुको पालना कति भएको छ? त्यसबाट अपेक्षित परिणाम प्राप्त भएको छ वा छैन? यी विषयहरूलाई समेटेर अनुदानको प्रभावकारिता(औचित्यता, मितव्ययीता, कार्यदक्षता, दिगोपना र पहुँचको आधारमा), उपयोगिता, समावेशिता र दीर्घकालीन प्रभाव मूल्याङ्कन गर्न अत्यावश्यक देखिन्छ।

१.२ अध्ययनको उद्धेश्य

यस अध्ययनको उद्देश्य कृषि व्यवसाय प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह तथा बिभिन्न सेवाप्रदायकहरु मार्फत वितरण हुने अनुदानलाई अधिक व्यवस्थित, समाबेशी, पारदर्शी र परिणाममुखी बनाउनु हो। यसको लागि हाल भएको कृषि नीतिमा समेटिएका अनुदानसम्बन्धी ऐन, नीति, नियम र कानुनहरूको विश्लेषण गरी, आवश्यक परिमार्जनका ठोस सुझाव तयार पार्ने र ती सुझावमार्फत सबै किसानले समान रूपमा लाभ लिन सक्ने व्यवस्था सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

१. विभिन्न तह संघ), प्रदेश र स्थानीय का सरकारले कृषिक्षेत्रमा हाल प्रदान गर्दै आएको(अनुदानको प्रभावकारीता औचित्यता), मितव्ययीता, कार्यदक्षता, प्रभाव, दिगोपना र पहुँचको आधारमामापन गर्नु (,
२. कृषि अनुदानको समावेशी महिला), साना तथा सीमान्तकृत किसानमा पहुँच वितरण र (उपयोगमा देखिएका समस्या, चुनौती पहिल्याउनु,

३. कृषि अनुदानलाई प्रभावकारी बनाउने र अनुदानमा महिला, साना तथा सीमान्तकृत किसानको पहुँच विस्तार गर्ने उपाय पहिचान गरी सुझाव प्रदान गर्नु।

परिच्छेद २- अध्ययन पद्धति

यस अध्ययनका उद्देश्यहरू पूरा गर्न व्यापक मिश्रित अध्ययन विधि प्रयोग गरी सूचना संकलन र विश्लेषण गरिएको छ। सूचना प्राप्तिका लागि कृषि अनुदानसम्बन्धी नीति निर्माता, नीतिगत तथा कानूनी दस्तावेज, कार्यान्वयन निकाय, प्रदेश र स्थानीय तहका प्राविधिक इकाइहरू, साथै प्रत्यक्ष लाभान्वित किसान र सरोकारवालाहरूलाई मुख्य स्रोतको रूपमा समावेश गरिएको छ। अध्ययन प्रक्रियामा विशेष रूपमा अन्वेषणात्मक दृष्टिकोणलाई प्राथमिकता दिइएको छ, जसअन्तर्गत गुणात्मक सूचनाहरूलाई विस्तृत रूपमा संकलन गरी फिल्ड नोटको रूपमा अभिलेख गरिएको र पछि लिपिबद्ध गरी विभिन्न शीर्षक र उपशीर्षकअनुसार वर्गीकृत तथा व्यवस्थित गरिएको हो।

गुणात्मक विवरणको प्रामाणिकता र विश्लेषणात्मक आधारलाई सुदृढ बनाउन परिमाणात्मक तथ्याङ्कहरू पनि समावेश गरिएको छ। सूचना संकलन दुई चरणमा सम्पन्न गरिएको थियो। पहिलो चरणमा, कृषि अनुदानसम्बन्धी नीतिगत व्यवस्था, ऐन, नियम, कार्यविधि र विगतका अभ्यासबारेका अध्ययन प्रतिवेदन, सरकारी प्रकाशन, अनुसन्धान लेख, र अन्य प्रकाशित सामग्रीको समीक्षात्मक अध्ययन गरियो। यससँगै सम्बन्धीत मन्त्रालय, विभाग, प्रदेश सरकार र स्थानीय तहका जिम्मेवार पदाधिकारीहरूसँग परामर्श बैठक तथा विचार-विमर्शमार्फत आवश्यक विवरण संकलन गरियो।

दोस्रो चरणमा, प्राप्त विवरणको पुष्टि र थप सान्दर्भिक जानकारी संकलनका लागि प्रदेश र स्थानीय तहमा समूह-लक्षित छलफल, मुख्य जानकारहरूसँग अन्तरवार्ता, सरोकारवालाहरूको बैठक तथा स्थलगत अवलोकन सञ्चालन गरियो। यस क्रममा अनुदान कार्यान्वयन प्रक्रियामा देखिएका अवसर, चुनौती, व्यवहारिक समस्या र सम्भावित समाधानका विषयमा प्रत्यक्ष सुझावहरू संकलन गरिएका थिए।

यसरी प्राप्त गुणात्मक र परिमाणात्मक दुवै प्रकारका तथ्याङ्क तथा सूचनाहरूलाई अध्ययनका उद्देश्य र सूचनाको प्रकृतिअनुसार क्रमबद्ध विश्लेषण, व्याख्या र अर्थ निर्माण गरी स्पष्ट र व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ। परिणामस्वरूप, यो प्रतिवेदन कृषि अनुदान व्यवस्थापनमा सुधारका लागि प्रमाण-आधारित सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्न सकिने गरी तयार पारिएको हो।

यसरी संकलित गुणात्मक र परिमाणात्मक दुवै प्रकारका तथ्याङ्क तथा सूचनाको प्रयोग गर्दै, अध्ययनका लक्ष्य र सूचनाको प्रकृतिअनुसार अर्थ निर्माण, व्याख्या-विश्लेषण र प्रस्तुतीकरणको प्रक्रिया सम्पन्न गरी यस प्रतिवेदनलाई तयार पारिएको हो।

२.१. अध्ययन क्षेत्र छनौट

यस अध्ययनको क्षेत्र समग्र नेपालभर रहेको हुनाले विभिन्न भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्ने, सरकारका विभिन्न तह अन्तर्गत रहेका एवं विभिन्न प्रकृतिका अनुदान प्रदान गर्ने सरकारी

निकायहरुलाई नमुनाको रुपमा छनोट गरिएको थियो। अध्ययन सकेर प्रतिबेदन तयार गरि ड्राफ्ट छलफलमा प्राप्त सुझाब बमोजिम थप २ जिल्ला सप्तरी र सिराहामा भएका क्रमशः २ र १ पालिका अग्निसाइर कृष्ण सावारण गाउँपालिका, रुपनी गाउँपालिका र भगवानपुर गाउँपालिकामा बिपन्न सीमान्तकृत साना किसानहरुमा संचालित अनुदानका कार्यक्रमहरुको समेत प्रभाव विश्लेषण गरिएको थियो। नेपालका ७ वटै प्रदेशको प्रतिनिधित्व हुने तथा भौगोलिक विविधतालाई समेत मध्यनजर गरि उच्च पहाडी, हिमाली, मध्य पहाडी,, तराइ, भित्री तराइ लगायतका क्षेत्र समेट्न सक्ने गरि बिभिन्न ७ नमुना पालिकाहरुको छनौट गरिएको थियो। प्रादेशिक कार्यालय हरु छनौट गर्दा पूर्वी भाग, मध्य भाग, र पश्चिम भागलाई बिभिन्न संस्कृति, रितिरिवाज र खेति प्रणालीको विविधता समेतका आधारमा विश्लेषण गर्न सहज हुने अपेक्षा सहित कोशी प्रदेश, बाग्मती प्रदेश र कर्णाली प्रदेशलाइ नमुना छनौट गरिएको थियो। पालिकाहरु तथा नमुना अध्ययन क्षेत्र सम्बन्धी विवरण देहायबमोजिम राखिएको छ :

- तालिका १: अध्ययनका निम्ति छनौट गरिएका क्षेत्रहरु

सरकार को तह	**भौगोलिक अवस्थिति**	**जिल्ला**	**निकाय**	**प्रशासनिक विभाजन**
स्थानीय	पहाडी + हिमाली	कास्की	मादी गाउँपालिका	गण्डकी प्रदेश
	पहाडी	रामेछाप	लिखु तामाकोशी गाउँपालिका	बाग्मती प्रदेश
		तेह्रथुम	लालीगुराँस नगरपालिका	कोशी प्रदेश
	भित्रि मधेश	सुर्खेत	वीरेन्द्रनगर नगरपालिका	कर्णाली प्रदेश
		दाङ	लमही नगरपालिका	लुम्बिनी प्रदेश
	तराई	कन्चनपुर	कृष्णपुर नगरपालिका	सुदुरपस्चिम प्रदेश
		धनुषा	गणेशमान चारनाथ नगरपालिका	मधेश प्रदेश
प्रादेशिक	कृषि विकास निर्देशनालय , हेटौडा			बाग्मती प्रदेश
	कृषि ज्ञान केन्द्र / कृषि विकास कार्यालय सुर्खेत			कर्णाली प्रदेश
	उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर			कोशी प्रदेश
संघीय	कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं			
	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खुमलटार, ललितपुर			
	सिराहा जिल्ला स्थित भगवानपुर गाउँपालिकामा भएको करार खेति			

पछी थप भएका	सप्तरी जिल्ला स्थित रुपनी गाउँपालिका र अग्नि साइर कृष्ण सावरण गाउँपालिकामा संचालित करार खेति र जलावायु मैत्री समुदायको रुपमा संचालन भएको कार्यक्रम


STUDY AREA MAP OF
"STUDY ABOUT EFFECTIVENESS OF AGRICULTURAL SUBSIDIES"
N
W
E
S
Legend
Federal and Provincial Authorities
Ministry and Agriculture and Livestock Development,Singhadurbar
Primeminister Agriculture Modernization Project,Khumaltar
Agriculture Development Directorate,Hetauda
Agriculture Knowledge Centre,Surkhet
Ministry of Industry,Agriculture and Cooperatives,Biratnagar
Local Levels
Birendranagar Municipality
Ganeshman Charnath Municipality
Krishnapur Municipality
Laligurans Municipality
Lamahi Municipality
Likhu Tamakoshi Rural Municipality
Madi Rural Municipality
0 20 40 80 120 160 Km
1:700,000
0
200000
400000
600000
3400000
3200000
3000000

२.२. तथ्यांक तथा सुचना संकलन विधि



- चित्र १: अध्ययनका तथ्यांक संकलन बिधि

२.२.१. बिश्लेषणात्मक अध्ययन तथा समिक्षा

अध्ययनको प्रारम्भिक चरणमा संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन भइरहेका कृषि अनुदानसम्बन्धी नेपाल सरकारका नीति, ऐन, नियम र निर्देशिकाको व्यापक विश्लेषणात्मक समीक्षा गरिएको छ। यसका लागि सम्बन्धीत दस्तावेज, अध्ययन प्रतिवेदन र प्रकाशित सामग्रीका सान्दर्भिक अंशहरूलाई सूक्ष्म रूपमा अध्ययन गर्दै, महत्वपूर्ण क्रियाकलाप र व्यवस्थाहरूको पहिचान गरिएको छ। साथै, सम्बन्धीत सरोकारवाला निकायहरूसँग प्रत्यक्ष बैठक गरी प्राप्त जानकारीको तुलनात्मक विश्लेषण गरिएको छ। यस प्रक्रियाबाट अनुदान वितरणका वर्तमान अभ्यास, कानूनी परिधि,

कार्यान्वयन प्रणालीका बलियो तथा कमजोर पक्ष, मौजुदा अवसर र सामना गर्नुपर्ने चुनौतीहरूलाई व्यवस्थित ढंगले संकलन र व्याख्या गरिएको छ।

कृषि अनुदानमा भएका नीतिगत व्यवस्था सम्बन्धी दस्तावेज (अध्ययन प्रतिवेदन, प्रकाशित सामाग्री) को विश्लेषणात्मक अध्ययन एंव समिक्षा गरि अध्ययनका क्रममा प्रयोग गरिएका दस्ताबेजहरु तथा बिषयबस्तुहरुलाइ निम्नानुसारले कार्य गरि यो अध्ययन प्रतिबेदन तयार गरिएको छ।

१. नेपालको संविधान, विद्यमान कृषि नियमावली, १६ औ पन्चबर्षिय योजना, कृषि विकास रणनीति (सन् २०१५-२०३५), खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन तथा कृषि सम्बन्धी अन्य बिभिन्न निर्देशिकाहरु, तिनै तहका सरकारहरुले पारित गरेका कार्यविधिहरु तथा कानूनहरुमा कृषि अनुदान सम्वन्धी भएका व्यवस्थाहरूको अध्ययन तथा विश्लेषण,
२. कृषिमा सरकारद्वारा विगत ५ वर्षमा विनियोजन गरेको बजेट र भएको खर्चको प्रवृत्ति तथा बिभिन्न आयोजनाहरुका माध्यमबाट किसान सम्म पुगेको लाभहरूको अध्ययन तथा विश्लेषण,
३. कृषि क्षेत्रमा बैक तथा वित्तीय संस्थाबाट भएको लगानी तथा सो अन्तर्गत व्याज अनुदानमा महिला, साना तथा सीमान्तकृत किसानको पहुँच अध्ययन तथा विश्लेषण।

२.२.२. सरोकारवालाहरुसँगको बैठक, छलफल तथा अन्तरक्रिया

क. किसानहरुसँग अन्तरक्रिया

कृषि अनुदान प्रभावकारिता अध्ययन अन्तर्गत सातै प्रदेशका तोकिएका स्थानीय तहहरुमा रहेका किसानहरूसँग व्यापक परामर्श, अन्तर्वार्ता र तथ्य संकलनको प्रक्रिया अपनाइएको थियो। अध्ययनको मूल उद्देश्य कृषि अनुदानको प्रभावकारिता मूल्याङ्कन गर्नु रहेको हुँदा विभिन्न भौगोलिक क्षेत्र, सामाजिक पृष्ठभूमि तथा कृषि प्रणालीमा आधारित किसानहरूको अनुभव तथा धारणा संकलन गरिनु आवश्यक थियो।
यस सन्दर्भमा ,अध्ययनको क्रममा कुल ५१० जना किसानहरुसँग व्यक्तिगत भेटघाट तथा सामुहिक छलफलको माध्यमबाट भेट भएको थियो। जसमध्ये अनन्त जनसंख्या भएको स्थानबाट सर्वेक्षण गर्दा आवश्यक नमुना संख्या ३८४ जना किसानहरूसँग प्रश्नावालिमा आधारित भएर सर्वेक्षण गरिएको थियो। तीमध्ये २४० जना किसानहरूसँग प्रत्यक्ष रुपमा स्थलगत भेटघाट तथा अन्तरक्रिया गरी विस्तृत विवरण संकलन गरिएको थियो। यी प्रत्यक्ष अन्तरक्रियाहरू अध्ययन टोलीले सम्बन्धीत स्थानीय तहमा पुगेर व्यक्तिगत वा सामूहिक रुपमा किसानहरूसँग छलफल गरी संकलन गरेका थिए। प्रत्यक्ष भेटघाटका क्रममा किसानहरूको अनुभव, व्यवहार, समस्या र सुझावहरू सजीव ढंगले बुझ्न सकिने भएकाले यसलाई विशेष प्राथमिकता दिइएको थियो। प्रत्यक्ष सहभागिताको माध्यमबाट अध्ययनलाई व्यवहारिक तथा विश्वसनीय बनाउन सहयोग पुगेको थियो।

बाकी १४४ जना किसानहरूसँग भने विभिन्न विकल्पहरू प्रयोग गरी अप्रत्यक्ष रुपमा जानकारी संकलन गरिएको थियो। तीमध्ये ११९ जना किसानहरूसँग गुगल फर्मबाट र २५ जनासँग टेलिफोन संवाद मार्फत सम्पर्क गरिएको थियो। अन्य भेट गरिएका १२६ जना किसानहरुसँग सामुहिक छलफल तथा अन्य अध्ययन क्षेत्रमा जादैगर्दा नजिकै रहेका अन्य स्थानीय तहहरुका प्रतिनिधि किसानहरुसँग भेट भई छलफल गरिएको थियो। यसरी टाढाका तथा पहुँचका दृष्टिले असहज स्थानहरूमा रहेका किसानहरूका अनुभव पनि समावेश गर्न सकिएको थियो। गूगल फर्म तथा टेलिफोन अन्तर्वार्ताले र अन्य स्थानीय तहका किसानहरुसँग भएको भेटघाट र छलफल समेतले धेरै किसानहरूको सहभागिता सुनिश्चित गर्न र विविध अनुभवहरूलाई समेट्न सघाएको थियो। यस्ता प्रविधिमार्फत संकलन गरिएका विवरणहरू पनि पूर्वनिर्धारित सूचकहरूको आधारमा -संकलन गरिएकाले तुलनात्मक अध्ययनका लागि उपयोगी बनेका थिए।

समग्रमा, यस अध्ययनले कृषि अनुदान प्राप्त गरेका विभिन्न खालका किसानहरूको अनुभव र धारणा समेट्न प्रत्यक्ष र अप्रत्यक्ष दुवै माध्यमको प्रयोग गरेर समावेशी, क्षेत्रीय सन्तुलनयुक्त र प्रमाण आधारित जानकारी संकलन गर्न सफल भएको छ। यसले प्रतिवेदनको विश्वसनीयता तथा निष्कर्षको वस्तुगतता अझ बलियो बनाएको छ। हरेक स्थानीय तहका नमुना सर्वेक्षणमा लिइएको संख्या बिवरण आधार (अनुसूची १) मा राखिएको छ।

ख. प्रादेशिक मन्त्रालय तथा कार्यालयहरुसंग छलफल

कृषि अनुदान प्रभावकारिता अध्ययनको महत्वपूर्ण पाटोको रूपमा, अध्ययन टोलीले सम्बन्धीत प्रदेशस्तरीय उद्योग कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, कर्णाली प्रदेशको कृषि विकास निर्देशानालय, जिल्ला स्थित कृषि विकास कार्यालयहरुसँग प्रत्यक्ष छलफल र अन्तरक्रिया सम्पन्न गरेको थियो।

यस अन्तरक्रियाको उद्देश्य अनुदान सम्बन्धी कार्यक्रमहरूको नीतिगत दृष्टिकोण, कार्यान्वयनको अवस्था, अनुगमन प्रणाली, र किसानमा परेको प्रत्यक्ष प्रभावबारे सरोकारवाला निकायहरूको अनुभूति, मूल्याङ्कन र सुझावहरू संकलन गर्नु हो।

गस्थानीय तहहरु .सँग छलफल

सातवटै प्रदेशका प्रतिनिधि स्थानीय तहमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूले कृषि अनुदान वितरण प्रणालीको बहुआयामिक पक्षहरूको गहिरो विश्लेषण गर्न सहयोग पुऱ्याएको छ। तथ्यांक र प्रश्नावलीमार्फत प्राप्त सूचना मात्रले नछोएका महत्वपूर्ण पक्षहरू जस्तै कार्यान्वयनमा देखा

पर्ने व्यवहारिक समस्या, संस्थागत समन्वयको अवस्था, स्थानीय प्राथमिकता र नीति कार्यान्वयनबीचको अन्तर यी अन्तरक्रियामार्फत स्पष्ट भएको छ।

छलफलमा बिभिन्न पालिकाहरुमा अनुकुलताको आधारमा उपस्थित भएका सहभागीहरु पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, पूर्व जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, कृषि र पशुपंक्षी शाखाका प्राविधिक कर्मचारीहरू सबैले आ-आफ्नो अनुभव र सन्दर्भ प्रस्तुत गरेका थिए। उनीहरूको भनाइबाट अनुदान कार्यान्वयनमा देखिने क्षेत्रगत असमानता, स्रोत अभाव, लक्षित वर्ग पहिचानको कठिनाई, पारदर्शितासँग जोडिएको जनगुनासो र स्थानीय आवश्यकता र केन्द्रबाट आएको मापदण्डबीचको असमझदारी जस्ता मुद्दाहरू औंल्याइएका थिए।

गुणात्मक तथा परिमाणात्मक अध्ययन विधिको आधारमा निर्धारित उद्देश्यहरू र सूचनाको स्वरूपमा आधारित भई तथ्याङ्क/सूचनाबाट अर्थ निर्माण गर्ने, व्याख्या विश्लेषण गर्ने र सरोकारवालाहरुसँग प्रस्तुतीकरण गर्ने जस्ता कामहरू गरी अध्ययन प्रतिवेदन तयार पारिएको हो।

घ. कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका कार्यालयहरुसँग अन्तरकृया

अनुदान अध्ययनको सन्दर्भमा विभिन्न मन्त्रालय, विभाग, महाशाखा, परियोजना तथा आयोजना स्तरमा सम्पर्क स्थापित गरी जानकारी संकलन गरिएको थियो। यस क्रममा संघीय स्तरका नीतिनिर्माता, कार्यान्वयन निकाय र प्राविधिक संस्थासम्म पुगेर प्रत्यक्ष धारणा लिइयो। मन्त्रालयस्तरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवद्वय डा. गोविन्द प्रसाद शर्मा र डा. राजेन्द्र प्रसाद मिश्रसँग नीति, कार्यक्रम र अध्ययन समितिको निष्कर्षबारे छलफल गरिएको थियो। योजना तथा विकास सहायता समन्वय महाशाखाका प्रमूख सहसचिव डा. हरिबहादुर केसी, कृषि विभागका महानिर्देशक डा. प्रकाश सञ्जेल, पशुसेवा विभागका महानिर्देशक डा. रामनन्दन तिवारी तथा उपमहानिर्देशकहरू, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, बिउबिजन गुणस्तर नियन्त्रण केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खाद्य तथा पोषण सुधार आयोजना, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, कृषि क्षेत्र विकास आयोजना, पहाडी काष्ठफल तथा फलफूल विकास आयोजना र राष्ट्रिय कृषि अनुसन्धान परिषद्का प्रमुख एवं सम्पर्क व्यक्तिहरूसँग पनि परामर्श गरिएको थियो। यी सम्पर्क व्यक्तिहरूबाट प्राप्त सूचनाले अनुदानको लक्षित समूह, वितरण मापदण्ड, समावेशिताको अवस्था, कार्यान्वयन अभ्यास र सुधारको आवश्यकता बारे प्रत्यक्ष जानकारी प्राप्त गर्न सहयोग पुऱ्यायो, जसलाई यस अध्ययनको विश्लेषण र निष्कर्षमा आधारका रूपमा प्रयोग गरिएको छ।

ङ. जानिफकारसँगको अन्तर्वार्ता

अनुदान कार्यक्रमबारे प्रत्यक्ष अनुभव वा गहिरो ज्ञान भएका व्यक्तिहरूलाई पहिचान गर्दै व्यक्तिगत अन्तरवार्ता सञ्चालन गरिएको थियो। प्रदेश सङ्घीय सरकार अन्तरगतका मन्त्रालय र सम्बद्ध कार्यालयका कार्यालय प्रमुख तथा बिभिन्न जानकार कर्मचारीहरु तथा सरोकारवाला जानिफकारहरु समेत गरि ३० जनासँग गरिएको छलफलमार्फत अनुदानको औचित्य, कानूनी आधार, कार्यान्वयनको वर्तमान अवस्था, मापदण्डको पालना, किसानसम्मको पहुँच, अनुदानपश्चातको परिणाम, साथै यस्ता कार्यक्रमका सवल र दुर्बल पक्ष, अवसर तथा चुनौतीहरूबारे विस्तृत विचार संकलन गरिएको हो। यसका लागि पूर्वतयारी स्वरूप अर्धसंरचित प्रश्नावली वा रुजुसूची प्रयोग गरी आवश्यक सूचनाहरू व्यवस्थित रूपमा अभिलेख गरिएको छ।

च. स्थलगत अवलोकन

अन्तिम चरणमा प्रदेश र स्थानीय तह मार्फत सञ्चालन भएका अनुदान कार्यक्रमका प्रत्यक्ष लाभग्राहीहरू सहकारी संस्था, कृषक समूह, व्यक्तिगत कृषि फर्म र किसानहरू पहिचान गरिएका थिए। पहिचानपछि स्थलगत अवलोकन गरिएको थियो। अवलोकनको क्रममा अनुदानपश्चातको कार्य प्रगति, लाभग्राहीहरूको अनुभव र बुझाइ, पहुँचको सहजता, कार्यान्वयनको प्रभावकारिता तथा सुधार गर्नुपर्ने पक्षबारे तथ्यांक संकलन गरियो। त्यसैगरी, वास्तविक अवस्थाको प्रत्यक्ष निरीक्षण गर्दै अनुदान कार्यान्वयन प्रक्रियाका बलिया पक्षहरू र सुधार गर्नुपर्ने सम्भावित क्षेत्रहरू पहिचान गरी विश्लेषण गरिएको थियो।

यसरी क्रमिक रूपमा गरिएको अध्ययनले अनुदान कार्यक्रमको समग्र प्रभावकारिता बुझ्न महत्वपूर्ण आधार तयार पारेको थियो।

२.३. अध्ययनको सिमितता

यस अध्ययन देहाय बमोजिमका सिमिततामा रहेर अगाडी बढ्यो :

- अध्ययनले भूगोलको विविधिता, सरकारको विभिन्न तह एवं सातै प्रदेशको तथ्यांक समेट्ने प्रयास गरे पनि नमुना निकायहरु प्रतिनिधिमुलक रुपमा मात्र छनोट गरिएका थिए।
- समयको सिमितता तथा अध्ययन कार्यको दायरामा निहित रहेर कार्य गरिएको भएकाले अनुदानको वृहत्तर पद्धतिहरु एवं अन्तराष्ट्रिय स्तरमा भएका सबै रास्ट्रहरुको अभ्यासहरुलाई अध्ययनले समेटेको छैन, तथापि छिमेकी रास्ट्रहरु, एसियाली केहि रास्ट्रहरु, युरोपेली रास्ट्रहरु र अमेरिका जस्ता मुलुकहरुले अवलम्बन गरेका पद्दतिहरुलाई केहि हद सम्म तुलना गर्ने जमर्को गरिएको छ।

- अध्ययनका लागि समेटिएका विषयवस्तु प्राप्त भएका विवरणहरू, कृषकहरू, सम्बन्धीत क्षेत्रका विज्ञहरू, द्वितिय स्रोतहरूबाट प्राप्त विवरणहरूका आधारमा अध्ययन अगाडी बढाइएकोले यसमा समावेश भएका विवरणहरू पनि साभार गरिएका विवरणहरूको वैधानिकताबाट प्रभावित भएको हुन सक्ने अनुमान गरिएको छ।
- अध्ययनको सिलसिलामा सुचना तथा तथ्यांकको उपलब्धता, सरोकारवालाहरुको सहकार्य, समयको सिमितता जस्ता विभिन्न कारकहरुले अध्ययनलाइ प्रभाव पारेको हुन सक्ने अनुमान गरिएको छ।

२.४. अध्ययनका क्रममा देखिएका समस्याहरु

- **अद्यावधिक तथा डिजिटल तथ्यांकको अभाव**

अधिकांश स्थानीय तहहरुमा सूचना प्रविधिको प्रयोग बढ्दो भएको भएता पनि, कृषि अनुदानसम्बन्धी विवरणहरू अझै कागजी दस्तावेजमा सीमित छन्। अधिकांश पालिकामा अनुदान लाभग्राहीहरूको डिजिटल र व्यवस्थित अभिलेख छैन, जसले तथ्यांक संकलनलाई ढिला र अपूरो बनायो। कतिपय स्थानहरुमा त झन् दुइ आर्थिक बर्ष भन्दा अगाडिको तथ्यांक पाउन समेत सकिएन।

- **भौगोलिक तथा पूर्वाधार चुनौती**

धेरै अध्ययन क्षेत्रहरूमा जाने सडक अबस्थामा सुधार भएको भए पनि अझै कच्ची सडक, पहिरो, बाढी, र दुरदराजका बस्तीहरूमा यातायात अभावका कारण समयमै पुग्न सकिएको थिएन। मौसमको असहजताले यात्रा कठिन बनायो।

- **स्थानीय तहसँग समन्वयको अपूर्णता**

अध्ययन अवधि राजनीतिक रूपमा व्यस्त समय (बजेट निर्माण, योजना तयारी) परेकाले सम्बन्धीत कृषि शाखाका कर्मचारीहरूबाट अपेक्षित सहयोग पाउन कठिन भयो। कतिपय पालिकामा कर्मचारी अदल-बदल र नीतिगत अस्पष्टता पनि बाधक बने।

- **उत्तरदाताको अनुपलब्धता तथा चासोको अभाव**

कृषि अनुदान लिएका धेरै किसानहरू वैदेशिक रोजगारी, शहरतिर बसाइँसराइ वा वैकल्पिक पेशा रोजेकाले प्रत्यक्ष सम्पर्कमा आउन सकेनन्। बाँकी किसानहरूमा सर्वेक्षणप्रति चासो कम देखियो, कतिपयले झूठो विवरण दिने प्रवृत्ति देखियो।

- **अनुदानप्रतिको अविश्वास र भय**

पछिल्लो समयमा अनुगमन र लेखा परीक्षणको बढ्दो चासोका कारण केही लाभग्राहीले अनुदानको सही विवरण दिन चाहेनन्। सरकारले अनुदान फिर्ता माग्ला भन्ने त्रास समेत देखिएको थियो।

- **भाषा, संप्रेषण तथा डिजिटल पहुँचको असमानता**

अध्ययनमा प्रविधिको प्रयोग (जस्तैः गूगल फारम) गरिए तापनि ग्रामीण क्षेत्रमा स्मार्टफोन प्रयोगको सीमा, इन्टरनेट पहुँच र डिजिटल साक्षरताको अभावले प्रभावकारी नतिजा ल्याउन कठिनाइ महसुस भयो।

- **नीति तथा कार्यविधिको असमझदारी**

पालिकास्तरका कर्मचारी र कृषक दुवै पक्षमा वर्तमान अनुदान कार्यविधि, मापदण्ड तथा अनुगमन प्रक्रिया आदिबारे अस्पष्टता देखियो, जसले नीतिगत कमजोरी र जानकारीको खाडल देखायो।

परिच्छेद ३- कृषि अनुदान सम्बन्धी अवधारणा

"अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यावसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राखे लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री, उपकरण तथा अन्य सहायता सम्झन् पर्छ [§]।

कृषि क्षेत्रमा अनुदान भन्नाले उत्पादन लागत घटाउन, किसानलाई प्रोत्साहन दिन र कृषि उत्पादन बढाउन राज्य वा अन्य स्रोतबाट दिइने नगद वा वस्तुगत सहयोगलाई बुझिन्छ। यसको मूल उद्देश्य किसानको आयस्तर वृद्धि, उत्पादनमा स्थायित्व, खाद्य सुरक्षाको सुनिश्चितता र कृषि बजारमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्नु हो। अनुदानले उत्पादन वृद्धि, मूल्य स्थिरीकरण, ग्रामीण रोजगारी र सामाजिक समावेशितामा योगदान दिन सक्छ, तर कमजोर व्यवस्थापन वा दुरुपयोगले दीर्घकालीन समस्या पनि सिर्जना गर्न सक्छ।

विश्वव्यापी रूपमा कृषि अनुदानको अभ्यास फरक-फरक तरिकाले विकास भएको छ। अमेरिकामा सन् १९९३को Agriculture Adjustment Actबाट अनुदान नीति औपचारिक रूपमा लागू भयो, जसको प्रारम्भिक लक्ष्य मूल्य स्थिरीकरण, उत्पादन नियन्त्रण र किसानको आय जोगाउने थियो। पछि कृषि बिलमार्फत यसमा सुधार हुँदै आय सहायता, बीमा, र बजार संरक्षणसम्म विस्तार भयो।[**]
त्यसैगरी युरोपेली राष्ट्रहरुमा दोस्रो विश्वयुद्धपछि मात्र कृषिमा अनुदान दिन सुरु गरेको पाइन्छ। कम आय भएका किसानको खेतीपाती गर्ने सामर्थ्य बृद्धि गर्न र बजारलाई स्थिर राख्न अनुदानको प्रावधानको रुपमा कृषि अनुदानको कार्यान्वयनको लागि सन् १९६२ देखि लक्षित उद्देश्य प्राप्त गर्न साझा कृषि नीति Common Agricultural Policy (CAP) ल्याइएको पाइन्छ[††]। यस किसिमको कृषि नीतिको कार्यान्वयनपछि प्रमुख युरोपेली राष्ट्रको कृषिमा क्रमशः सुधार आएको र त्यहाँका किसानको जीवनस्तर उकासिँदै गएको पाइन्छ।

जानकारहरूको भनाइ अनुसार चीनको कृषि विकासमा आमूल परिवर्तन ल्याउने मुख्य मोड सन् २००४ मा आयो, जब सरकारले नीतिमा संशोधन गर्दै राष्ट्रिय स्तरबाटै प्रत्यक्ष किसानलाई अनुदान दिने व्यवस्था सुरु गर्‍यो। यसअघि सन् १९९० को दशकतिर चीनले लागत सामग्री खरिद, निर्यात

[§] प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

[**] 1 Stuart, K. and Runge, C.F. 1997. Agricultural policy reform in the United States: an unfinished agenda. The Australian Journal of Agricultural and Resource Economics, 41:1, pp. 117±136 2 Sumner,

[††] D. A. (2007).Farm subsidy traditio Sumner, D. A. (2007).Farm subsidy tradition and modern agricultural realities. Washington, D.C.: American Enterprise Institute. Retrieved at 15 april 2017 from http://aic.ucdavis.edu/research/farmbill07/aeibriefs/20070515_ sumnerRationalesfinal.pdf

तथा भण्डारणमा अनुदान दिने नीति अवलम्बन गरेको थियो, तर ती नीति खर्चिलो मात्र नभई लक्षित वर्गसम्म प्रभावकारी रूपमा पुग्न नसकेको देखिन्थ्यो[‡‡]।

अध्ययनहरूका अनुसार भारतमा कृषिमा अनुदान दिने नीति सन् १९६० तिर प्रारम्भ भएको मानिन्छ[§§]। हरित क्रान्तिको सुरुवातसँगै सिंचाइ र मलको माग तीव्र रूपमा बढेपछि सरकारले यी क्षेत्रलाई प्राथमिकता दिँदै अनुदान प्रदान गर्न थालेको थियो। यसको परिणामस्वरूप ४० र ५० को दशकमा किसानले उत्पादनमा उल्लेखनीय वृद्धि गरेका उदाहरण पाइन्छन् [***]। हाल भारतले अनुदानको दायरा विस्तार गर्दै सिंचाइ र मल मात्र नभई कृषि उपकरण तथा निर्यात क्षेत्रमा समेत अनुदान उपलब्ध गराइरहेको छ।

नेपालमा योजनाबद्ध विकासको प्रारम्भदेखि नै कृषि अनुदानको अभ्यास भए पनि संस्थागत रूपमा व्यापक कार्यक्रम ८ दशकपछि मात्र देखा परे। राष्ट्रिय कृषि नीति २०६१, कृषि विकास रणनीति र संघीयता कार्यान्वयनपछि स्थानीय तहमा अधिकार विस्तारसँगै अनुदान प्रणाली बहुआयामिक बनेको छ। कानूनी आधारका रूपमा राष्ट्रिय नीति र रणनीतिसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यसका आधारमा बनेका कार्यविधिहरु तथा संघ, प्रदेश र स्थानीय तहका बजेट-नीतिहरू रहेका छन्।

नेपालको कृषि अनुदानको इतिहास हेर्दा यसको संगठित अभ्यास हालको केही दशकमा मात्र सुरु भएको पाइन्छ। वि.सं. २००७ सालको प्रजातान्त्रिक परिवर्तनपछि कृषि विकासलाई प्राथमिकता दिइएको पाइन्छ। वि.सं. २०१५ सालमा स्थापना भएको कृषि मन्त्रालय तथा त्यसपछि नेपाल कृषि अनुसन्धान परिषद ऐन, २०४८ बमोजिम वि.सं. २०४८ मा स्थापना भएका कृषि अनुसन्धान परिषद)NARC) र विभिन्न सहकारी संस्थाहरू मार्फत राज्यले किसानसँगको पहुँच विस्तार गर्न थाल्यो। यद्यपि, आर्थिक स्रोत सीमित रहेको र आधारभूत पूर्वाधारको अभावका कारण प्रत्यक्ष अनुदान कम नै थियो।

प्रारम्भिक चरणमा सरकारले अनुदानको नीति मुख्यतः रासायनिक मलमा केन्द्रित गरेको थियो। वि.सं. २०३१ सालदेखि खाद्यान्न उत्पादन वृद्धि गर्ने उद्देश्यले रासायनिक मलको मूल्य तथा ढुवानीमा अनुदान दिन थालिएको हो। यस कदमले किसानको चासो र मलको माग दुवै बढाएको भए पनि, अन्तर्राष्ट्रिय बजारमा मुल्यवृद्धि र आपूर्ति कठिनताका कारण सरकारले मागअनुसार उपलब्ध

[‡‡] https://forestaction.org/wp-content/uploads/2021/09/Subsidy.pdf

[§§] Hurt, R.D.2010. American and Chinese Agricultural Policy since 1949: An Overview. Procedia Social and Behavioral Sciences 41, 6692-6701

[***] Kaur, R. and Sharma, M. 2012. Agricultural Subsidies in India Boon or Curse.Journal of Humanities and Social Science (JHSS). 2 (4) PP 40-46

गराउन सक्ने अवस्था रहेन। महँगोमा मल खरिद गरी सस्तोमा बिक्री गर्दा हुने आर्थिक बोझको कारण वि.सं. २०५४ मा मलमा दिँदै आएको अनुदान स्थगित गरियो। साथै, वि.सं. २०५२ पछिको अवधिमा कृषि तथा पशुपालन क्षेत्रमा सिंचाइ, भण्डारण, कृषि उपकरण, ढुवानी, पशु आहार, स्वास्थ्य परीक्षण तथा गोठ सुधार जस्ता विभिन्न क्षेत्रमा पनि अनुदान दिने प्रावधान थपिँदै गए।

तर, यस अवधिमा किसानहरू रासायनिक मलको प्रयोगमा निर्भर भइसकेका थिए, जसले गर्दा गुणस्तरहीन मलको अवैध आयात र प्रयोग बढ्यो। यस समस्यालाई रोकथाम गर्न र गुणस्तर सुनिश्चित गर्न वि.सं. २०६६ मा पुनः रासायनिक मलमा अनुदान दिने व्यवस्था लागू गरियो। यो नीति विशेष गरी साना तथा सीमान्तकृत किसान लक्षित रहेको बताइएको छ। यससँगै गैर-सरकारी संस्था, सहकारी र अन्तर्राष्ट्रिय विकास साझेदारहरूले पनि आ-आफ्नो तरिकाले कृषिमा अनुदान सहयोग गर्दै आएका छन्।

पछिल्ला वर्षहरूमा सरकारले कृषि क्षेत्रलाई प्राथमिक क्षेत्रका रूपमा सूचीकृत गरी अनुदान, बीमा, प्राविधिक सेवा र आधारभूत पूर्वाधार निर्माण जस्ता कार्यक्रम ल्याए पनि, यी सुविधा कति प्रभावकारी छन् र कुन वर्गका किसानसम्म पुगेका छन् भन्नेबारे अध्ययन र मूल्यांकन अपरिहार्य छ। त्यस्तै, वास्तविक किसानसम्म सेवा पुऱ्याउन गरिएको सरकारी तथा संस्थागत प्रयासको सार्थकता र परिणामको मूल्याङ्कनले भविष्यमा नीति सुधार र स्रोतको लक्षित प्रयोगमा महत्वपूर्ण मार्गदर्शन गर्नेछ।

२०६३ पछि, विशेषतः नेपालको संविधान, २०७२ अनुसार नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनेपछि कृषि अनुदानको योजना र कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारको भूमिकालाइ संविधानले नै प्रस्ट पारि कार्यान्वयनको सुरुवात हुनुले कृषि क्षेत्रको विकासमा महत्वपूर्ण अर्थ राख्दछ। कृषि विकास रणनीति, १६ औं योजना, प्रदेश सरकारका नीति कार्यक्रमहरु, स्थानीय तहका नीति कार्यक्रमहरुलाइ समेत विश्लेषण गर्दा समग्र नेपालको सङ्घीय व्यवस्थाले नै कृषि क्षेत्रको विकासलाई आत्मसाथ गरि बिभिन्न किसिमका कृषिका कार्यक्रमहरु मार्फत किसानलाई लाभ पुर्याउने किसिमका कार्य हरु गरिरहेका छन् ।

परिच्छेद ४- कृषि अनुदान सम्बन्धी नीतिगत व्यवस्था तथा कार्यक्रमहरु

४.१. कृषिसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानले कृषि क्षेत्रलाई अत्यन्त महत्वपूर्ण स्थान दिँदै यससम्बन्धी केही स्पष्ट र उल्लेखनीय व्यवस्था गरेको छ। संविधानको विभिन्न धारामा कृषि विकास, किसानको अधिकार, खाद्य सुरक्षाजस्ता विषय समेटिएका छन्। यस अध्ययन प्रतिवेदनको पृष्ठभूमिमा नै नेपालको संबिधान, २०७२ मा कृषि क्षेत्र र किसान भनि व्याख्या गरिएको छ :

४.१.१ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन२०७५ ,

नेपालको संविधानले नागरिकको जीवन र अस्तित्वको आधारका रूपमा खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानको धारा ३६ बमोजिम प्रत्येक नागरिकलाई खाद्यको हक, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ। यी संवैधानिक प्रावधानलाई व्यवहारमा उतार्न, त्यसका लागि आवश्यक कानूनी संरचना निर्माण गर्न र नागरिकको खाद्यमा सहज पहुँच सुनिश्चित गर्न सङ्घीय संसदले **खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५** पारित गरी कार्यान्वयनमा ल्याएको हो। यो ऐनले खाद्य अधिकारलाई केवल घोषणात्मक नबनाई कार्यान्वयनयोग्य बनाउने कानूनी आधार तयार गरेको छ, जसमा खाद्य उत्पादन, वितरण, पहुँच, पोषणस्तर, आपतकालीन अवस्था र विशेष आवश्यकताका समुदायको संरक्षणसमेत समेटिएको छ। यो ऐनले राखेको केहि प्रावधानहरु तल उल्लेख गरिएको छ।

यो ऐन आवश्यक हुनुका मुख्य कारणहरूमा नेपालको कृषि-आधारित अर्थतन्त्र, ग्रामीण जनसंख्यामा खाद्य असुरक्षाको उच्च दर, जलवायु परिवर्तन, प्राकृतिक विपत्ति, उत्पादन प्रणालीमा असमान पहुँच, र आयमा आधारित खाद्य पहुँचमा रहेको असमानता रहेका छन्। संयुक्त राष्ट्रसंघको दिगो विकासका लक्षहरु (SDG) अन्तर्गतको लक्ष्य २ Zero Hunger पूरा गर्नका लागि पनि नेपालले राष्ट्रिय कानूनी संरचना निर्माण गर्नु अपरिहार्य थियो।खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको भूमिकालाई स्पष्ट रूपमा तोकिएको छ। सङ्घीय सरकारले खाद्य सुरक्षा नीतिको निर्माण, अन्तर्राष्ट्रिय सम्झौता, विपद् व्यवस्थापनमा खाद्य आपूर्ति, र गुणस्तर मापदण्ड निर्धारण गर्ने काम गर्छ। प्रदेश सरकारले क्षेत्रगत आवश्यकता अनुसार उत्पादन र वितरण प्रणाली विकासमा भूमिका खेल्छ भने स्थानीय तहले प्रत्यक्ष रूपमा किसानसँग सम्पर्क राखी उत्पादन, भण्डारण, वितरण र पहुँचमा सुविधा पुऱ्याउने जिम्मेवारी पाउँछ। यसरी, ऐनले सङ्घीय संरचनामा आधारित बहुस्तरीय कार्यान्वयन संयन्त्रको व्यवस्था गरेको छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ केवल कानूनी दस्तावेज मात्र नभई नेपालको खाद्य प्रणालीलाई समावेशी, दिगो र स्वावलम्बी बनाउने रणनीतिक मार्गचित्र हो। यसको सफल कार्यान्वयनले नागरिकको मौलिक अधिकारको रक्षाका साथै कृषि उत्पादन प्रणालीको दिगोपन, ग्रामीण जनजीवनको सुधार र समग्र अर्थतन्त्रको सुदृढीकरणमा समेत योगदान पुऱ्याउनेछ।

४.१.२ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८०

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० नेपालको संविधान र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ ले सुनिश्चित गरेका मौलिक हकहरूको व्यावहारिक कार्यान्वयनका लागि तयार गरिएको विस्तृत कानूनी रूपरेखा हो। यसले नागरिकको खाद्य पहुँच, खाद्य सुरक्षाको सुनिश्चितता, र कृषकको अधिकार संरक्षणलाई कार्यगत रूपमा लागू गर्नका लागि स्पष्ट प्रक्रिया, संयन्त्र र मापदण्ड निर्धारण गरेको छ।

कृषि अनुदानको प्रभावकारितासँग प्रत्यक्ष सम्बन्धमा, नियमावलीले किसानको पहिचान, वर्गीकरण र परिचयपत्र जारी गर्ने प्रणालीलाई अनिवार्य बनाएको छ। यसले अनुदान, सहुलियत, बीमा सुविधा तथा क्षतिपूर्ति वितरणमा लक्षितता, पारदर्शिता र समान पहुँच सुनिश्चित गर्ने अपेक्षा राख्न सकिन्छ। साथै, भूमिको दिगो उपयोग, बाँझो जमिनको पहिचान र व्यवस्थापन, सहकारी तथा सामूहिक खेती प्रवर्द्धन, र कृषि योग्य जमिनको खण्डीकरण रोकथामका उपायहरू कृषि उत्पादनमा दीर्घकालीन लाभ पुऱ्याउने किसिमका छन्।

तर, यी सबै प्रावधानहरूको प्रभावकारिता बजेटको उपलब्धता, प्राविधिक क्षमता, डिजिटल डाटाबेस निर्माण, किसानको अद्यावधिक अभिलेख, निगरानी तथा मूल्याङ्कन संयन्त्रको सुदृढीकरण, र संघ, प्रदेश, र स्थानीय तहबीचको प्रभावकारी समन्वयमा निर्भर रहनेछ। यद्यपि, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० लाई समयमै, पारदर्शी र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न सकिएमा यसले कृषि अनुदान प्रणालीलाई लक्षित, पारदर्शी, दिगो र किसानमैत्री बनाउन महत्वपूर्ण योगदान पुऱ्याउछ।

४.२ नीति तथा प्रमुख कार्यक्रमहरु

नेपालको कृषि विकासमा अनुदान एक महत्वपूर्ण नीति उपकरणको रूपमा व्यापक रूपमा प्रयोग हुँदै आएको छ। सरकारले कृषकहरूलाई प्रोत्साहन गर्ने, उत्पादन लागत घटाउने र कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले अनुदान नीति अघि सारेको छ। यद्यपि अनुदानको प्रभावकारिता, वितरण प्रणाली र दीगोपनाका पक्षहरूमा थुप्रै चुनौतीहरू देखिएका छन्। यसका बाबजुद, अनुदानले कृषकहरूको उत्पादन क्षमता र आय वृद्धिमा सकारात्मक प्रभाव पुऱ्याउने सम्भावना राख्दछ। नेपाल सरकारले कृषि क्षेत्रको समग्र विकासका लागि विभिन्न नीति र कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यी

नीतिहरू कृषकहरूलाई आधुनिक प्रविधि, उच्च गुणस्तरका बीउ, मल र सिंचाइ सुविधा उपलब्ध गराउने, कृषि व्यवसायीकरणलाई प्रोत्साहन गर्ने र वातावरणीय संरक्षणसमेत सुनिश्चित गर्ने दिशामा केन्द्रित छन्। परिणामस्वरूप, यी पहलहरूले कृषि उत्पादनमा वृद्धि गर्दै किसानहरूको जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्ने लक्ष्य राखेका छन्। आगामी दिनमा, अनुदान प्रणालीलाई अझ पारदर्शी, समावेशी र दिगो बनाउन थप सुधार आवश्यक छ, जसले गर्दा नेपालको कृषि क्षेत्रलाई प्रतिस्पर्धात्मक र टिकाउ बनाउन सहयोग पुग्नेछ। नेपाल सरकारका केहि नीतिहरु तथा महत्वपूर्ण कार्यक्रमहरु तल उल्लेख गरिएको छ।

४.२.१ नीतिहरु

१ .राष्ट्रियकृषि नीति, २०६१

व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाउने, व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने र प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने उद्धेश्यहरु राखी उक्त उद्धेश्य प्राप्तिकालागि ४ वटा मुख्य खण्डमा विभाजन गरि ५४ वटा नीतिहरु तय गरेको छ। ४ वटा मुख्य खण्डहरु देहाय अनुसार छन् ;

क. स्थानीय उत्पादन एवं उत्पादकत्व अभिवृद्धि (१८ वटा नीति)
ख. लक्षित बर्गहरुका लागी बिशेष सुविधा (७ वटा नीति)
ग. व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणाली विकास (२३ वटा नीति)
घ. प्राकृतिक श्रोत तथा वातावरणको संरक्षण, सम्बर्द्धन सदुपयोग(६ वटा नीति)

नेपालको कृषि विकासको अभिन्न अंगको रुपमा लिन सकिने यो राष्ट्रिय कृषि नीति, २०६१ ले कृषि अनुदान प्रवर्द्धनका सम्बन्धमा बिभिन्न दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ, जुन यसप्रकार छन् ;

१. अनुदान वितरणमा समावेशिता र लक्षित पहुँच

नीतिले स्थानीय उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने क्रममा स्रोत र अवसरमा न्यून पहुँच भएका समूह'जस्तै सिमान्त, महिला, दलित, भूमिहीन तथा साना कृषकहरूलाई लक्षित गरी विशेष सुविधा तथा अनुदान वितरण गर्ने स्पष्ट व्यवस्था गरेको छ। यसले अनुदान प्रभावकारी रूपमा तल्लो तहसम्म पुग्ने सम्भावना देखाउँछ। साथै, भूमिको प्रभावकारी प्रयोग र सिँचाइ, सडक, विद्युतीकरण जस्ता पूर्वाधार विकासमा अनुदान प्रवाह गरी उत्पादनशीलता वृद्धि गर्ने नीति राखिएको छ।

२. कृषि व्यवसायीकरण र प्रतिस्पर्धात्मकता प्रोत्साहन

नीतिले कृषि व्यवसायीकरणमा जोड दिँदै तुलनात्मक लाभ भएका क्षेत्रहरूमा उच्च मूल्य भएका कृषिवस्तुको उत्पादन, प्रशोधन र बजार व्यवस्थापनमा अनुदान प्रवाह गर्न प्रोत्साहन गरेको छ। यसले कृषकलाई व्यावसायिक कृषिमा रूपान्तरण गर्ने र बजार प्रतिस्पर्धामा टिक्न महत्वपूर्ण भूमिका निर्वा गर्दछ।

३. प्राविधिक सहयोग र अनुसन्धानमा लगानी

उन्नत कृषि प्रविधि, अनुसन्धान तथा विकासलाई प्रवर्द्धन गर्न नीति संगठित कृषि अनुसन्धान केन्द्रहरू, निजी क्षेत्र र गैरसरकारी संस्थासँग समन्वयमा लगानी र अनुदान वितरण गर्ने व्यवस्था गरेको छ। यसले दीगो कृषि उत्पादन वृद्धि र प्रविधिको विस्तारमा अनुदानको प्रभावकारिता बढाउने भूमिका खेल्नेछ।

४. पर्यावरणीय संरक्षण र दिगोपन

नीतिले जैविक विविधता संरक्षण, प्राङ्गारिक खेती प्रवर्द्धन, र कृषिमा प्रयोग हुने रसायनहरुको सही प्रयोगमा अनुदान र प्रोत्साहन दिने उल्लेख गर्दै पर्यावरणमैत्री कृषि अभ्यासलाई सघाउने नीति बनाएको छ। यसले दीगो कृषि विकास र अनुदानको दिगोपन सुनिश्चित गर्ने महत्व राख्दछ।

५. अनुदान व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता

नीतिले अनुदान वितरण प्रणाली पारदर्शी, जवाफदेही र समुचित अनुगमनयुक्त बनाउने प्रावधान राखेको छ। स्थानीय निकाय र कृषक समूहको सहभागितामा अनुदानको सही प्रयोग र प्रभावकारिता सुनिश्चित गर्न व्यवस्था गरिएकोले अनुदानको दुरुपयोग घटाउने दिशामा उन्मुख रहेको देखिन्छ।

६. कृषि जनशक्ति विकास र क्षमता अभिवृद्धि

कृषक तालीम, कृषि विश्वविद्यालय र कलेजहरू मार्फत कृषि जनशक्तिको गुणस्तर विकासमा अनुदानका कार्यक्रम सञ्चालन गर्ने नीति छ। यसले कृषकहरूको सीप र ज्ञानमा वृद्धि गरी अनुदानका प्रभावकारी उपयोगमा योगदान पुऱ्याउनेछ।

७. सामाजिक सुरक्षाका उपायहरू

कमजोर वर्गका कृषकहरूलाई लक्षित गरी भूमिको पहुँच, साना सिंचाई सुविधा, खाद्यान्न सुरक्षा र विपद् व्यवस्थापनमा अनुदानको व्यवस्था गर्ने नीति लिइएको छ। यसले जोखिमपूर्ण वातावरणमा कृषकहरूको सुरक्षा र आयमा स्थिरता ल्याउने उद्देश्य राख्दछ।

८. बजार पहुँच र उत्पादन शृंखला विकास

कृषिवस्तुको संकलन, प्रशोधन, भण्डारण, प्याकिङ्ग र थोक बजार विकासमा अनुदानमार्फत सहयोग गरिने नीतिगत प्रतिबद्धता छ। यसले कृषकलाई उत्पादन र बजारको बीचमा स्थिर सम्बन्ध कायम गर्न र उपयुक्त मूल्य सुनिश्चित गर्न मद्दत पुऱ्याउछ।

२. कृषि विकास रणनीति सन् २०१५–२०३५

"कृषि विकास रणनीति (सन् २०१५–२०३५)) "Agriculture Development Strategy – ADS) नेपालको कृषि क्षेत्रको दीर्घकालीन रूपान्तरणका लागि तयार पारिएको महत्वपूर्ण दस्तावेज हो। यो रणनीति सरकारले सन् २०१५ मा स्वीकृत गरेको हो, र यसको समयावधि २० वर्ष)सन् २०१५ देखि सन् २०३५सम्मको छ। (कृषि विकास रणनीतिको विश्लेषण सहित यसै अध्ययन प्रतिबेदनको पृष्ठभूमिमा १.१.५ मा उल्लेख गरिएको छ। अब यहाँ कृषि विकास रणनीतिले अघि सारेका महत्वपूर्ण कार्यक्रमहरुको बारेमा चर्चा गरिएको छ।

नेपालले सन् २०२२ सम्म अतिकम विकसित रास्ट्रको स्तरबाट विकासोन्मुख रास्ट्र बनाउने र सन् २०३० सम्ममा मध्य आय भएको देशमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्यलाई सार्थक पार्न कोशेढुंगाको रुपमा हेरिएको यस कृषि विकास रणनीति कार्यान्वयनमा आएको १० बर्ष पुरा भएको छ। अहिले राज्यको २५ बर्षे संकल्प वि.सं. २१०० सम्ममा “समृद्ध नेपाल ,सुखी नेपाली” को राष्ट्रिय आकांक्षा सहितको दृढ संकल्प बोकेर नेपाल सरकार हिडिरहेको छ। यो यात्रामा समेत कृषि विकास रणनीतिले १५ बर्ष सम्म सँगै यात्रा गर्नेछ। नेपालको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि उच्च, दिगो र समावेशी आर्थिक वृद्धिलाई आवश्यक मानिएको छ, जसमा अर्थतन्त्रको मेरुदण्ड मानिएको कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण, औद्योगिकीकरण र विविधिकरण अपरिहार्य छ। यद्यपि, कृषि क्षेत्रमा खाद्यान्न र उत्पादन सामग्रीको अपर्याप्त आपूर्ति, पूर्वाधार विकासको कमी, श्रम शक्ति अभाव, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका चुनौतीहरूले यस क्षेत्रको अपेक्षित प्रगति अवरुद्ध गरिरहेका छन्। यी सबै पक्षहरूलाई ध्यानमा राख्दै, विगत र वर्तमान कृषि कार्यक्रमहरूको समीक्षा गरेर, नेपाल सरकारले सन् २०१५ (वि.सं. २०७२ साल) मा कृषि विकास रणनीति जारी गरेको हो।

यस रणनीतिले आर्थिक वृद्धिलाई तीव्रता दिने, जनजीवनको स्तर उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने लक्ष्य लिएको छ। यसको दूरदृष्टि आत्मनिर्भर, दिगो, प्रतिस्पर्धात्मक र समावेशी कृषि क्षेत्रको निर्माणमा केन्द्रित छ। कृषि विकास रणनीतिका चार मुख्य सम्भागहरू भनेका (१ (सुशासन, (२ (उच्च उत्पादकत्व, (३ (नाफामुखी व्यवसायीकरण र प्रतिस्पर्धात्मकता (४) हुन्। यस अन्तर्गत फूल्यागसिप कार्यक्रम, आधार कार्यक्रम र अन्य योजनाहरू समेटिएका छन्। रणनीतिको लक्ष्यअनुसार, सिंचाइ गरिएको क्षेत्रफल ८० प्रतिशत पुग्ने, जङ्गल क्षेत्रफल कम्तिमा ४० प्रतिशत कायम रहने, कृषि व्यापारले कुल गार्हस्थ उत्पादनमा २० प्रतिशत हिस्सा ओगट्ने, कृषि निर्यात ६९० मिलियन अमेरिकी डलर पुग्ने, कृषकहरूको पहुँच ३० प्रतिशतसम्म विस्तार हुने, वार्षिक कृषि उत्पादन वृद्धिदर ६ प्रतिशत कायम हुने र ग्रामीण गरीबी १० प्रतिशतमा झर्ने अपेक्षा

गरिएको छ। साथै खाद्यान्नमा आत्मनिर्भरता हासिल गरी अतिरिक्त निर्यात वृद्धि गर्ने र सम्पूर्ण नेपालीहरूको खाद्य पोषण सुरक्षामा सुधार ल्याउने योजनासमेत रहेको छ। यी लक्ष्यहरूको कार्यान्वयनपछि प्रत्येक पाँच वर्षमा समन्वय निकायहरू मार्फत समीक्षा र मूल्याङ्कन गरी रणनीतिलाई परिमार्जन गर्ने व्यवस्था पनि यसमा समेटिएको छ।

यस रणनीतिको मुख्य उद्देश्य "आधुनिक, समावेशी, र जलवायु संवेदनशील कृषि प्रणालीको विकास-गरी खाद्य सुरक्षाको सुनिश्चितता, ग्रामीण गरिबीको न्यूनीकरण, र कृषि व्यवसायबाट आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु" हो।

४.२.२. प्रमुख अनुदानका कार्यक्रमहरू

नेपालमा निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक, प्रतिस्पर्धात्मक र दिगो बनाउने उद्देश्यले कृषि तथा पशुपन्छी विकास मन्त्रालय र यसका निकायहरूले विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। कृषकहरूको उत्पादन लागत न्यूनिकरण र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न बाली तथा पशुधन बीमा, उखु कृषकहरुलाई प्रोत्साहन अनुदान, विशेष कृषि उत्पादन कार्यक्रम, विभिन्न वालीहरुमा न्यूनतम समर्थन मुल्य मार्फत सहयोग, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, बैदेशिक सहयोगमा संचालित विभिन्न आयोजनाहरु, पशुहरुमा लाग्ने रोगहरु नियन्त्रणका लागि खोप उत्पादन कार्यकम, पशुको नश्ल सुधारका लागि वीर्य उत्पादन तथा वितरण साथै प्रदेश र स्थानीय तहमा सशर्त अनुदान कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। यी कार्यक्रमहरू मार्फत बर्सेनी अर्बौं रकम बराबरको अनुदान सहयोग प्रदान गरिँदै आएको छ। यसरि कार्यन्वयनमा आएका मुख्य

कार्यक्रमहरुको बिगत ५ बर्षमा भएको अनुदान वितरणलाइ विश्लेषण गरि तल प्रस्तुत गरिएको छ। २०७६/७७ देखि २०८०/८१ सम्म बिगत ५ बर्ष कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रवाह भएको अनुदान विवरणको सारांश तलको तालिकामा प्रस्तुत छः

- तालिका २ : बिगत ५ आ. ब.मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट प्रवाह भएको अनुदानको विवरण (रकम रु हजारमा)

क्रस	कार्यक्रम योजना	२०७६/७७		२०७७/७८		२०७८/७९		२०७९/८०		२०८०/८१		जम्मा	
		अनुदान प्राप्त कृषक संख्या	अनुदान रकम	अनुदान प्राप्त कृषक संख्या	अनुदान रकम	अनुदान प्राप्त कृषक संख्या	अनुदान रकम	अनुदान प्राप्त कृषक संख्या	अनुदान रकम	अनुदान प्राप्त कृषक संख्या	अनुदान रकम	अनुदान प्राप्त कृषक संख्या	अनुदान रकम
१	अनुदानित रासायनिक मल वितरण - कृषि सामाग्री कम्पनि लिमिटेड	३४३३०००	५४०८१५४	३०१००००	६६८८१८५	२१६७०००	८१११२८९	२८८२०००	११९१४९९००	३३९१०००	१५७३८९४८	११४५००००	५५०९६४७९
२	अनुदानित रासायनिक मल वितरण- साल्ट ट्रेडिङ्ग कम्पनि लिमिटेड	१८४८०००	२९०६८६४	१९५५०००	२६१९८९६	१५२६००००	६२९५४६३	१९७४०००	११८१७६४९	२१५००००	८६३३४२२	७५७८०००	३२२६३२९४
३	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	३८२००	१२४२२००	४३५६०	१३९०७००	३१८९०	१३५९४००	२९७७५	१४१२३००	३६४४५	१२१४९३१	१४१६७०	६६१९९५३१
४	पशुपन्छी तथा माछा बिमा			१०४१	१२४२१६३	२८०३	१८४६१०३	२५५१	६०००००	८३१६८	१४४९८००	८९५६३	५१३८०६६
५	उखु किसानहरुलाई प्रोत्साहन			५१०४०	९६९७७३	४१०२५	७७९४६४	५२०९८	९९५१३४	६१४५७	१३२८०४९	२७४५७७	४०७२४२१

	अनुदान वितरण कार्यक्रम												
६	नेपाल लाइभस्टक इनोभेसन आयोजना					१३६	४२३५७४	समूह सहकारी ७७ प्राइभेट फर्म १०४	१२६३८७४	निजि फर्म १२९	२४००६४	१११५०	१९२७५१३
७	खाद्य तथा पोषण सुधार आयोजना			७५१३	१५३०८५	१०२९८	२६२३२५	१३०३७	३३९४१९	१५३७८	२९८९४८	४६२२६	१०५३७७९
८	कृषि क्षेत्र विकास कार्यक्रम			समूह सहकारी १५४	१०७११७	समूह सहकारी १८४	११५०१२	समूह सहकारी ४००	२९७८५८	समूह सहकारी ३६८	२८१९७३	२७६५०	८०१९६१
९	कृषि बिमा			४९८५	९२५७५	७२२२	१३८९५५	७५९०	१४०९४८	१४५८	१३२४०५	२१२५५	५०४८८३
१०	रानी जमरा कुलारिया सिँचाई आयोजना कृषि कार्यक्रम	४३५	५९००१	४३६	६७१६९	२४२	२५०८६	१०२	११९५०	८८	२१६५५	८५८	१८४८६१
११	ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना- REED	स्टार्ट अप ग्रान्टका कार्यक्रमहरु रहेकोमा लाभाग्राही छनौट र अन्य प्रक्रियागत ढिलाईका कारण चालु आ.ब. २०८१/८२ मा ३६६ किसानहरुलाई रु १ करोड ६४ लाख ४८ हजार रकम प्रवाह भएको।											

- स्रोतः अनुदानग्राही विवरण सार्बजनिकिकरणको लागि गठित समितिको प्रतिबेदन, कृषि मन्त्रालय

माथि उल्लेखित अनुदानका कार्यक्रमहरु नेपाल सरकार तथा दातृ निकायको लगानीमा संचालन भइरहेका कार्यक्रम तथा परियोजनाहरु हुन्। माथिको तालिकामा भएका विवरणहरुलाई नेपाल सरकार र दातृ निकायको लगानीमा भएका कार्यक्रमहरुलाई छुट्टाछुट्टै तल लेखाचित्रमा प्रस्तुत गरिएको छ:

नेपाल सरकारले आफ्नो स्रोत व्यवस्थापनमा संचालन गरिरहेका कार्यक्रमहरुको विवरण:



	अनुदानित रासायनिक मल वितरण -कृषि सामाग्री कम्पनि लिमिटेड	अनुदानित रासायनिक मल वितरण- साल्ट ट्रेडिङ्ग कम्पनि लिमिटेड	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	पशुपन्छी तथा माछा बिमा	उखु किसानहरुलाई प्रोत्साहन अनुदान वितरण कार्यक्रम	कृषि बिमा
जम्मा अनुदान रकम	५५०९६४७९	३२२६३२९४	६६१९९५३१	५१३८०६६	४०७२४२०	५०४८८३
लावान्भित किसान	११४५००००	७५७८०००	१४१६७०	८९५६३	२७४५७७	२१२५५

- चित्र २: नेपाल सरकारले आफ्नो स्रोत व्यवस्थापनमा संचालन गरिरहेका कार्यक्रमहरुको विवरण

दातृ निकायको लगानीमा संचालन भएका कार्यक्रमहरु:



- चित्र ३: दातृ निकायको लगानीमा संचालन भएका कार्यक्रमहरुको विवरण

४.२.३. विशेष योजना तथा अभियानहरू :

क. प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना स्वदेशी लगानीमा आमा सुरु गरिएको ७४/२०७३ .ब. कृषिविकास रणनीति कार्यान्वयनको सहयोगी १० बर्षे परियोजना हो। यस परियोजनाले कृषि उत्पादन सामग्रीको व्यवस्था प्रशोधन तथा बजारीकरणको ,बस्तु उत्पादनमा यान्त्रिकीकरण/बाली , लागि आबश्यक पूर्वाधारको व्यवस्था लगायत क्रियाकलाप मार्फत कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकरणको परिकल्पना गरेको छ।

यस आयोजनाको मुख्य रणनीति भनेको कृषिमा यान्त्रिकीकरणव्यवसायीकरण र आधुनि ,किकरण रहेका छन् यी रणनीति पुरा गर्न यस परियोजनाले विभिन्न बाली तथा पशुपन्छीहरुको बिशेष ,विकास कार्यक्रमहरु संचालन गरिरहेको छ। हाल परियोजना अन्तर्गत १ परियोजना व्यवस्थापन एकाई ,

कृषि ज्ञान केन्द्र १४४ कार्यान्वयन एकाई साथै सातै प्रदेशका मातहतमा रहेका ४८, बिज्ञ केन्द्रहरु र ७५३ वटा पालिकाको समन्वयमा विभिन्न बालि तथा बस्तुहरुका २१ सुपरजोनजोन २०६ ,, १६६४ ब्लक र ९१६२ पकेट क्षेत्रहरु संचालन गरिरहेको छ।

यस परियोजनाले मुख्य रुपमा निम्न कार्यक्रमहरु संचालन गरिरहेको छः

१. कस्टम हायारिग सेन्टर स्थापना

कृषिमा यान्त्रिकीकरण प्रबर्द्धन गर्ने उद्धेश्यका साथ उत्पादन देखि बजारीकरण सम्म आवश्यक पर्ने सबै प्रकारका मेसिनरी औजार उपकरणको सेटसहित सेवा उपलब्ध गराउन ५०अनुदानमा % फागुनसम्म आइपुग्दा कस्टम ८२/२०८१ .ब.कस्टम हायारिग सेन्टर स्थापना भएका छन्। आ ६०६ हायारिग सेन्टरको संख्यापुगेको छ र ५४ हजार १ सय ८२ विभिन्न प्रकारका साना मेशिनरी औजार वितरण भएका छन्।

२. चक्लाबन्दी खेति बिस्तार

खेति योग्य जमिनमा उत्पादन र उत्पादकत्व बढाउन साथै उत्पादन लागत न्यूनीकरण गर्न ससाना -टुक्रामा छरिएर रहेका जमिनको चक्लाबन्दी गरि वा एकल बालीको माध्यमबाट चक्लाबन्दिमा खेति गर्ने समूहसहकारी वा निजि उद्यमीहरुलाई परियोजनामार्फत उत्पादन सामग्री यान्त्रिकीकरण र , फागुनसम्ममा देशका विभिन्न २०८१ सिँचाई क्षेत्र बिस्तारमा अनुदान उपलब्ध गराइदै आएको छ। हेक्टरमा चक्लाबन्दी खेति बिस्तार भएको छ। ७७९० स्थानमा

३. क्षेत्र बिस्तार कार्यक्रम

परियोजना कार्यन्वयन एकाईहरुबाट संचालित सम्भागहरु जोनसुपरजोनमा तोकिएका / मकै गहुँ लगायतका ,फागुनसम्ममा धान २०८१ बस्तुहरुको क्षेत्र बिस्तार भइरहेको छ।/बाली ६३६९ हेक्टर पुगेको छ। यसैगरि तरकारीको ७२ सय ४ हजार ३४ खाद्यान्न बालीको क्षेत्रफल हेक्टरमा निर्माण भएको छ। १८४० हेक्टर र मत्स्यपोखरी ३४८९ आलु ,हेक्टर

४. साना सिँचाई तथा सौर्य सिँचाई प्रणाली निर्माण तथा मर्मत सुधार

परियोजनाले जोन तथा सुपरजोनहरुका कार्यक्रममा सहभागी कृषक समूहउपभोक्ता समूह ,सहकारी , अनुदान सहयोगमा साना सिँचाई %८५ तथा निजि कृषि ब्यबसायीहरुलाइ सम्झौताका आधारमा सिँचाई प्रणाली लगायतका साना थोपा ,सौर्य सिँचाई ,स्यालो ट्युबेल ,सिँचाई पोखरी ,कुलो निर्माण

सिँचाई सम्बन्धि पूर्वाधारविकासमा सहयोग उपलब्ध गराईरहेको छ। यो कार्यक्रमबाट २०८१ फागुनसम्ममा ३१ हजार ३ सय ६ हेक्टर क्षेत्रमा सिँचाई सुबिधा बिस्तार भएको छ।

५. कृषि यान्त्रिकीकरण कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मुख्य रणनीति भनेको नै कृषि यान्त्रिकिकरण रहेको छ उपकरणहरुमा अनुदानको ,यस कार्यक्रमले साना तथा ठुला यन्त्र ,व्यवस्था गरेको छ। कृषि यान्त्रिकीकरण कार्यक्रमको मुख्य लक्ष्य कृषि क्षेत्रमा लागत न्यूनीकरण गर्दै पूर्ण यन्त्रबाट खेतीको सुरुवात गर्नु। यस क्रममा आकृषि औजार ८२ सय १ हजार १९ मा मात्रै ८१/२०८० .ब./ यन्त्र तथा उपकरणहरु बितरण भएको थियो सो समयमा ,यान्त्रिकीकरण सहयोग कार्यक्रममार्फत वितरण भएका छन्।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले माथि उल्लेख भएका कार्यक्रमभन्दा बाहेकका कार्यक्रमहरु पनि संचालन गरिरहेका छ। यस परियोजनाले स्थानीय तहको लागत सहभागितामा बिउ स्रोत केन्द्र स्थापना गरिरहेको छ२०८० आर्थिक बर्ष ,/८१ सम्ममा यस्ता स्रोत केन्द्रहरु ८६ वटा स्थापना भएका छन्। यसै गरि ८५ अनुदानको %व्यवस्था गर्दै स्वस्थ र गुणस्तरीय तरकारी, फलफुल मसलाबाली तथा घासबालीका बिरुवा उत्पादनका लागि सरकारी /निजि / यस्ता नर्सरी ,समूहको साझेदारिमा प्रविधियुक्त नर्सरी स्रोत केन्द्रको स्थापना गरेको छ/सहकारी २०८०/८१ सम्ममा ५०१ वटा स्थापना तथा सुदृढिकरण भएका छन्।

यस परियोजनाले कृषि उत्पादन देखि लिएर भण्डारणप्रशोधन तथा बजारीकरण सम्ममा सहयोग , गर्दै आइरहेको छ।

ख. रासायनिक मलमा अनुदान

नेपाल सरकारले कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको लक्ष्यका लागि रासायनिक मलमा अनुदान दिँदै आएको छ। कृषि बजेटको ठूलो हिस्सा यही शीर्षकमा खर्च हुने गरेको छ, जसअन्तर्गत युरिया, डीएपी र पोटासजस्ता मल सहुलियत मूल्यमा किसानलाई उपलब्ध गराइन्छ। यसले किसानको उत्पादन लागत घटाउन, धान, मकै र गहुँजस्ता मुख्य बालीहरूको उत्पादन बढाउन र बजारमा खाद्यान्न आपूर्ति स्थिर राख्न योगदान पुऱ्याएको छ। २०७६/७७ देखि २०८०/८१ सम्म ५ बर्षमा रासायनिक मलमा मात्र करिब रु.९० अर्ब रकम अनुदानको रुपमा खर्च भएको छ। तर, अनुदानयुक्त मलमा पहुँच असमान, आपूर्ति ढिलाइ, तस्करी र कालोबजारीजस्ता समस्या बारम्बार देखिन्छन्। वास्तविक किसानभन्दा बिचौलियाले बढी लाभ लिने प्रवृत्ति, जैविक मललाई बेवास्ता गर्ने प्रवृत्ति, र दीर्घकालीन रूपमा माटोको उर्वराशक्ति घट्ने असरसमेत देखिन थालेको छ। यसैले रासायनिक मल

अनुदानले तत्कालीन उत्पादन वृद्धि र लागत न्यूनीकरणमा योगदान गरे पनि दिगो कृषि विकासका लागि वैकल्पिक मल स्रोत, स्थानीय उत्पादन प्रवर्द्धन, वितरणमा डिजिटल प्रणाली र किसानको वास्तविक पहिचान सुनिश्चित गर्न सुधार आवश्यक देखिन्छ।

ग. कृषि बिमा

नेपाल सरकारले कृषि क्षेत्रको जोखिम न्यूनीकरण गर्ने उद्धेश्यले आर्थिक बर्ष २०७०को ७१/ बजेट मार्फत कृषि बिमामा अनुदान दिनेव्यवस्था गरेको थियो र "बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका २०७०" ले कार्यान्वयनमा ल्याएको हो। २०७० साउन १ गते देखि लागु हुदा कृषि बिमामा ५० मात्र अनुदान %व्यवस्था रहेको थियो र आ .ब . ७५ प्रतिशतलाई बढाएर %५० मा ७२/२०७१% अनुदान दिन सुरु भएको थियो। आ .ब. प्रतिशत कायम भइ हाल सम्म नेपाल ८० मा यो अनुदान ७९/२०७८ सरकारले कृषि अनुदानमा ८०हजार रुपैया ६६ लाख ८० करोड १३ अर्ब ५ बर्षमा ४ अनुदान दिइरहेको छ। बिगत % ५० अनुदानको रुपमा पशुपन्छी तथा मत्स्यपालनमा मात्र अनुदान दिएको थियो भने बाली बिमामा हजार रुपैया अनुदान प्रदान गरेको छ। ८३ लाख ४८ करोड

२०७०/७१ देखि २०८०/८१ सम्म कृषि तथा पशुपन्छी (मत्स्यसहित) बिमामा कुल बिमाङ्क रकम रु.२ खर्ब ५३ अर्ब ७० करोड ७२ लाख पुगेको छ। यस अवधिमा कृषकले तिरेको बिमा शुल्क रु.११ अर्ब ९९ करोड ७३ लाख रहेको छ भने बिमा प्रिमियमको रूपमा रु.९ अर्ब २१ करोड २० लाख अनुदान उपलब्ध गराइएको छ। २०७८ आषाढ मसान्तसम्मको बिमा दाबी रकम रु.९ अर्ब १६ करोड ७२ लाख पुगेको छ।

हाल कृषकहरूको शतप्रतिशत पहुँच सुनिश्चित भएको अवस्थामा, बिमा प्रिमियममा उपलब्ध गराइने अनुदान रकम लगभग २५ गुणाले बढ्ने अनुमान गरिएको छ।

साथै, प्रति कृषक परिवारको बिमाङ्क रकममा सीमाङ्कन गरी साना र विपन्न कृषकलाई प्राथमिकतामा राखेर प्रिमियममा अनुदान दिने व्यवस्था नीति र कानुनमार्फत स्पष्ट रूपमा लागू गर्नुपर्ने आवश्यकता रहेको छ।

घ. उखु किसानहरुलाई प्रोत्साहन अनुदान बितरण कार्यक्रम

नेपाल सरकारले प्रत्येक बर्ष उखु किसानलाई लक्षित् गरेर अनुदान उपलब्ध गराइरहेको छ। उखु अनुदान रकम उखुको न्युनतम समर्थन मूल्यउखुको आन्तरिक उत्पादन आदिको आधारमा निर्धारण , देखि लागु ७६/२०७५ .ब.गरिएको छ। आभएको यो कार्यक्रम अन्तर्गत ६५ रुपैयाँ २८ पैसा तोकिएको रकम आ ७० सम्म आइपुग्दा ८२/२०८१ .ब.रुपैयाँ प्रति क्विटल रहेको छ। आ .ब. ८०/२०७९ ,७९/२०७८ ,७८/२०७७, र २०८० लाख २४ करोड ७ अर्ब ४ मा जम्मा ८१/ हजार २१रुपैयाँ अनुदान वितरण भएको छ र यी ४ बर्षमा बार्षिक सरदर ५१ हजार भन्दा बढी उखु किसानहरु लावान्भित भएका छन्।

ङ. नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

यो आयोजना नेपाल सरकारले विश्व बैंकको सहयोगमा आब २०७४सम्म ८१/२०८० देखि ७५/ बर्षे आयोजना हो। यस आयोजनाको मुख्य ६ संचालन गरेकोउद्धेश्य पशु सेवा क्षेत्रको क्षमता अभिवृद्धि आधुनिकीकरण साथै पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि ,गर्ने रहेको थियो।

यो आयोजनाले यो आयोजना ५ प्रदेशका २८ जिल्लाका २८९ स्थानीय तहमा कार्यन्वयन भएको थियो। समासिको समयमा १३५९ कृषक समूह तथा सहकारी संस्थाहरुमा कार्यक्रम संचालन भएको थियो र तिनीहरुमा आबद्ध २ लाख ३५ हजार किसानहरु लावान्भित भएका थिए। यो आयोजनाको बिचमा भएको COVID-१९ को प्रभावले कार्यान्वयनमा समस्या तथा ढिलासुस्ती भएको थियो। विश्व बैंक मिलियन अमेरिकी डलर ऋण सहयोग प्राप्त ११५ मा २०१८ जनवरी २१ सँग (आईडीए) हुने गरी सम्झौता भएको थियो। तर, २४ जुन २०२४ सम्म तीन पटक आयोजना पुनःसंरचना भई सहयोग रकम घटेर ५९.१६ मिलियन अमेरिकी डलर प्रतिशत ५१.४४)) कायम भएको छ। सोअनुसार आयोजना लागत रुलाख पुगेको छ। ६८ करोड ४४ अर्ब १३ .

आयोजना अवधिमा नेपाल सरकार, अन्तर्राष्ट्रिय विकास सङ्घ, वित्तीय संस्था तथा लाभग्राहीको संयुक्त योगदानसहित जम्मा रु लाख ७९ करोड ४४ अर्ब ७ .(५५प्र ३८.तिशत५३ खर्च भई (.६० प्रतिशत भारित प्रगति हासिल भएको विवरण प्राप्त भएको छ। सम्झौताअनुसार कार्यक्रम सञ्चालन भए पनि बजेट खर्च अपेक्षित ढंगले हुन नसकेको देखिन्छ[+++]।

च. ब्याज अनुदान कार्यक्रम

[+++] महालेखा परीक्षण प्रतिवेदन २०८२

नेपालमा बैंक तथा वित्तीय संस्थाहरूले कृषि क्षेत्रमा सहुलियतपूर्ण ऋण प्रदान गर्दै आएका छन्। नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई तोकिएको क्षेत्रगत कर्जा प्रवाह गर्न बाध्य बनाएको नीतिअन्तर्गत कृषिक्षेत्र प्रमुख प्राथमिकता क्षेत्रको रूपमा रहेको छ। नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई वि.सं. २०८३ असार मसान्त सम्ममा कुल ऋणको कम्तिमा १५ % कृषि क्षेत्रमा लगानी गर्न अनिवार्य गरेको छ। साथै, नेपाल सरकारले नेपाल रास्ट्र बैंकमार्फत सहुलियतपूर्ण ऋण कार्यक्रम अन्तर्गत कृषकहरूलाई २६ देखि %% सम्म ब्याज अनुदान प्रदान गर्दै आएको छ। नेपाल राष्ट्र बैंकका तथ्याङ्कअनुसार २०८१ आषाढ मसान्तसम्म सहुलियतपूर्ण कर्जाका लागि रु.१ खर्ब ८७ अर्ब ७० करोड ऋण प्रवाह भएको छ। यसअन्तर्गत ५ प्रतिशत ब्याजदरमा मात्र २०८१ आषाढ मसान्तसम्म रु.२४ अर्ब ८९ करोड १० लाख ब्याज अनुदान प्रदान गरिएको छ, जसमा चालु वर्षको रु.२ अर्ब ५० करोड समेत समावेश छ। त्यस्तै, सहुलियतपूर्ण कर्जाको बक्यौता रकम सोही अवधिमा रु.१ खर्ब २६ करोड ८२ लाख पुगेको छ। तर, बैंकहरूले सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानलगायतका खर्चको विवरण स्पष्ट रूपमा तयार नगरेको देखिन्छ। अतः सम्बन्धित विवरण तयार पार्नुका साथै कर्जा असुलीलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

सहुलियतपूर्ण कर्जा अन्तर्गत व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २०८१ असार मसान्तसम्म ४६ हजार ३५६ ऋणीलाई रु.१ खर्ब ११ अर्ब २५ करोड ५९ लाख ऋण स्वीकृत भएको छ। सोमध्ये रु.८६ अर्ब ९ करोड ८७ लाख मात्र प्रवाह भएको छ। स्वीकृत ऋणमध्ये "क" वर्गका बैंक तथा वित्तीय संस्थाबाट ४१ हजार ६८९ ऋणीलाई रु.७७ अर्ब ५३ करोड ६१ लाख, "ख" वर्गका संस्थाबाट ४ हजार २०० ऋणीलाई रु.८ अर्ब ४ करोड ९९ लाख, "ग" वर्गका संस्थाबाट ४४५ ऋणीलाई रु.१ अर्ब २९ करोड ८४ लाख, र "घ" वर्गका संस्थाबाट २२ ऋणीलाई रु.१ करोड ४३ लाख ४९ हजार प्रवाह भएको छ। यस खण्डमा लगानी भएको कर्जाको प्रतिफल मूल्याङ्कन हुनुपर्ने देखिन्छ।

नेपालमा कृषिक्षेत्रतर्फ वित्तीय संस्थाहरूको लगानी विस्तार हुँदै गएको छ र नीतिनिर्देशनले त्यसलाई गति प्रदान गरेको छ। तथापि, अझै पनि कृषि कर्जाको पहुँचमा महिला, साना तथा सीमान्तकृत कृषकहरूको वास्तविक सहभागिता न्यून छ, जसको कारण धितोको अभाव, बैंकिङ पहुँचको समस्या, र वित्तीय साक्षरताको कमी हो।

- तालिका ३: बैंक तथा वित्तीय क्षेत्रबाट कृषि क्षेत्रमा प्रवाह भएको ब्याज अनुदान तथा ऋणको विवरण

(रु हजारमा)

ऋणको प्रकार	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९	आ.ब. २०७९/८०	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२ (जेष्ठ सम्म)
कुल ब्याज अनुदान	६७९६४७९	१६९६८५०८.७४	२२३९०८१६.०९	२४८९०९५९.८७	२८४९०३८९.७२

स्रोतः रास्ट्र बैंकका प्रकाशनहरु



- चित्र ४: बैंक तथा वित्तीय क्षेत्रबाट कृषि क्षेत्रमा प्रवाह भएको ब्याज अनुदान तथा ऋणको विवरण

छ. कृषि क्षेत्र विकास कार्यक्रम (ASDP)

कृषि क्षेत्र विकास कार्यक्रम नेपाल सरकार र कृषि विकासका लागि अन्तराष्ट्रिय कोष)IFADको (ऋण तथा अनुदानद्वारा संयुक्तरुपमा संचालन गरिएको कार्यक्रम हो। यस परियोजनाको कार्यक्षेत्र कर्णाली प्रदेशका सबै जिल्लाहरु रहेका छन्। यस योजनाको मुख्यउद्धेश्य कर्णाली प्रदेशमा उच्च

मूल्य भएका कृषि उत्पादनको मूल्य शृंखला सिर्जना गर्दै गरिबी र पोषण असुरक्षा घटाउनु रहेको छ। कृषि क्षेत्र विकास कार्यक्रममा छनौट भएका मूल्य शृंखला बस्तुहरुमा स्याउअदुवा ,, बेसार , टिमुर ,बेमौसमी तरकारी ,बाखा, मह, दूधजन्य पदार्थ, सुन्तला जातका फलफुलआलु ,ओखर ,, र स्थानीय बालि रहेका छन्।

यस परियोजनाको उद्धेश्य ३५किसानहरुलाई प्रत् ०००,यक्ष रुपमा जोड्ने उद्धेश्य राखेको थियो साथै परियोजनाले विकास गरेको संरचनाबाट अप्रत्यक्ष रुपमा ४०किसानलाई जोड्ने लक्ष्य राखेको ०००, थियो। आयोजनाले प्रकाशन गरेको बार्षिक प्रगति विवरण २०७९ १०९८ अनुसार अनुसार ८०/ जना किसानहरु प् ३०,२९७ कृषक समूह तथा सहकारीहरुकारत्यक्ष लावान्वित भएका थिए। यस योजनाले ग्रामिण कृषि सडक, साना सिँचाई आयोजनाकृषि बजार , लगायतका भौतिक संरचनामा लगानी गरेको छ। साथै किसानहरुलाई वित्तीय शिक्षा, खाद्य पोषण शिक्षापोषण बगैचा निर्माणमा , सहयोग गर्दै दिगोविकासका लक्ष्यहरु गरिबीमुक्त र शुन्य भोकमरी प्राप्त गर्न खोजेको छ।

ज. खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

भूकम्प प्रभावित गोरखा, धादिङ, सिन्धुपाल्चोक र दोलखा तथा बाढी प्रभावित धनुषा, महोत्तरी, सिरहा र सप्तरी समेत ८ जिल्लाको १६ स्थानीय तहमा खाद्य तथा पोषण सुरक्षासम्बन्धी कार्यकम संचालन गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि तथा खाद्य सुरक्षा कार्यक्रम) GAFSP(को आर्थिक सहयोगमा यो आयोजना २०७५/७६ देखि संचालन हुँदै आएको छ। आयोजना व्यवस्थापन कार्यालय ललितपुरमा रहेको यो आयोजना कार्यान्वयनको लागि गोरखा, सिन्धुपाल्चोक, धनुषा र सप्तरीमा आयोजना क्लस्टर एकाइ रहेका छन्। यो परियोजना अन्तर्राष्ट्रिय कृषि र खाद्य सुरक्षा कार्यक्रम)GAFSPको आर्थिक सहयोग तथा नेपाल सरकारको (करोड २ यस आयोजनाको पहिलो चरणको कुल लागत ,संयुक्त लगानीबाट संचालित कार्यक्रम हो २० लाख अमेरिकी डलर रहेको थियो। पहिले चरण सन् २०१८ मा सुरु भइ सन् २०२४ जुनमा अन्त्य भयो हाल यो परियोजनाको दोस्रो चरण चलिरहेको छ।

आयोजनाको ६ बर्षे अवधिमा विश्व बैंकको अनुदान सहयोगवाट रु करोड ९७ अर्ब २.७५ लाख र नेपाल सरकारको रुलाखसमेत रु ७० करोड ७८..३ अर्ब ७६ करोड ४५ लाख खर्च हुने उल्लेख भएकोमा यो बर्ष रुलाख समेत यस वर्षसम्म रु ७६ करोड ३७..३ अर्ब ३८ करोड ६९ लाख प्रतिशत ८९.९६)) खर्च भएको छ। हाल आयोजनाको दोस्रो चरण कार्यान्वयनमा रहेको छ। यस आयोजनाको कार्यक्षेत्रको रुपमा ८ जिल्लागोरखा,धादिङ :, सिन्धुपाल्चोकदोल ,खा ,महोत्तरी ,धनुषा , गाउँपालिका रहेका छन्। १६ सिरहा र सप्तरी जिल्लाका

झ. ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

विश्व बैंकको ऋण सहयोगमा सञ्चालित यस आयोजना २०७७/७८ देखि २०८१/८२ सम्मको अवधिसम्म कार्यान्वयनमा रहेको छ, जसको उद्देश्य मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व-पश्चिम राजमार्ग, भालुवाङ—रोल्पा राजमार्ग र महाकाली राजमार्गसहितका पाँच प्रमुख आर्थिक कोरिडोर वरपरका ३५ जिल्ला भित्र पर्ने १७१ स्थानीय तहमा ग्रामीण उद्यमशीलता विकास गर्नु हो। आयोजनाको केन्द्रीय निर्देशनालय काठमाडौंमा रहेको छ भने कार्यान्वयन सुदृढ बनाउन डडेलधुरा, बुटवल, बर्दिवास र धनकुटामा आर्थिक कोरिडोर कार्यालय स्थापना गरिएका छन्।

विश्व बैंक सँग २१ डिसेम्बर २०२० मा भएको प्रारम्भिक सम्झौताअनुसार कुल लगानी अमेरिकी डलर १२० मिलियन रहने उल्लेख गरिएको थियो, जसमा ८० मिलियन ऋण र ४० मिलियन लाभग्राहीको योगदान रहने व्यवस्था थियो। तर, अक्टोबर २०२३ मा भएको छैटौं पुनरावलोकनपछि दातृ निकायको ऋण ३७.५ मिलियन र लाभग्राहीको योगदान १३.५ मिलियनसहित कुल ५१ मिलियन कायम भएको देखिन्छ। आयोजना अवधिभर रु. ४ अर्ब ८७ करोड ५० लाख खर्च गर्ने लक्ष्य राखिएकोमा २०८०/८१ सम्म रु. १ अर्ब ६२ करोड ३५ लाख मात्र खर्च भएको छ। खर्चको विवरण हेर्दा सम्भाग १ मा लाभग्राही समूहले मात्रै भुक्तानी लिन सकेकाले ०.१६ प्रतिशत जति न्यून खर्च भएको छ भने सम्भाग २, ३ र ४ मा क्रमशः ६४.९३ प्रतिशत, ४२.८६ प्रतिशत र ७४.३६ प्रतिशत खर्च भएको पाइन्छ। आयोजना अवधि ४ वर्ष अर्थात् कुल समयको करिब ८० प्रतिशत सकिँदा समेत कुल लागतको ३३.३० प्रतिशत मात्र खर्च हुनु आयोजनाको कार्यान्वयन पक्ष अपेक्षाकृत कमजोर रहेको स्पष्ट देखिन्छ, जसकारण लक्षित प्रगति हासिल गर्न थप ध्यान दिनु आवश्यक देखिन्छ।

परिच्छेद ५- अध्ययनबाट देखिएको स्थिति

५.१ अध्ययन क्षेत्र अनुसार प्राप्त बिवरण

विभिन्न चरणमा कृषक, स्थानीय तह, समूह, सहकारी, फर्म तथा अन्य सरोकारवालाहरु, प्रादेशिक तहका निकायहरु र सङ्घ सरकारका निकायहरुसँग छुट्टाछुट्टै ४ किसिमले प्रश्नावलीहरु निर्माण गरि गरिएको स्थलगत अध्ययनबाट निम्नानुसारको बिवरणहरु प्राप्त भएका छन्।

५.१.१ कृषकहरुसँगको अन्तरक्रिया

यस अध्ययन प्रतिबेदनको २.२.२ को 'क'मा नमुना कृषकहरुको संख्या निर्धारण विधि उल्लेख गरिएको छ। समग्रमा, यस अध्ययनले कृषि अनुदान प्राप्त गरेका विभिन्न खालका किसानहरूको अनुभव र धारणा समेट्न प्रत्यक्ष र अप्रत्यक्ष दुवै माध्यमको प्रयोग गरेर समावेशी, क्षेत्रीय सन्तुलनयुक्त र प्रमाण आधारित जानकारी संकलन गर्न सफल भएको छ। यसले प्रतिवेदनको विश्वसनीयता तथा निष्कर्षको वस्तुगतता अझ बलियो बनाएको छ। प्राप्त बिवरणका आधारमा संकलन गरिएको तथ्यांकहरु तलका तालिकाहरु तथा वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

- तालिका ४: अध्ययनका लागि लिइएका नमुना जनसंख्याको विवरण

अध्ययनमा समाबेशी नमुना छनौट							
स्थानीय तहको नाम	प्रदेश	कुल नमुना	पुरुष	महिला	जनजाति	दलित	अन्य
लालीगुराँस नगरपालिका तेह्रथुम ,	कोशी	१६	८	८	९	२	५
गणेशमान चारनाथ नगरपालिका धनुषा ,	मधेश	४५	२२	२३	५	३	३७
लिखु तामाकोशी गाउँपालिका रामेछाप ,	बाग्मती	१९	९	१०	११	२	६
मादी गाउँपालिका कास्की ,	गण्डकी	१६	८	८	७	४	५
लमही नगरपालिका दाङ ,	लुम्बिनी	६०	२९	३१	४३	३	१४
बिरेन्द्रनगर नगरपालिका सुर्खेत ,	कर्णाली	१५५	७५	८०	३३	२६	९६
कृष्णपुर नगरपालिकाकन्चनपुर ,	महाकाली	७३	३५	३८	२६	११	३६
जम्मा		३८४	१८५	१९८	१३४	५१	१९९

१. समावेशीताको अबस्था

अध्ययनका क्रममा छनौट गरिएका कृषकहरुलाई समाबेशी दृष्टिकोणले हेर्ने प्रयास गरिएको छ। पालिकाको जनसंख्या र जातिगत जनसंख्याको आधारमा नमुना संख्या निर्धारण गरिएको थियो। यसलाई तलको स्तम्भ चित्र मार्फत देखाइएको छ ;



- चित्र ५: अध्ययनमा सहभागी किसानहरुको समाबेशीताको आधारमा बर्गिकरण गरिएको विवरण

२. अनुदान सम्बन्धी जानकारी अवस्था विश्लेषण

कृषि अनुदान प्रभावकारिता अध्ययनको उद्देश्य किसानहरूमा अनुदानसम्बन्धी जानकारीको पहुँच, बुझाइ र उपयोगको अवस्था बुझ्नु हो। सर्वेक्षणमा सहभागी भएका प्रत्येक किसानहरूसँग तपाईंलाई " कृषि अनुदानसम्बन्धी जानकारी छ कि छैन?" भन्ने मूल प्रश्न सोधिएको थियो। यस प्रश्नमार्फत अनुदानबारे सचेतना, सूचनाको पहुँच, र सम्बन्धीत निकायहरूको जानकारी प्रवाहको प्रभावशीलताको मूल्याङ्कन गर्न खोजिएको हो।

कृषि अनुदान कार्यक्रमको प्रभाव विश्लेषण कार्यले वितरणमा मात्र नभई किसानहरूले त्यसबारे जानकारी प्राप्त गर्न सक्ने सशक्त प्रणालीको उपस्थिति वा अभावसँग पनि गहिरो सम्बन्ध राख्दछ। जानकारीको अभावमा किसानहरू अनुदान उपयोगमा पछाडि पर्ने सम्भावना रहन्छ, जसले कार्यक्रमको समग्र सफलतामा असर पार्न सक्छ। यसैले, जानकारीको अवस्थाबारे तथ्यांक प्रस्तुत गर्नु कृषि नीतिनिर्माता, कार्यान्वयनकर्ता र सरोकारवालाहरूका लागि अत्यन्तै उपयोगी हुनेछ। अब सोही प्रश्नमा आधारित उत्तरको संक्षिप्त विवरण प्रतिशतका आधारमा तलको वृत्त चित्र मार्फत प्रस्तुत गरिएको छ।

सर्वेक्षण तथा सामूहिक छलफलमा ३८४ जना सहभागीहरुमध्ये ८२ प्रतिशतभन्दा बढीलाई सरकारले कृषिमा अनुदान दिने गरेको छ भन्ने बारे जानकारी रहेको पाइएको छ। यो जानकारीलाइ थप पुष्टि गर्दा अनुदान सम्बन्धी जानकार छन् भन्नुको अर्थ अनुदान कार्यक्रमको सुचना प्रवाह जानकारी सबैले पाएका छन् भन्ने होइन, यसले बिभिन्न तह र निकायहरुले कृषि अनुदान दिन्छ भन्ने बिसयमा थाहा

भएका किसानहरुको तथ्यांक पुस्टि गर्छ। यस पछिको विश्लेषणमा कृषिमा अनुदान हुन्छ भन्ने थाहा भएका तर अनुदान कार्यक्रमहरुको सुचनाको जानकारी थाहा नभएका किसानहरु समेत प्रत्यक्ष सुचनाको पहुँच भन्दा बाहिर छन् भन्ने बुझाउछ। कृषि अनुदानबारे जानकारी नै नभएकाहरु करिव १८ प्रतिशत देखिए। यसमा दलित तथा महिलाहरुको संख्या बढी छ। यी १८ प्रतिशत चाहि पूर्ण रुपले सुचना तथा जानकारीबाट बन्चित रहेको देखियो।

कृषि अनुदान सम्बन्धी जानकारीको अवस्थाले अनुदान प्रदायक साना सिमान्त किसानको पहुँचसम्म पुग्न नसकेको देखिन्छ। कतिपय रासायनिक मल प्रयोग गरेका किसानहरुलाई त रासायनिक मलमा राज्यवाट किन्दाखेरी नै अनुदान प्राप्त भएको हुन्छ भन्ने समेत थाहा नभएको पाइयो। राज्यले केहि दिदैन भन्ने संख्यामा रासायनिक मल प्रयोगकर्ता समेत भेटीए, जबकी राज्यको कुल कृषि बजेटको आधा बजेट रासायनिक मल अनुदान वितरणमा खर्च हुने गरेको छ।



- चित्र ६: कृषि अनुदान सम्बन्धि जानकारीको अबस्था

त्यसै गरि, सर्वेक्षणका क्रममा ३८४ मध्ये अनुदान हुन्छ भन्ने थाहा पाएका ३१६ जनालाई प्रस्तुत गरिएको प्रश्नमा “)तपाईंले कृषि अनुदानबारे पहिलो पटक कहाँबाट थाहा पाउनुभयो?”) प्राप्त उत्तर बमोजिम अनुदान हुन्छ भन्ने थाहा पाएका सबै किसान सुचनाको पहुँचमा छन् भन्ने देखिएन, जसले अनुदानसम्बन्धी जानकारी किसानहरूमा कसरी फैलिएको हो भन्ने विषयमा अन्तर्दृष्टि प्रदान गर्छ।

यो प्रश्नबाट प्राप्त विवरणले किसानहरूमा अनुदानसम्बन्धी सूचनाको प्रमुख स्रोत के-के थिए भन्ने विषयमा स्पष्ट संकेत दिन्छ, जसको आधारमा भविष्यमा सूचना प्रवाहका माध्यमहरूलाई अझ प्रभावकारी बनाउने रणनीति निर्माण गर्न सकिन्छ। त्यसैगरी, सूचना प्राप्त गर्ने माध्यमले किसानको निर्णय प्रक्रिया, अनुदानमा पहुँच र सहभागितामा प्रभाव पार्ने हुँदा यसबारेको विश्लेषण अनुदानको प्रभावकारिता मूल्याङ्कनमा अत्यन्त सान्दर्भिक हुन्छ।

कृषि अनुदाबारे सुचना थाहा पाएका १११ जना किसानमध्ये सबैभन्दा बढी २० प्रतिशतले स्थानीय सरकारका शाखा तथा निकायहरुले प्रकाशन गरेको सूचना तथा टेलिफोन सम्पर्क हरुबाट जानकारी पाएका थिए। दोस्रोमा कृषक समूहको बैठक तथा अगुवाहरुबाट ५% ले सुचना प्राप्त गरेका थिए। अहिले प्रायः प्रयोगकर्ता हुने सामाजिक संजालबाट ४%, रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाहरुको माध्यमबाट ३ प्रतिशत, छिमेकी साथीहरुबाट १% र श्रोत यकिन नभएको तथा अन्य श्रोतहरुबाट (जस्तै डेरी, मेसिनरी पसलहरु) २% ले अनुदान सम्बन्धि सुचना हासिल गरेको देखिएको छ भने कृषिमा अनुदान हुन्छ भन्ने चाहि थाहा भएको तर सुचनाको पहुँचबाट बन्चित भएका किसानहरुले ठुलो हिस्सा ओगटेका छन्। ३१६ जनामा सोधिएको यो प्रश्नबाट ६५% किसानहरु सुचनाबाट बन्चित हुनु भनेको अनुदान सम्बन्धि सेवा प्रदायकहरुले अवलंबन गर्ने सूचना प्रवाहको प्रक्रियामा पुनर्विचार गर्नुपर्ने देखिन्छ।

अब, सोही प्रश्नबाट प्राप्त उत्तरहरूको संक्षिप्त विवरण तपशिलको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।



- चित्र ७: कृषि अनुदान सम्बन्धी जानकारीको स्रोत

यो तथ्यांकमा कृषि अनुदान्बारे जानकारी भएका किसानहरु ३१६ जनालाई मात्र संलग्न गराइएको

३. अनुदान प्रक्रियामा सहभागिता बिवरण प्राप्तिको विश्लेषण

कृषि अनुदान प्रभावकारिता अध्ययनमा किसानहरू अनुदान प्रक्रियामा कत्तिको सक्रिय रूपमा संलग्न छन् भन्ने पत्ता लगाउन उनीहरूले अनुदानका लागि आवेदन दिएका छन् वा छैनन् भन्ने विषयमा जानकारी संकलन गरिएको थियो। यस प्रश्नको उद्देश्य किसानहरूले अनुदान प्राप्त गर्न पहल गरेका छन् कि छैनन् भन्ने पक्षको पहिचान गर्नु हो, जसले उनीहरूको जागरूकता, पहुँच र प्रक्रियामा सहभागी हुने प्रवृत्तिबारे महत्त्वपूर्ण संकेत दिन्छ।

यस्तो विवरणले अनुदान वितरण प्रणालीमा किसानको सहभागिता दर, त्यसमा देखिएका क्षेत्रीय वा सामाजिक असमानता तथा आवश्यक सुधारका सम्भावित पक्षहरू पहिचान गर्न मद्दत पुऱ्याउँछ। सहभागीमध्ये ५९ प्रतिशतले अनुदान कर्यक्रमका लागि आवेदन दिएका थिए भने ४१ प्रतिशतले आवेदन दिएका थिएनन्। त्यस्तै जम्मा सुचना प्राप्त गरेका १११ जना मध्ये अनुदान कार्यक्रममा सहभागिता जनाएका किसानहरु ६५ जना थिए। आवेदन दिनेहरु मध्ये ३३ % ले अनुदान प्राप्त गरेको पाइयो भने ६ प्रतिशतले आंशिक रुपले अनुदान प्राप्त गरेको पाइयो। त्यस्तै, ठुलो हिस्सा ६१ %ले अनुदान प्राप्त नगरेको पाइयो उत्तरका आधारमा तयार पारिएको विवरण अनुसार तलको वृत्त चित्रमा स्पस्ट पार्न खोजिएको छ।

कृषि अनुदानमा सहभागिताको विवरण



- चित्र ८: अनुदानमा सहभागिताको अवस्था

४. प्राप्त कृषि अनुदानले भएको आर्थिक अवस्था सुधारको अबस्था

कृषि अनुदान प्रभावकारिता अध्ययनको एक महत्वपूर्ण पक्ष अनुदान प्राप्तिपछिको प्रत्यक्ष अनुभूति र परिवर्तनको मूल्याङ्कन हो। यसै सन्दर्भमा, "के तपाईंको जीवनमा अनुदानले सुधार ल्यायो?" भन्ने प्रश्न सोधिएको थियो, जसले अनुदानले किसानको जीवनस्तर, उत्पादन क्षमता, आम्दानी वा सीपमा कस्तो असर पारेको छ भन्ने बुझ्न सहयोग पुऱ्याउँछ। यस प्रश्नको उत्तरबाट अनुदानको प्रत्यक्ष प्रभावबारे लाभग्राही किसानहरूको धारणा र अनुभव अभिव्यक्त हुन्छ, जसले कार्यक्रमको वस्तुगत मूल्याङ्कन गर्न तथा भविष्यमा नीति तथा कार्यक्रमहरू परिमार्जन गर्न सघाउने आधार तयार गर्छ। अब, उक्त प्रश्नका उत्तरहरूको सारांश विवरण निम्न रूपमा प्रस्तुत गरिएको छ।

अनुदान प्राप्त गर्ने २५ जना सहभागीमध्ये अनुदान पाउनेहरुको आर्थिक स्थितिमा सुधार आएको पाइएन। ३६ प्रतिशत सहभागीले अनुदानबाट खासै उपलव्धि नभएको बताए। ४ प्रतिशतको आर्थिक अवस्थामा सामान्य सुधार आएको थियो। १२ प्रतिशतको धेरै नै सुधार आएको बताए भने २० प्रतिशतलाई यसबारे कुनै हेक्का छैन। थोरै अथवा १ प्रतिशत जनसंख्यालाई अनुदानले आफ्नो आर्थिक

स्थितीमा सामान्य सुधार आएको महशुस भएको पाइएको छ। यी सबैलाई एकै ठाउँमा राखेर विश्लेषण गर्ने हो भने समग्र रुपमा कृषि अनुदानबाट नेपाली किसानहरुको आर्थिक स्थितीमा आएको सुधारलाई सामान्य मात्र लिन सकिन्छ। यस विश्लेषणलाइ निम्न वृत्त चित्रमा देखिएको छ ,:



- चित्र ९: प्राप्त कृषि अनुदानले भएको आर्थिक अवस्था सुधारको अबस्थाको विवरण

५. अनुदान प्रक्रियामा सन्तुष्टि मापन तथा विश्लेषण

कृषि अनुदान कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्दा किसानहरू अनुदान प्राप्तिको सम्पूर्ण प्रक्रियासँग कत्तिको सन्तुष्ट छन् भन्ने पक्ष एक महत्वपूर्ण सूचक हो। यसै सन्दर्भमा, अनुदानको सुचना प्राप्त गरेका १११ जना किसानहरुमध्ये अनुदान कार्यक्रममा आवेदन दिई सहभागिता जनाएका ६५ जना किसानलाई “तपाईं अनुदान प्रक्रियासँग कत्तिको सन्तुष्ट हुनुहुन्छ?” भन्ने प्रश्न सोधिएको थियो, जसले अनुदान सम्बन्धी सूचना प्राप्ति, आवेदन प्रक्रिया, छनोट प्रणाली, वितरणको पारदर्शिता तथा सेवा प्रवाहको सहजता आदिबारे लाभग्राहीको धारणा बुझ्न मद्दत गर्छ। किसानहरूको सन्तुष्टि स्तरले अनुदान कार्यक्रमको व्यवहारिक प्रभाव, सेवा गुणस्तर, र प्रणालीगत चुनौतीहरूको संकेत दिन्छ, जुन सुधारका लागि मार्गनिर्देशक बन्न सक्छ। अब, उक्त प्रश्नमा आधारित उत्तरहरूको सारांश विवरण निम्न रूपमा प्रस्तुत गरिएको छ।



- चित्र १०: कृषि अनुदान प्रक्रियाको सन्तुष्टि विवरण

अनुदान प्रक्रियामा सहभागिता जनाएका किसानहरुको ठुलो हिस्सा अनुदान प्रक्रिया संग असन्तुस्ट देखिए। ७८% किसान प्रक्रियासँग असन्तुस्ट हुनुले हाल अवलम्बन भईरहेको अनुदान प्रक्रिया प्रति ठुलो प्रश्नचिन्ह उब्जेको छ।

६ अनुदान वितरण प्रक्रियामा समानता .सम्बन्धी धारणा

कृषि अनुदान वितरणको प्रभावकारिता मूल्याङ्कन गर्दा पारदर्शिता, निष्पक्षता र पहुँचको समता अत्यन्त महत्वपूर्ण पक्षहरू हुन्। किसानहरूले अनुदान वितरण सबैलाई समान र निष्पक्ष रूपमा भएको छ कि छैन भन्नेबारेको धारणा कार्यक्रमको विश्वसनीयता, पारदर्शिता र सामाजिक स्वीकार्यताको सूचक मानिन्छ। यसै सन्दर्भमा, "अनुदान वितरण सबैलाई निष्पक्ष तथा समान रूपमा भएको छ जस्तो लाग्छ?" भन्ने प्रश्न सर्वेक्षणमा समावेश गरिएको थियो। यस प्रश्नको उद्देश्य अनुदान वितरण प्रक्रियामा रहेको संभावित विभेद, पक्षपात वा पहुँचको असमानताबारे लाभग्राही किसानहरूको अनुभव र धारणा प्राप्त गर्नु हो।

कृषि अनुदान कार्यक्रमले लक्षित समूहहरूलाई प्रभावकारी ढंगले समेट्न सकेको छ वा छैन भन्ने मूल्याङ्कन गर्ने क्रममा, किसानहरूको अनुभूति तथा विश्वास अत्यन्त निर्णायक हुन्छ। यदि वितरण प्रक्रियालाई सबैले निष्पक्ष र समान ठानेका छन् भने त्यसले कार्यक्रमप्रति सकारात्मक धारणा र

स्थायित्व सुनिश्चित गर्छ; तर यदि विभेदको अनुभूति छ भने यसले प्रणालीमा सुधारको खाँचो औंल्याउँछ।

अब, सोही प्रश्नमा आधारित किसानहरूको उत्तरको विश्लेषण निम्न रूपमा प्रस्तुत गरिएको छ।



- चित्र ११: कृषि अनुदानले प्रक्रियाको निस्पक्षता र समानता सम्बन्धि धारणा

कृषिमा अनुदान कार्यक्रमहरु हुन्छन भन्ने थाहा पाएका ३१६ जना किसानहरुसँग सोधिएको प्रश्नमा ७४ प्रतिशत किसानहरुले अनुदान निष्पक्ष छैन भनि भनेको पाइयो। यो तथ्यांकले राज्य तहबाट निष्पक्ष तथा पारदर्शी अनुदान वितरण गर्ने उद्धेश्य राखेर अनुदान कार्यक्रमलाई प्रभावकारी बनाउन बिभिन्न किसिमका ऐन,नीति तथा कार्यविधिहरु बनाइ कार्यान्वयनमा ल्याइरहेको कुरालाई ठुलो चुनौती देखिएको छ।

७. साना सीमान्तकृत किसानहरुका लागि अनुदान कार्यक्रमको उपयोगिता प्रभाव विश्लेषण

साना तथा सीमान्तकृत किसानहरू प्रायः सीमित भूमि, न्यून लगानी क्षमता, प्रविधिको पहुँचको अभाव, र संस्थागत जालोबाट बाहिर रहेका वर्ग हुन्, जसले गर्दा उनीहरू कृषि विकासका प्रमुख कार्यक्रमहरूमाथि निर्भर रहन बाध्य हुन्छन्। कृषि अनुदान कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्दा यिनै वर्गहरूमा अनुदानको पहुँच र उपयोगिताको मूल्याङ्कन गर्नु अत्यन्त आवश्यक हुन्छ, किनभने

यस्ता कार्यक्रमहरूले उनीहरूको उत्पादन क्षमता, जीवनस्तर र खाद्य सुरक्षामा प्रत्यक्ष असर पार्ने गर्छन्।

सर्वेक्षणमा "हालको कृषि अनुदान साना र सिमान्त कृषकहरूका लागि उपयोगी छ?" भन्ने प्रश्न सोधिएको थियो, जसमा सहभागी किसानहरूलाई आफ्ना अनुभव तथा दृष्टिकोणका आधारमा उत्तर दिन आग्रह गरिएको थियो। प्रश्नसँगै उत्तरदातालाई आफ्नो उत्तरको कारण खुलाउन पनि अनुरोध गरिएको थियो, जसले गुणात्मक विश्लेषणको लागि आधार तयार पारेको छ।

बर्तमान कृषि अनुदान कार्यक्रमहरुमा साना तथा सीमान्तकृत किसानहरुको धारणा



- चित्र १२: बर्तमान कृषि अनुदान कार्यक्रमहरुमा साना तथा सीमान्तकृत किसानहरुको धारणा

प्राप्त उत्तरको विश्लेषण:

यस सन्दर्भमा, अनुदान प्रणालीलाई साना किसानमैत्री बनाउन, उनीहरूको पहिचान र आवश्यकता अनुरूप अनुकूलन गरिनुका साथै सूचना, आवेदन प्रक्रिया र वितरण प्रणालीलाई सहज, पारदर्शी र न्यायपूर्ण बनाउन आवश्यक छ। कार्यक्रमको दिगोपनाका लागि सीमान्तकृत किसानको विश्वसनीयता र अनुभव नै सबैभन्दा निर्णायक आधार बन्न जान्छ। अध्ययनबाट यस सम्बन्धी आएको बिवरणको विश्लेषण तल प्रस्तुत गरिएको छ।

अनुदानको बारेमा जानकारी प्राप्त १११ किसानहरुमध्ये १० % किसानहरुले उपयोगी छ भन्ने उत्तर दिएका छन्, यी उत्तरदाताहरूले मुख्यतः अनुदानबाट बीउ, मल, उपकरण वा पशु प्राप्त गरी उत्पादनमा वृद्धि, लागतमा कमी, वा नयाँ प्रविधिमा पहुँच भएको अनुभव उल्लेख गरेका छन्, साथै अनुदान नपाएका केहि किसानहरु जसले अनुदानलाई साना किसान मैत्री छ भन्नेको संख्या समेत यो तथ्यांक भित्र परेको छ। यसले के देखाउछ भने न्यून संख्यामा भएपनि सीमान्तकृत किसानसमेत अनुदानबाट लाभान्वित हुन सक्छन्, तर यो अवस्था सीमित दायरामा मात्र देखिएको छ।

७५% किसानहरुले उपयोगी छैन भन्ने उत्तर दिएका छन् यस समूहले उल्लेख गरेका प्रमुख कारणहरूमा अनुदान प्रक्रियामा हुने पक्षपात, सूचना नपुग्ने अवस्था, आवेदन गर्न झन्झटिलो प्रकृया, पहुँच अभाव, तथा वास्तविक साना किसानको सट्टा पहुँचवालाहरूलाई प्राथमिकता दिइनु रहेका छन्। कार्यक्रमहरुको योजना तर्जुमाको क्रममा भएको कमजोरी तथा कार्यान्वयनका क्रममा अवलम्बन गरिने प्रतिस्पर्धात्मक मापदण्डको दायरा भित्र साना तथा सीमान्तकृत किसानहरु आइपुग्न नसक्ने अवस्थाका कारणले हालको अनुदान प्रणालीले साना तथा सीमान्तकृत किसानमैत्री व्यवस्था लागु भएको प्रत्याभूति गराउन सकेको छैन साथै कार्यान्वयनमा समान पहुँच सुनिश्चित हुन सकेको छैन।

१५% किसानहरुले ले अनुदानको बारेमा स्पष्ट जानकारी नभएको वा अनुभव नै नभएकाले मूल्याङ्कन गर्न नसकेको जनाएका छन्, जसले सूचनाको अभाव तथा किसानमा कार्यक्रमको सन्देश प्रवाह पर्याप्त नभएको संकेत गर्दछ। अतः उपलब्ध उत्तरहरूबाट के बुझ्न सकिन्छ भने कृषि अनुदान कार्यक्रम सैद्धान्तिक रूपमा साना र सीमान्तकृत किसानहरूका लागि उपयोगी हुन सक्ने भए तापनि व्यवहारिक कार्यान्वयनमा अझै पनि महत्वपूर्ण चुनौतीहरू विद्यमान छन्। अधिकतम किसानहरूले उपयोगिता नदेखुको प्रमुख कारण अनुगमनको कमजोरी, पहुँचमा असमानता, र पारदर्शिताको अभाव हुन्। यसले कार्यक्रमको पहुँच र प्रभावकारिता दुबैलाई असर पारिरहेको संकेत गर्छ।

अधिकांश किसानहरु सुचनाको पहुँचमा पुग्न नसक्नु, सुचना प्राप्त गरेका किसानहरु मध्ये अधिकांशले आवेदन नदिनु र आवेदन दिएका मध्ये धेरै किसानहरुले अनुदान प्राप्त गर्नबाट बन्चित हुनुले अनुदानको प्रक्रिया र प्रणालीमा नै कमजोरी छ भन्ने प्रस्ट हुन्छ। यो तथ्यांकले के देखाउछ भने, जम्मा सर्वेक्षणमा सहभागी भएका ३८४ किसान मध्ये आंशिक र पुरा गरेर २५ जना अनुदान प्राप्त गर्न सफल भएको बिवरणबाट हाम्रो कृषि अनुदान प्रणाली किसानको पहुँचमा स्थापित हुन नसकेको देखिन्छ।

५.१.२ स्थानीय तहहरुसंग भएको अन्तरक्रिया

सातवटै प्रदेशका प्रतिनिधि स्थानीय तहहरूमा सकेसम्म पालिकाको जनप्रतिनिधिहरु, प्रशासन शाखाका कर्मचारीहरु र कृषि तथा पशुपंक्षी बिकाश शाखाका प्राविधिक कर्मचारीहरु सँग भेट गरि छलफल संचालन गरिएको थियो। उक्त छलफलहरुले कृषि अनुदान वितरण प्रणालीको बहुआयामिक पक्षहरूको गहिरो विश्लेषण गर्न सहयोग पुऱ्याएको छ। तथ्यांक र प्रश्नावलीमार्फत प्राप्त सूचना मात्रले नछोएका महत्वपूर्ण पक्षहरू जस्तै कार्यान्वयनमा देखा पर्ने व्यवहारिक समस्या, संस्थागत समन्वयको अवस्था, स्थानीय प्राथमिकता र नीति कार्यान्वयनबीचको अन्तर यी अन्तरक्रियामार्फत स्पष्ट भएको छ।

विशेषतः हिमाली र भित्री मधेश क्षेत्रका स्थानीय तहहरूमा स्रोत र जनशक्तिको सीमितता तथा भौगोलिक कठिनाइका कारण अनुदानको प्रभावकारिता कम देखिएको छ भने, तराई र पहाडी नगरपालिका तथा गाउँपालिकाहरूमा अपेक्षाकृत संस्थागत संरचना बलियो रहेकाले कार्यान्वयनमा केही सहजता देखिएको पाइएको छ। केहि पालिका अत्यन्त सुगम स्थानमा भएता पनि राजनैतिक जोड घटाउको सन्तुलन नमिल्नाले समग्र पालिकाको योजना तर्जुमा, बजेट कार्यान्वयन र कृषि क्षेत्रको समग्र विकासमा नै ठोस उपलब्धि नभएको पाइयो।

यस अतिरिक्त, छलफलका क्रममा देखिएको अर्को उल्लेखनीय पक्ष भनेको नीति र कार्यक्रम निर्माणमा स्थानीय सरकारको भूमिका अपेक्षाकृत सीमित भएको गुनासो थियो। अधिकांश पालिकाका जनप्रतिनिधिहरूले कृषि अनुदान सम्बन्धी नीति निर्माण अझै केन्द्रमुखी रहेको र स्थानीय सन्दर्भलाई पूर्णरूपमा समेट्न नसकेको बताएका छन्। प्राविधिक कर्मचारीहरूको तर्फबाट लक्षित किसानको पहिचान प्रक्रियामा स्पष्ट मापदण्डको अभाव, अनुगमन प्रणालीको कमजोरी, तथा आधुनिक प्रविधिको प्रयोगमा किसानहरूको क्षमता अभिवृद्धिको खाँचो र प्राविधिक जनशक्तिको योजना तर्जुमा र कार्यान्वयन सँगै प्राविधिक ज्ञानमा आधारित क्षमता विकास नभएकाले कृषि कार्यक्रम संचालनमा प्राविधिक र कार्यान्वयनगत समस्या प्रस्तुत भएको थियो।

यसरी, सात प्रदेशका विभिन्न भौगोलिक र सामाजिक सन्दर्भमा आधारित स्थानीय तहहरूसँग गरिएको अन्तरक्रिया कार्यक्रमले नीतिगत कमजोरी, कार्यान्वयनमा देखिएका व्यवहारिक चुनौती, र सुधारका सम्भावित उपायहरूको बहुपक्षीय दृष्टिकोण उजागर गरेको छ। यस्ता प्रत्यक्ष अनुभव र विश्लेषणले

कृषि अनुदान कार्यक्रमको समावेशीता, प्रभावकारिता र दिगोपनालाई थप मजबुत बनाउने दिशामा महत्वपूर्ण मार्गनिर्देशन गर्ने सम्भावना राख्छ।

५.१.३ स्थानीय तहहरुको बजेट विश्लेषण

कृषि अनुदान प्रभावकारिता अध्ययनको सन्दर्भमा, स्थानीय तहहरूको पछिल्ला तीन आर्थिक वर्षको बजेट विनियोजनको विश्लेषण गर्नु अत्यन्त महत्वपूर्ण पक्ष हो।यसले कृषि क्षेत्रप्रति स्थानीय सरकारहरूको प्राथमिकता, प्रतिबद्धता र स्रोत विनियोजनको प्रवृत्ति स्पष्ट पार्छ।

यस अध्ययनमा, सातवटै प्रदेशका प्रतिनिधि स्थानीय तहहरूसँग प्रत्यक्ष छलफल तथा अन्तरक्रियामार्फत प्राप्त विवरणका आधारमा तीन आर्थिक वर्ष (२०७९/८० देखि २०८१/८२ सम्म) को कुल बजेट, कृषिमा विनियोजन गरिएको बजेट, र सोही अवधिमा कृषि अनुदान वितरणका लागि छुट्टाइएको बजेट सम्बन्धी विवरण सङ्कलन गरिएको हो।

यो विवरणले कृषि क्षेत्रमा गरिएको लगानीको दर, त्यसमा अनुदान कार्यक्रमको अंश, र नीति कार्यान्वयनमा वित्तीय प्रतिबद्धता कति सशक्त छ भन्नेबारेमा सन्दर्भ प्रदान गर्छ। साथै, कृषिमा छुट्याइएको बजेटको प्रवृत्तिले कृषिलाई स्थानीय सरकारहरूले विकासको प्राथमिकतामा राखेको छन् वा छैनन् भन्ने मूल्याङ्कन गर्न सहयोग गर्छ। अध्ययनको क्रममा छनौट भएको नमुना पालिकाहरु मध्ये गणेशमान चारनाथ नगरपालिकामा जनप्रतिनिधि स्तरीय छलफल राम्रो सँग सम्पन्न भएता पनि बिगत ३ बर्षको बजेट बिनियोजन र प्रगति सम्बन्धी बिवरण प्राप्त हुन् कठिन भयो। नया बजेट निर्माणको समय भएकोले कार्यालयका कर्मचारी र पदाधिकारीहरुको यथेस्ट समय पाउन कठिनाइ भएको थियो भने द्वित्तीय श्रोतको रुपमा वेवसाइटमा समेत कुनै पनि जानकारी हासिल हुन नसकेकाले पालिकाको कुल बजेट र कृषि बजेटको विश्लेषण कार्यका लागि बिगत १०[‡‡‡] बर्ष देखि साना तथा सीमान्तकृत किसानहरुको हितमा करार खेति संचालन गर्दै आइरहेको सिराहा जिल्लाको भगवानपुर गाउँपालिका छनौट गरि अध्ययन कार्य अगाडी बढाइएको थियो।

अब, सम्बन्धीत स्थानीय तहहरूबाट प्राप्त तीन आर्थिक वर्षको बजेट विवरण र कृषि अनुदानका लागि छुट्टाइएको रकमको तुलनात्मक प्रस्तुति निम्न तालिकामा दिइएको छ।

[‡‡‡] राष्ट्रिय कृषक समूह महासंघको दस्तावेज हरु

- तालिका ५ः स्थानीय तहहरुबाट ३ आ.व.मा छुट्टयाइएको कुल बजेट, कृषि बजेट र कृषि अनुदान बजेटको तुलना

प्रदेश	जिल्ला	पालिका	आर्थिक वर्ष	कुल बजेट (लाखमा)	कृषितर्फको बजेट (लाखमा)	अनुदान बजेट (लाखमा)	कृषि बजेटको %	अनुदान बजेटको % (कृषि बजेटमा)
बाग्मती	रामेछाप	लिखु तामाकोशी	२०७९/८०	१०६७५	१५०	११०	१४०५.	७३३३.
			२०८०/८१	६७७५	१००	९२	१४७६.	९२
			२०८१/८२	६६३८	२५६	२११	३८५७.	८२४२.
गण्डकी	कास्की	मादी	२०७९/८०	६५४८	१४७	११७	२२४५.	७९५९.
			२०८०/८१	७१९७	२५५	१८६	३५४३.	७२९४.
			२०८१/८२	६९०१	२४३	१९७	३५२१.	८१०७.
कोशी	तेह्रथुम	लालीगुराँस	२०७९/८०	५२८३	१२०	६८	२२७१.	५६६७.
			२०८०/८१	४९०९	१२८	८७	२६०७.	६७९७.
			२०८१/८२	५०२८	१५८	५५	३१४२.	३४८१.
कर्णाली	सुर्खेत	वीरेन्द्रनगर	२०८०/८१	२७८२९	८५	६६	०३०५.	७७६५.
			२०८१/८२	३२४९३	१०१	८६	०३११.	८५१५.
लुम्बिनी	दाङ	लमही	२०७९/८०	१३९८१	४००	३४१	२८६१.	८५२५.
			२०८०/८१	८५४५	१००	८४	११७.	८४
			२०८१/८२	८४५१	१२०	९८	१४२.	८१६७.
सुदुर पश्चिम	कंचनपुर	कृष्णपुर	२०७९/८०	८७४३	३१९	२८६	३६४९.	८९६६.
			२०८०/८१	७९१९	१२१	१०२	१५२८.	८४३.
			२०८१/८२	७९४०	७०४	६३०	८८६६.	८९४९.
मधेस	सिराहा	भगवानपुर	२०७८७९/	४९८३	८९	३९	१७८६.	४३८२.
			२०७९८०/	४५८०	७१	५३	१५५.	७४६५.
			२०८१८२/	५५०४	९७	७०	१७६२.	७२१६.

- स्रोतः पालिकाहरुको बजेट तथा प्रगति पुस्तिकाहरु, कृषि विकास शाखाहरु

अध्ययनमा समावेश सातवटै प्रदेशका स्थानीय तहहरूको तीन आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा कृषिमा बजेट विनियोजन र अनुदानको प्रवाहमा उल्लेखनीय भिन्नता र प्रवृत्ति प्रष्ट देखिन्छ। बाग्मती प्रदेशको रामेछाप जिल्ला, लिखु तामाकोशी गाउँपालिकामा कृषि बजेटको हिस्सा २०७९/८० मा १.४०५% रहँदा २०८१/८२ मा ३.८५७% मा वृद्धि भएको छ। यस अवधिमा कृषिमा छुट्याइएको अनुदानको हिस्सा ७३.३३% बाट ८२.४२% मा पुगेको छ, जसले प्रत्यक्ष अनुदानमुखी कार्यक्रमको प्राथमिकता बढेको देखिन्छ।

गण्डकी प्रदेशको कास्की जिल्ला, मादी नगरपालिकामा कृषि बजेट २.२४५% बाट ३.५२१% सम्म पुगेको छ र अनुदानको हिस्सा ७९.५९% - ८१.०७% को उच्च स्तरमा स्थिर छ। यो स्थिरता अनुदानलाई दीर्घकालीन प्राथमिकताका रूपमा लिइएको देखाउँछ, तर अन्य उत्पादनमूलक क्षेत्रमा विनियोजन विस्तार कम भएको पाइएको छ ।

कोशी प्रदेशको तेह्रथुम जिल्ला, लालीगुराँस नगरपालिकामा कृषि बजेट २.२७१% बाट ३.१४२% मा बढेपनि अनुदानको हिस्सा ५६.६७% बाट ३४.८१% मा घटेको छ। यसले प्रत्यक्ष अनुदानको सट्टा पूर्वाधार निर्माण(कोल्ड स्टोरको सम्भाव्यता अध्ययन, कृषि बजार निर्माण), बजार व्यवस्थापन, कृषि एम्बुलेन्सको प्रभावकारी प्रयोग, प्रांगारिक अभियान संचालन तथा प्रबर्द्धन, माटो सुधार अभियान र प्रविधि हस्तान्तरणमा लगानी बढेको पाइएको छ। तत्काललाइ किसानहरुले प्रत्यक्ष अनुदानको लाभ नपाउदा गुनासोहरु बढेको भएता पनि अनुदानका कार्यक्रमहरुलाई अलिक सिमित र धेरै किसान सम्म पुग्ने हिसाबले गरेको योजना निर्माण र कार्यान्वयनको सकारात्मक पक्षले हेर्दा यो अवस्था दीर्घकालीन दृष्टिले सकारात्मक संकेत हुन सक्छ।

कर्णाली प्रदेशको सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिकामा कृषि बजेट अत्यन्त न्यून (०.३०५%—०.३११%) रहँदा पनि अनुदानको हिस्सा ७७.६५%—८५.१५% को दायरामा उच्च छ। यसले सीमित कृषि बजेटभित्र पनि प्रत्यक्ष राहतमुखी कार्यक्रमलाई प्राथमिकता दिएको देखाउँछ, तर कृषि पूर्वाधार र प्रणालीगत सुधारका लागि स्रोत अत्यन्तै सीमित भएको पाइएको छ।

लुम्बिनी प्रदेशको दाङ जिल्ला, लमही नगरपालिकामा कृषि बजेट २०७९/८० मा २.८६१% रहँदा २०८१/८२ मा १.४२% मा घटेको छ, यद्यपि अनुदानको हिस्सा स्थिर रूपमा ८१% भन्दा माथि छ। यसले कृषिमा समग्र बजेट प्राथमिकता घट्दै गएको र बाँकी स्रोत पनि मुख्यतः प्रत्यक्ष अनुदानमा खर्च भइरहेको जनाउँछ।

सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्ला, कृष्णपुर नगरपालिकामा कृषि बजेट ३.६४९% बाट ८.८६६% मा उल्लेखनीय वृद्धि भएको छ। अनुदानको हिस्सा पनि ८४.३%—८९.६६% को दायरामा उच्च छ, जसले कृषि क्षेत्रमा प्रत्यक्ष आर्थिक सहायता विस्तार भएको स्पष्ट देखाउँछ। तर बजेटको उच्च वृद्धिलाई दीर्घकालीन उत्पादन क्षमतामा परिणत गर्न संरचनागत लगानीमा पनि समानुपातिक वृद्धि आवश्यक छ।

मधेश प्रदेशको सिराहा जिल्ला, भगवानपुर गाउँपालिकामा कृषि बजेट १.५५%-१.७८६% को स्थिर स्तरमा रहँदा अनुदानको हिस्सा ४३.८२% बाट ७२.१६% मा बढेको छ। यसले कृषिमा प्रत्यक्ष सहयोगको पहुँच बढेको संकेत दिए पनि, बजेट आकार सानो रहँदा कार्यक्रमहरूको दिगोपनामा प्रश्न उठ्न सक्छ।

यस तथ्यांकमा भएको बजेटको प्रबृत्तिबाट के बुझ्न सकिन्छ भने धेरैजसो पालिकामा कृषि बजेटको कुल आकार राष्ट्रिय लक्ष्यका दृष्टिले न्यून छ, तर उपलब्ध कृषि बजेटभित्र प्रत्यक्ष अनुदानको हिस्सा उच्च (७०% भन्दा माथि) रहँदै आएको छ। यस्तो संरचना अल्पकालीन राहत र राजनीतिक लोकप्रियताका लागि उपयोगी भए पनि, दीर्घकालीन रूपमा कृषि उत्पादन वृद्धि, जलवायु अनुकूलन, प्रविधि हस्तान्तरण, सीप विकास, तथा बजार सुदृढीकरणका लागि आवश्यक लगानीमा कमी ल्याउन सक्छ। अनुदानको उच्च निर्भरता भएको क्षेत्रमा प्रायः पूर्वाधार निर्माण, मूल्य शृङ्खला सुदृढीकरण, र निजी क्षेत्र-सहकारी सहकार्यको पहल कमजोर रहने सम्भावना बढी हुन्छ। त्यसैले, कृषिमा बजेट संरचना सन्तुलित गर्दै प्रत्यक्ष अनुदानसँगै दीर्घकालीन उत्पादन क्षमतामा लक्षित कार्यक्रमको अनुपात बढाउनु, तथा अनुदानको कार्यान्वयन प्रणाली पारदर्शी, दिगो र परिणाममुखी बनाउनु अनिवार्य देखिन्छ।

५१..४. प्रदेश सरकार र मातहतका कार्यालय हरुसंग छलफल

१. उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

कृषि अनुदान प्रभावकारिता अध्ययन अन्तर्गत कोशी प्रदेशमा उद्योग, कृषि तथा सहकारी मन्त्रालयका उच्च अधिकारीहरू एवं कर्मचारीहरूसँग गरिएको छलफलले प्रदेश सरकारको नीतिगत सोच, व्यवस्थापकीय अभ्यास तथा कार्यान्वयन अनुभवहरूबारे महत्वपूर्ण जानकारी प्राप्त गर्न सहयोग पुऱ्यायो। अन्तरक्रियाको मूल उद्देश्य प्रदेश सरकारले सञ्चालन गर्दै आएको कृषि अनुदान कार्यक्रमको संरचना, नीति तथा कार्यान्वयन रणनीति, बजेट विनियोजनको आधार, नीतिगत प्राथमिकता तथा स्थानीय तहहरूसँगको सहकार्य अवस्थाको यथार्थ बुझ्नेतर्फ केन्द्रित थियो।

मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार पछिल्ला तीन आर्थिक वर्षमा कृषि अनुदानमा खर्च गरिएको रकम तलको तालिकामा उल्लेख गरिएको छः

- तालिका ६ः कोशी प्रदेश, उद्योग, कृषि तथा सहकारी मन्त्रालयको बिगत ३ बर्षको विवरण

क.स	आर्थिक वर्ष	अनुदान रकम	अनुदानको प्रमुख क्षेत्र

१	०७९/८०	२७,५४,८१,०००	व्यावसायिक फलफुल बगैचा स्थापना सहयोग, गड्यौला मल उत्पादन, कृषि बजार पूर्वाधार तथा यन्त्र उपकरण सहयोग, महिला, विपन्न तथा पिछडिएका समुदाय लक्षित कार्यक्रम आदि।
२	०८०/८१	१,९०,२४,०००	खाद्यान्न भण्डारण गृह निर्माण, प्रांगारिक मल, चक्लाबन्दी खेति कार्यक्रम, व्यावसायिक फलफुल बगैचा स्थापना सहयोग, युवा लक्षित् च्याउ, मह, तरकारी उत्पादन आदि।
३	०८१/८२	५४,०३,०००	प्रांगारिक मल, दुग्धजन्य पदार्थ निर्यात, युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन, सुधारिएको भट्टी निर्माण, रैथाने बालि प्रवर्धन आदि।

- स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

यी बजेटीय तथ्याङ्कहरूले स्पष्ट रूपमा के देखाउँछन् भने प्रदेश सरकारले कृषि अनुदानमा लगानी गर्ने रकम क्रमशः घटाउँदै गएको छ। प्रारम्भिक वर्षमा व्यावसायिक फलफूल बगैचा स्थापना सहयोग, गड्यौला मल उत्पादन, कृषि बजार पूर्वाधार तथा उपकरण सहयोग, महिला, विपन्न तथा सीमान्तकृत समुदाय लक्षित कार्यक्रमजस्ता व्यापक क्षेत्रमा अनुदान खर्च भएको पाइन्छ। दोस्रो वर्षमा खाद्यान्न भण्डारण गृह निर्माण, चक्लाबन्दी खेती कार्यक्रम, प्रांगारिक मल प्रवर्द्धन, युवा लक्षित च्याउ, मह र तरकारी उत्पादन कार्यक्रम समावेश गरिएको थियो। तेस्रो वर्षमा भने प्रांगारिक मल प्रवर्द्धन, दुग्धजन्य पदार्थ निर्यात, सुधारिएको भट्टी निर्माण तथा रैथाने बाली प्रवर्द्धनजस्ता अपेक्षाकृत सानो दायराका कार्यक्रमहरूमा मात्र अनुदान खर्च भएको देखिन्छ।

यस गिरावटका कारणबारे छलफल गर्दा मन्त्रालयका अधिकारीहरूले केही महत्वपूर्ण पृष्ठभूमि स्पष्ट पारेका छन्। पहिलो, अघिल्ला वर्षमा मन्त्रालय वा निर्देशनालयमार्फत वितरण गरिने कार्यक्रमहरूलाई अब किसानसँग प्रत्यक्ष सम्पर्कमा रहेका कार्यान्वयन निकाय र स्थानीय तहमार्फत सञ्चालन गर्ने नीतिगत निर्णय गरिएको छ। यसले मन्त्रालयस्तरमा विनियोजित रकम घटाएको देखिए पनि अनुदान पूर्ण रूपमा हराएको भन्ने होइन; बरु यसको जिम्मेवारी स्थानीय तहतर्फ सरेको सङ्केत गर्दछ। दोस्रो, प्रदेश सरकारले कृषि अनुदानलाई दीर्घकालीन समाधानका रूपमा भन्दा अस्थायी सहयोगका साधनका रूपमा लिएको प्रवृत्ति देखिन्छ। यस दृष्टिले अनुदानलाई संरचनागत सुधारका उपकरणभन्दा पनि तात्कालिक राहतका रूपमा प्रयोग गरिँदा दीर्घकालीन कृषि विकासका लक्ष्यहरूमा पुग्न चुनौती खडा

भएको छ। तेस्रो, विगतमा असल किसान वा वास्तविक आवश्यकताभन्दा पनि पहुँच भएका समूहले बढी लाभ लिने प्रवृत्ति व्यापक रहेको अनुभव गरिएकाले सरकारले अनुदान रकम कटौती गरी वैकल्पिक र लक्षित सहयोगका नयाँ उपायहरू अपनाउनतर्फ मोडिएको देखिन्छ।

बिगत आ.व. २०७५/७६ देखि २०७८/७९ सम्म कोशी प्रदेश सरकारले उद्योग, कृषि तथा सहकारी मन्त्रालय मार्फत वित्तीय हस्तान्तरण मार्फत स्थानीय तह संग र बिभिन्न सहकारी, निजि क्षेत्र र बजार समितिसँग सम्झौता गरि अनुदान उपलब्ध गराए पश्चातबिभिन्न स्थानमा शीतभण्डारहरु निर्माण भएको पाइन्छ। कोशी प्रदेशबाट प्राप्त विवरणअनुसार हाल प्रदेशभित्र निर्माण भएका १२ वटा शीतभण्डारमध्ये ६ वटा मात्र पूर्ण रूपमा सञ्चालनमा रहेका छन्, ५ वटा सञ्चालनमा नरहेका र १ वटा आंशिक रूपमा मात्र सञ्चालन भइरहेको छ। यी शीतभण्डारमध्ये ६ वटा निजी क्षेत्रको स्वामित्वमा, ३ वटा बजार समितिको स्वामित्वमा तथा ३ वटा सहकारी संस्थाको स्वामित्वमा रहेका छन्। यसले देखाउँछ कि शीतभण्डार निर्माणमा विभिन्न क्षेत्रीय साझेदारी भए पनि सञ्चालन र दिगोपनामा भने चुनौतीहरू यथावत् छन्।

मन्त्रालयसँगको छलफलमा प्राप्त जानकारीअनुसार कोल्डरूम सञ्चालनका लागि आवश्यक प्राविधिक ज्ञान तथा दक्षता अभाव मुख्य चुनौतीका रूपमा रहेको छ। सञ्चालनका लागि आवश्यक सीप विकास गर्ने तालिमहरू अहिलेसम्म प्रभावकारी रूपमा उपलब्ध गराइएको छैन। साथै, शीतभण्डार सञ्चालनमा विद्युत् महसुल ठूलो लागत कारकका रूपमा देखिँदा यसलाई कम गर्न प्रदेश वा संघीय सरकारले छुटको व्यवस्था नगरेको हुँदा सञ्चालन खर्च असामान्य रूपमा उच्च छ। यस कारण धेरै शीतभण्डार दिगो रूपमा सञ्चालनमा जान नसक्ने अवस्था देखिन्छ।

विशेष रूपमा, झापाको बिर्तामोडस्थित कृषि बजारमा २०७८/७९ आर्थिक वर्षमा रु. २ करोड १८ लाख १५ हजारको लागतमा निर्माण गरिएको शीतभण्डार आंशिक रूपमा मात्र सञ्चालनमा रहेको तथ्य उल्लेख भएको छ। सो शीतभण्डार निर्माणमा प्रदेश सरकारबाट रु. १ करोड ६३ लाख ६१ हजार बराबरको अनुदान सहयोग गरिएको भए पनि हालसम्म पूर्ण क्षमतामा प्रयोग हुन सकेको छैन। शीतभण्डारमा सुरक्षा व्यवस्थाको कमी, आयोजनास्थल वरिपरिको घेराबार तथा आवश्यक पूर्वाधार अभाव, व्यवस्थापकीय कमजोरी र प्राविधिक दक्षताको कमीलाई यसको आंशिक सञ्चालनको प्रमुख कारणका रूपमा पहिचान गरिएको छ।

समग्रमा हेर्दा, शीतभण्डारहरू प्रदेशस्तरमा कृषिजन्य उत्पादनको संरक्षण र बजार व्यवस्थापनका लागि अत्यावश्यक पूर्वाधार भए पनि तिनको सञ्चालन, व्यवस्थापन र दिगोपनामा पर्याप्त तयारी, तालिम र नीतिगत सुविधा अभाव देखिन्छ। यसले कृषकलाई उत्पादन पश्चात हानी न्यूनीकरण र मूल्य स्थिरीकरणमा सहयोग पुऱ्याउने अपेक्षा अनुसारको परिणाम दिन सकेको छैन। त्यसैले शीतभण्डारको प्रभावकारी प्रयोगका लागि प्राविधिक सीप अभिवृद्धि, व्यवस्थापकीय क्षमता विकास, विद्युत् महसुलमा छुटको व्यवस्था, आवश्यक पूर्वाधार निर्माण (जस्तैः घेराबार, सुरक्षा प्रणाली) तथा निजी सार्वजनिक साझेदारीलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ।

कतिपय स्थानमा आवश्यकता र परियोजना सफलताको सामान्य पूर्वानुमान समेत नगरी बिभिन्न किसिमका अनुदानहरु उपलव्ध गराइनुले राज्यको ठुलो लगानी खेर गएको देखिन्छ। यस बिषयमा कोशी प्रदेश सरकारले गरेका बिगतका अनुदानका कार्यक्रमहरुको प्रभाव विश्लेषण गरि कार्यक्रमहरु परिवर्तन गरेको देखिन्छ। असन्तुलित अनुदान सम्बन्धि गतिविधिहरुलाइ प्रदेश सरकारले सच्याउने जमर्को गरेको देखिन्छ।

समग्रमा, प्रस्तुत तथ्याङ्क र छलफलले देखाउँछ कि प्रदेश सरकारले कृषि अनुदानलाई प्राथमिक नीति उपकरणका रूपमा भन्दा पूरक कार्यक्रमका रूपमा मात्र लिन थालेको छ। बजेट कटौतीका यी प्रवृत्तिहरूले किसानहरूको प्रत्यक्ष लाभमा ह्रास ल्याउने सम्भावना देखाए तापनि अर्कोतर्फ स्थानीय तहको भूमिकामा वृद्धि भई किसानसँग नजिकका संरचनाहरूबाट कार्यक्रम कार्यान्वयन हुने अपेक्षा गरिएको छ। तथापि, अनुदानलाई अस्थायी सहयोगका रूपमा मात्रै सीमित राख्ने प्रवृत्ति दीर्घकालीन कृषि आधुनिकीकरण र उत्पादकत्व वृद्धिका लागि पर्याप्त नहुने भएकाले यस विषयमा थप समीक्षा र नीतिगत स्पष्टता आवश्यक देखिन्छ।

२. कृषि ज्ञान केन्द्र कृषि ,विकास निर्देशानालयहरुसँग अन्तरक्रिया

यस अन्तरक्रियाको उद्देश्य अनुदान सम्बन्धी कार्यक्रमहरूको नीतिगत दृष्टिकोण, कार्यान्वयनको अवस्था, अनुगमन प्रणाली, र किसानमा परेको प्रत्यक्ष प्रभावबारे सरोकारवाला निकायहरूको अनुभूति, मूल्याङ्कन र सुझावहरू संकलन गर्नु हो।

छलफलका क्रममा सम्बन्धीत निकायहरूले प्रदेश र स्थानीय सरकारबीचको समन्वय, कृषक वर्गीकरणको अस्पष्टता, प्रविधि हस्तान्तरणको अभाव, स्रोत परिचालनमा असमानता, र प्रभाव मूल्याङ्कनको कमजोरी लगायतका विषयहरूलाई औंल्याएका थिए। साथै, अनुदान कार्यक्रमलाई अझ प्रभावकारी

बनाउनका लागि सूचना प्रवाहको एकरूपता, कृषक दर्ता प्रणाली सुधार, र दिगो कृषि अभ्यासमा आधारित अनुदान प्रणाली निर्माण गर्नुपर्नेमा विशेष जोड दिइयो।

यो अन्तरक्रिया विभिन्न प्रदेशका भौगोलिक, सामाजिक र संस्थागत सन्दर्भमा आधारित अनुभवहरूको समष्टिगत अभिव्यक्ति हो, जसले अनुदान प्रभाव विश्लेषणलाई नीतिगत र व्यवहारिक रूपमा अझ मजबुत आधार प्रदान गरेको छ।

अब, सोही छलफलबाट संकलित प्रमुख बुँदाहरू, दृष्टिकोणहरू र सुझावहरू क्रमबद्ध रूपमा प्रस्तुत गरिन्छ।

क. कृषि विकास कार्यालय कृषि /विकास निर्देशानालय सुर्खेत कर्णाली प्रदेश,

कृषि अनुदान प्रभावकारिता अध्ययनको सिलसिलामा प्रदेशस्तरीय सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गरिने क्रममा, कर्णाली प्रदेशको कृषि विकास निर्देशनालय, सुर्खेतका निर्देशकज्यूसँग विशेष अन्तरक्रिया गरिएको थियो।

उक्त अन्तरक्रियाको उद्देश्य कर्णाली प्रदेशको भौगोलिक, आर्थिक र सामाजिक सन्दर्भमा कृषि अनुदान कार्यक्रमहरूको प्रभाव, चुनौती, र कार्यान्वयन सम्बन्धी अनुभवहरू संकलन गर्नु थियो।

निर्देशकज्यूको नेतृत्वमा सञ्चालित छलफलमा अनुदानको लक्षित वर्गमा पुग्ने प्रभावकारिता, बजेटको प्रयाप्तता, प्रविधिको पहुँच, संस्थागत समन्वय, र अनुगमन व्यवस्थाको सुधार सम्बन्धी गहन विचारहरू प्रस्तुत गरिएको थियो।

कर्णाली प्रदेशको विशेष परिस्थिति जस्तै कठिन भौगोलिक अवस्था, पहुँच समस्या, र सीमान्तकृत कृषकको उच्च अनुपात लाई ध्यानमा राख्दै अनुदान प्रणाली अझ लक्ष्यकेन्द्रित, समावेशी र दीगो बनाउनुपर्ने आवश्यकतामा निर्देशकज्यूले स्पष्ट धारणा राखुभएको थियो। कृषि विकास निर्देशनालय सुर्खेतले कृषकहरूलाई उत्पादन बढाउन, आधुनिकीकरण गर्न र आर्थिक सशक्तिकरण गर्न अनुदान सहयोग गरेको छ। तर, यसको प्रभावकारिता अध्ययन गर्दा धारणा, व्यवहारिक अभ्यास र परिणाम बीच अन्तर देखिन्छ। यस अध्ययनले अनुदानको सैद्धान्तिक उद्देश्य र वास्तविक प्रभाव बीचको खाडल विश्लेषण गर्दछ।

ख. कृषि विकास निर्देशानालय हेटौडा -बाग्मती प्रदेश ,

बाग्मती प्रदेशको कृषि विकास निर्देशनालय, हेटौंडासँग गरिएको अन्तरक्रिया कार्यक्रम अत्यन्तै सान्दर्भिक र उपयोगी रह्यो। यस अन्तरक्रियाको उद्देश्य प्रदेशस्तरीय नीतिगत निकायसँग प्रत्यक्ष संवाद गरी कृषि अनुदान कार्यक्रमहरूको अवधारणा, कार्यान्वयन, अनुगमन, र असरको मूल्याङ्कनमा आधारित दृष्टिकोणहरू बुझ्नु थियो।

निर्देशनालयका विशेषज्ञ, योजना शाखा तथा कार्यक्रम व्यवस्थापन सँग सम्बन्धीत पदाधिकारीहरूसँगको छलफलमा, अनुदानको वितरण प्रणाली, पहुँचको समता, बजेट विनियोजन, किसान वर्गीकरण, तथा अनुदानको दीर्घकालीन प्रभावबारे महत्वपूर्ण दृष्टिकोण, तथ्य, सुझाव र अनुभवहरू प्राप्त भए।

विशेषगरी बाग्मती प्रदेशभित्रका स्थानीय तहहरूमा लागू भइरहेका अनुदान कार्यक्रमहरूको योजना निर्माणदेखि कार्यान्वयन, सहकारीसँगको सहकार्य, कृषक पहिचान प्रक्रिया, तथा अनुगमन संयन्त्रको प्रभावकारिता विषयमा विस्तृत छलफल भएको थियो।

यस अन्तरक्रियाबाट प्राप्त विचार तथा सिफारिशहरूले यस अध्ययनलाई नीति निर्माणमैत्री बनाउन, प्रदेश र स्थानीय सरकारबीचको भूमिका स्पष्ट पार्न, र स्मार्ट अनुदान प्रणालीको सम्भाव्यताबारे धारणा बनाउन सहयोग पुग्नेछ। बाग्मती प्रदेशले बिनियोजन गरेको कुल बजेट र कृषि बजेटको तुलना तलको तालिकामा गरिएको छ ।

- तालिका ७: बाग्मती प्रदेशले बिनियोजन गरेको कुल बजेट र कृषि बजेटको विवरण

क्रस	आब	कुल बजेट	कृषिको बजेट	मुख्य कार्याक्रम	प्रतिशत
१	२०७८७९/	५५७२०९२७०००	३८१०७१२०००	१७ हजार ७ सय मेट्रिक टन क्षमताका शित भण्डारको निर्माण	६८४.
२	२०७९८०/	७०९३९२९१०००	४१८३०२८०००	निर्ब्याजी बिउ पुँजी उपलब्ध गराउन रु ५० करोड	५८९.
३	२०८०८१/	६२७०९०७८०००	३३८०१८१०००	वडा स्तरीय सामुहिक कृषि उत्पादन केन्द्र स्थापना १४ करोडआलु , अन्डा माछा मासु ,, प्याज लसुन लगायतका बालीमा उत्पादनमा , लाख ५० करोड ४४ आधारित प्रोत्साहन रु	५३९.
४	२०८१८२/	६३०४०४३१०००	२६२३६४२०००	एक वडा एक उत्पादन ३० करोड दुध , उत्पादनमा उत्पादनको आधारित प्रोत्साहन करोड स्थानीय तह सशर्त २० कार्यक्रम अनुदान	४१६.

५१..५ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

कृषि अनुदान प्रभावकारिता अध्ययनको क्रममा सङ्घीय सरकारका नीतिगत, व्यवस्थापकीय र कार्यान्वयन सम्बन्धी धारणा तथा अनुभव समेट्न अत्यन्त आवश्यक हुने भएकोले, अध्ययन टोलीले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार र मातहतका बिभिन्न कार्यालय हरुका प्रमुख तथा सम्बन्धित बिषयमा दखल राख्ने व्यक्तित्वहरु संग भेट गरि छलफल गरेको गरेको थियो।

उक्त छलफलका क्रममा मन्त्रालयका नीति निर्माणकर्ताहरू, विभागीय अधिकारीहरू, योजना तथा कार्यक्रम महाशाखाका प्रतिनिधिहरूहरू संग महत्वपूर्ण अन्तरक्रिया भयो। अन्तरक्रियाको उद्देश्य कृषि अनुदान कार्यक्रमको राष्ट्रिय ढाँचा, नीति तथा कार्यान्वयन रणनीति, नीतिगत प्राथमिकता, बजेट विनियोजनको आधार, तथा स्थानीय तहहरूसँगको सहकार्य अवस्थाबारे प्रत्यक्ष जानकारी संकलन गर्नु थियो।

यो अन्तरक्रियाबाट प्राप्त विचार, सुझाव र विश्लेषणले अनुदानको पहुँच, लक्षित समूह पहिचान, पारदर्शिता, अनुगमन र प्रभाव मूल्याङ्कन प्रणालीमा सुधारको आवश्यकता, सफल अभ्यासका संकेतहरू, तथा संघीय-स्थानीय समन्वयको अवस्था प्रस्ट पारेको छ।

क .कृषि कार्यक्रम तथा बजेट

कार्यक्रम तथा बजेट प्रस्तावना गरिएका कृषि क्षेत्रमा हुने पुँजीगत खर्चका साथै विभिन्न शिर्षकमा हुने खर्चको बारेमा छोटो समिक्षा गरिएको छ। त्यसैगरी यसमा दिगो कृषि प्रबर्धनमा प्रस्ताब गरिएका कार्यक्रम र बजेटको समेत आँकलन गरिएको छ

१. राष्ट्रिय बजेटमा कृषि क्षेत्रको हिस्सा

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका ऐतिहासिक रूपमा अत्यन्त महत्वपूर्ण रहँदै आएको छ। देशको कुल ग्राहस्थ उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान हाल २४.१ प्रतिशत रहेको छ, जुन उल्लेखनीय मात्रामा योगदान दिने क्षेत्र हो। त्यस्तै, झण्डै दुई तिहाइ जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा आश्रित छन्।

तर विडम्बनापूर्ण रूपमा, राष्ट्रिय बजेटमा कृषि क्षेत्रको हिस्सा त्यसको योगदान र जनसंख्यागत आधारअनुसार तुलनात्मक रूपमा निकै न्यून देखिन्छ। विगत केही वर्षको विश्लेषण हेर्दा कृषि क्षेत्रमा

विनियोजित बजेट औसतमा ३-४ प्रतिशतको हाराहारीमा सीमित छ, जसले सरकारको प्राथमिकतामा कृषि अझै पनि दोश्रो तहमा परिरहेको आभास गराउँछ।

यो अवस्था धेरै पक्षबाट चिन्ताजनक छः

- उत्पादनशीलता वृद्धि, आयस्रोत विस्तार र खाद्य सुरक्षाका लागि कृषि नै प्रमुख माध्यम हो भन्ने तथ्यलाई नीतिगत रूपमा समेटिए पनि, बजेट विनियोजनले त्यो गम्भीरता देखाउँदैन।
- अनुदान, बीउबिजन, सिँचाइ, प्रविधि हस्तान्तरण, बजार पूर्वाधार र तालिम जस्ता कार्यक्रमहरूलाई प्रभावकारी बनाउनका लागि वित्तीय प्रतिबद्धता अपरिहार्य हुन्छ।
- जलवायु परिवर्तन, आपूर्ति श्रृंखला असन्तुलन र ग्रामीण बेरोजगारीजस्ता चुनौतीहरूको सामना गर्न कृषि क्षेत्रमा लगानी बढाउनु रणनीतिक दृष्टिले समेत आवश्यक छ।

यस पृष्ठभूमिमा, राष्ट्रिय बजेटमा कृषि क्षेत्रको हिस्सा तर्कसंगत रूपले यसको योगदान र आवश्यकताको अनुपातमा विस्तार गर्नु अत्यावश्यक देखिन्छ। केवल योजनागत घोषणा होइन, स्थानीय तहसम्म कार्यान्वयन गर्न सकिने, लक्षित र मापनयोग्य बजेट व्यवस्थापनमार्फत मात्र कृषि विकासको अपेक्षित लक्ष्यमा पुग्न सकिन्छ। आर्थिक बर्ष २०७२/७२ देखि २०८२/८३ सम्म नेपाल सरकारले कृषि तर्फ बिनियोजन गरेको बजेटलाइ तलको चार्ट मार्फत चित्रण गरिएको छ ;

(बजेट रु लाखमा)



- चित्र १३: राष्ट्रिय कुल बजेटमा कृषि क्षेत्रको बजेटको अबस्था
- तालिका ८: बिभिन्न आ.व.मा नेपाल सरकारको कुल बजेट र कृषि तर्फ विनियोजित बजेट विवरण

क्रस	आर्थिक बर्ष	राष्ट्रिय कुल बजेट	कृषि तर्फ बजेट	प्रतिशत
१	२०७२७३/	६९३१४३६	२६६८२५	३८५.
२	२०७३७४/	९२९११०४	२७४३८२	२९५.
३	२०७४७५/	११३८७०७४	२४२६१९	२१३.
४	२०७५७६/	११५९४४५७	४०१७६५	३४७.
५	२०७६७७/	१३६५१०७३	३४८००५	२५५.
६	२०७७७८/	१४७४६४००	४१४०२०	२८१.
७	२०७८७९/	१६४७५७६७	४५०९८९	२७४.
८	२०७९८०/	१७९३८३७३	५५९७००	३१२.
९	२०८०८१/	१७५१३१२१	५८९८००	३३७.
१०	२०८१८२/	१८६०३०३०	५७२९००	३०८.
११	२०८२८३/	१९६४११००	५७४८००	२९३.

- स्रोतः अर्थ मन्त्रालयको बार्षिक RED BOOK तथा बार्षिक प्रगति सम्बन्धी प्रकाशनहरु, अर्थ मन्त्रालय

नेपाल सरकारको विगत ११ वर्षको राष्ट्रिय बजेट र कृषि क्षेत्रमा विनियोजित बजेटको विस्तृत विश्लेषण गर्दा, कुल राष्ट्रिय बजेट निरन्तर वृद्धि हुँदै गएको छ, तर कृषि क्षेत्रलाई उपलब्ध गराइने बजेटको अनुपात स्थिर र तुलनात्मक रूपमा न्यून रहेको छ। आर्थिक वर्ष २०७२/७३ देखि २०८२/८३ सम्म नेपालको कुल राष्ट्रिय बजेट उल्लेख्य मात्रामा बढेर द्रुत आर्थिक विकासको संकेत त दियो। तर, यसै अवधिमा कृषि तर्फ बजेटको हिस्सा २.१३ प्रतिशतदेखि ३.५ प्रतिशतसम्म सीमित रहनु नेपाल सरकारले “समृद्ध नेपाल, सुखी नेपाली”को राष्ट्रिय आकांक्षा पुरा गर्न अवलम्बन गरेको नीतिगत व्यवस्था, कृषि विकास रणनीतिले निर्दिस्ट गरेको कार्यक्रमहरु र बजेट अनुसार कृषिलाई प्राथमिकता नदिएको संकेत हो।

अर्थात्, यद्यपि कृषि क्षेत्रमा समर्पित रकममा केही वृद्धि भएको देखिए पनि कुल बजेटसँग तुलना गर्दा यसको वृद्धिदर पर्याप्त छैन। निरन्तर तीव्र आर्थिक वृद्धिका बाबजुद पनि कृषि क्षेत्रमा लगानीको अनुपातमा उल्लेखनीय वृद्धि नहुनुले कृषिको दिगो विकासमा चुनौतिहरू सिर्जना गरेको छ। यस्तो

बजेट विनियोजनले कृषि उत्पादन वृद्धि, किसानको आयस्तर सुधार, र खाद्यान्न सुरक्षा तथा आत्मनिर्भरतामा अपेक्षित परिवर्तन ल्याउन सकिरहेको छैन।

यो निरन्तरता सरकारले कृषिलाई राष्ट्रिय आर्थिक विकासको मुख्य प्राथमिकतामा नराखेको वा दीर्घकालीन रणनीतिमा कृषिका लागि अपर्याप्त स्रोत विनियोजन गरिएको बुझ्न सकिन्छ। नेपालजस्तो कृषि प्रधान मुलुकमा कृषि क्षेत्रलाई पर्याप्त बजेट नदिनु दीर्घकालीन रूपमा ग्रामीण विकास र समग्र समृद्धिमा बाधक हुनसक्छ।

पछिल्लो दुई तीन वर्षमा कृषि बजेटको प्रतिशत केही सुधारका संकेत देखिए तापनि त्यो पर्याप्त छैन। समृद्ध नेपाल निर्माणका लागि कृषिमा लगानी वृद्धिलाई प्राथमिकतामा राख्न आवश्यक छ। यसका लागि स्पष्ट नीति, योजनाबद्ध बजेट पुनर्संरचना र प्रभावकारी अनुगमन अनिवार्य छन्। यसो गर्दा मात्र कृषि क्षेत्रले अपेक्षित विकास र रूपान्तरण प्राप्त गर्नेछ र त्यसले समग्र सामाजिक तथा आर्थिक प्रगतिलाई तीव्रता प्रदान गर्ने अवसर मिल्नेछ। सरकारले कृषि क्षेत्रलाई मुख्य स्तम्भको रूपमा स्थापित गर्ने दृष्टिकोण राखेर बजेट विनियोजनमा उल्लेखनीय वृद्धि र स्थायीत्व ल्याउन आवश्यक छ।

ख. कृषि बजेटमा अनुदानको हिस्सा तथा खर्च विवरण

- तालिका ९: कृषि बजेटमा अनुदानको हिस्सा तथा खर्च विवरण

(रकम रु लाखमा)

क्र स	आर्थिक बर्ष	राष्ट्रिय कुल बजेट	कृषिको कुल बजेट	प्रतिशत	कृषि अनुदानको कुल बजेट	कृषि बजेटको प्रतिशत	खर्च भएको कृषि अनुदान	खर्च प्रतिशत (अनुदान)
१	२०७८७९/	१६४७५७६७	४५०९८९	२७४.	२४६७००	५४७.	२०८३००	८४४.
२	२०७९८०/	१७९३८३७३	५५९७००	३१२.	४५४५००	८१२.	३९५००६	८६९.
३	२०८०८१/	१७५१३१२१	५८९८००	३३७.	३६१३८०	६१३.	२९३१८८	८११.
४	२०८१)८२/ २०८१ फाल्गुन सम्म)	१८६०३०३०	५७२९००	३०८.	३६१५००	६३१.	११७६००	३२५.

- स्रोतः आर्थिक सर्बेक्षणहरु, अर्थ मन्त्रालय

उपलब्ध तथ्यांकको आधारमा आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्मको तीन वर्षको अवधिमा राष्ट्रिय कुल बजेटमा कृषि बजेटको हिस्साले औसत ३.०८ प्रतिशत मात्र ओगटेको देखिन्छ। पहिलो वर्ष २०७८/७९ मा यो अनुपात २.७४ प्रतिशत थियो, जुन २०७९/८० मा ३.१२ प्रतिशतमा पुगेर २०८०/८१ मा ३.३७ प्रतिशतसम्म वृद्धि भएको छ। विशेषतः नेपालको अर्थतन्त्रमा कृषिको योगदान र रोजगारजन्य भूमिकालाई विचार गर्दा यो वृद्धिले कृषि क्षेत्रमा बजेटीय प्राथमिकता क्रमशः बढ्दै गएको सङ्केत गरे पनि, राष्ट्रिय बजेटमा यसको हिस्सा अझै पनि तुलनात्मक रूपमा न्यून देखिन्छ।

कृषि बजेटभित्र अनुदानको हिस्सा भने उल्लेखनीय रूपमा उच्च रहेको छ। अध्ययन अवधिको औसतमा कृषि बजेटको करिब दुइ तिहाइ भाग प्रतिशत प्रत्यक्ष अनुदानमा विनियोजित भएको छ। २०७८/७९ मा यो हिस्सा ५४.७ प्रतिशत थियो, जुन २०७९/८० मा उल्लेखनीय रूपमा बढेर ८१.२ प्रतिशतमा पुगेको र २०८०/८१ मा फेरि घटेर ६१.३ प्रतिशतमा सीमित भएको पाइन्छ। यसबाट कृषि अनुदानलाई कृषि बजेट कार्यान्वयनको महत्वपूर्ण साधनको रुपमा लिएको देखिन्छ।

खर्च कार्यान्वयनको दृष्टिले हेर्दा, विनियोजित कृषि अनुदानको खर्च प्रतिशत २०७८/७९ मा ८४.४ प्रतिशत मात्र रहेको थियो, जसले बजेटको पूर्ण कार्यान्वयनमा कमजोरी देखाउँछ। तर, यो अनुपात २०७९/८० मा बढेर ८६.९ प्रतिशत र २०८०/८१ मा ८१.१ प्रतिशतमा पुगेको छ, जसले पछिल्ला वर्षहरूमा खर्च कार्यक्षमता केही सुधार भएको सङ्केत गर्दछ। यद्यपि, अझै पनि २०-२५ प्रतिशत रकम खर्च हुन नसक्नुमा योजनाबद्ध ढंगले क्रियाकलापहरु समयमै सम्पन्न नहुनु, खरिद तथा वितरण प्रक्रियामा ढिलाइ, र अनुदानसम्बन्धी निर्णय प्रक्रियामा प्रशासनिक बाधा रहेको देखाउँछ।

यस प्रवृत्तिले अनुदानको प्रभावकारितामा सीधा असर पार्छ। बजेट विनियोजनको चरणमै कृषि क्षेत्रमा सीमित प्रतिशतको वितरण, त्यसमा पनि प्रत्यक्ष अनुदानमा ठूलो हिस्सा राखिए पनि, खर्चको पूर्ण कार्यान्वयन नहुनुले अपेक्षित प्रतिफलमा कटौती भएको देखिएको छ। परिणामस्वरूप, लक्षित समूह‘ विशेषतः साना, सीमान्तकृत किसान, महिला तथा पिछडिएको समुदाय‘लाई निर्धारित समयमा अपेक्षाकृत लाभ पुग्न नसकेको देखिन्छ।



	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
कृषिको कुल बजेट	४५०९८९	५५९७००	५८९८००	५७२९००
कृषि अनुदानको कुल बजेट	२४६७००	४५४५००	३६१३८०	३६१५००
खर्च भएको कृषि अनुदान	२०८३००	३९५००६	२९३१८८	११७६००

- चित्र १४: कृषि बजेटमा कृषि अनुदानको हिस्सा तथा खर्च विवरण

३. आर्थिक बर्ष २०८० ८२/२०८१ र ८१/कृषिका बिभिन्न अवयवहरुमा बिनियोजन गरिएको बजेट



- चित्र १५: आर्थिक बर्ष २०८०/८१ मा कृषि क्षेत्रमा बिनियोजन गरिएको बजेट



- चित्र १६: आर्थिक बर्ष २०८१/८२ मा कृषि क्षेत्रमा बिनियोजन गरिएको बजेटको विवरण

आर्थिक बर्ष २०८० करोड बिनियोजन गरिएको कृषि क्षेत्रमा आर्थिक बर्ष ९८ अर्ब ५८ मा ८१/८२/२०८१ मा १ अर्ब ६९ करोड घटाएर ५७ अर्ब २९ करोड मात्रै बिनियोजन गरिएको छ। पछिल्लो आर्थिक बर्षभन्दा ६प्रतिशत बढेर आएको बजेटमा कृषिको २. हिस्सा भने घटेको छ। एकातिर नेपाल सरकारले २०८१ देखि २०९१ लाइ कृषिमा लगानी दशकको रुपमा घोषणा गरेको छ भने अर्कोतिर कृषिमा भएको बजेट समेत कटौती भएको छ। कुल राष्ट्रिय बजेटमा कृषिको हिस्सा घटेर ३.०८% मात्र छ, जुन सरकारको घोषित प्राथमिकता 'कृषिमा लगानी दशक २०८१-२०९१' सँग पनि मेल खान गाह्रो देखिन्छ।

आ.व. २०८०/८१ र २०८१/८२ दुबै वर्षमा कृषि बजेटको सबैभन्दा ठूलो हिस्सा रासायनिक मलमा केन्द्रित छ। २०८०/८१ मा कुल कृषि बजेटको ५०.८६% मल अनुदानमा खर्च भएको देखिन्छ भने २०८१/८२ मा यो अनुपात ४८.७९% मा झरेको छ। मलमा निर्भरता घटाउने सरकारी नीतिगत बहस भए पनि बजेटीय विनियोजनले अझै पनि मललाई अत्यधिक प्राथमिकतामा राखेको स्पष्ट हुन्छ। त्यस्तै, २०८०/८१ मा बीउमा ०.६७%, कृषि युवा स्टार्टअपमा २.०३% र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा ५.४५% मात्र विनियोजन भएको छ। २०८१/८२ मा भने केही विविधीकरण देखिन्छ'कृषि व्यवसायीकरण १.९५%, फलफूल खेती प्रवर्द्धन २.५१%,

उखु खेति प्रवर्द्धन ३.९३%, कृषि विकास तथा अनुसन्धानमा ६.१४% तथा गाई-भैंसी नस्ल सुधार ०.७% जस्ता शीर्षकमा छुट्टै रकम तोकिएको छ।

तर, दुई वर्षको तुलना गर्दा के देखिन्छ भने कृषि बजेट अझै पनि अत्यधिक संकुचित रूपमा वितरण गरिएको छ। आधुनिकिकरण, अनुसन्धान, नवप्रवर्तन र व्यवसायीकरणतर्फको हिस्सा न्यून छ भने युवा तथा सीपयुक्त जनशक्तिलाई आकर्षित गर्ने कार्यक्रमहरू प्रतीकात्मक मात्र छन्। सरकारले कृषि क्षेत्रमा लगानी दशक घोषणा गरेको सन्दर्भमा यो बजेटीय संरचना दीर्घकालीन दृष्टिकोणसँग मेल खान सक्दैन। रासायनिक मलमा अत्यधिक निर्भरता र अल्पकालीन राहतमुखी कार्यक्रमहरूले मात्र कृषिलाई आत्मनिर्भर, दिगो र प्रतिस्पर्धी बनाउन सक्दैन। कृषि प्रणालीलाई दिगो बनाउन उत्पादन प्रणालीमा विविधीकरण, अनुसन्धान तथा नवप्रवर्तन, बजार अभिमुखीकरण, युवा आकर्षण, र ग्रामीण रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्न आवश्यक छ। यदि लगानी दशकलाई सार्थक बनाउनुपर्ने हो भने पनि कृषि बजेटलाई दीर्घकालीन रूपान्तरणकारी संरचनामा पुनःसन्तुलन गर्न अपरिहार्य देखिन्छ।

४. कृषि कार्यक्रम तथा बजेटले साना सीमान्तकृत किसानसँग जोड्न सक्ने अन्तरसम्बन्ध

२०८०/८१ र २०८१/८२ आर्थिक वर्षका कृषि नीति, कार्यक्रम र बजेट सम्बन्धी विवरणमा उल्लेख गरिएका थुप्रै बुँदाहरूले साना तथा सीमान्तकृत कृषकहरूका लागि प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्न सक्ने प्रावधानहरू समावेश गरेका छन्। यस्ता कृषकहरूको आवश्यकता न्यून लागत, पहुँचयोग्य स्रोत, सिप, बजार र स्थायित्वमा आधारित हुन्छन्। जसलाई आ.व.२०८०/८१ र २०८१/८२ को बार्षिक नीति कार्यक्रम तथा बजेटहरूले सम्बोधन गर्न खोजेका देखिन्छन्। ती मुख्य सकारात्मक प्रभाव पार्ने प्रावधानहरूलाइ तल बुँदागत रूपमा विश्लेषण गरिएको छः

साना तथा सीमान्तकृत कृषकहरूका लागि सकारात्मक प्रभाव पार्ने प्रावधानहरूः

क. रैथाने बाली, बीउबिजन र जैविक विविधता संरक्षण

- परम्परागत र पोषकयुक्त बाली (मार्सी धान, कोदो, फापर, सिमी आदि) को संरक्षण तथा व्यवसायीकरणमा जोड दिइएको छ।
  साना किसानहरू प्रायः यस्ता स्थानीय बालीमा आधारित हुन्छन्, जसले अनुदान तथा संरक्षण कार्यक्रममा उनीहरूको सशक्त सहभागिता सुनिश्चित गर्छ।

ख. प्राङ्गारिक मल उत्पादन, उपयोग र प्रवर्द्धन

- जैविक मलको उत्पादन, प्रयोग तथा प्रमाणीकरणमा प्रोत्साहन गरिएको छ। साना किसानहरूसँग रासायनिक मल किन्ने आर्थिक हैसियत हुँदैन, जैविक मल उत्पादन तथा प्रयोगले उनीहरूलाई कम लागतमा उत्पादन बढाउन सहयोग पुर्याउँछ।

ग. सामुदायिक र स्थानीय तहको सहभागिता

- जैविक मल कारखाना स्थापना, उत्पादनमा आधारित अनुदान, र खाद्य कम्पनीमार्फत बजार प्रवर्द्धनका प्रावधानहरू सामुदायिक तहसम्म विस्तार गर्ने योजना देखिन्छन्। साना किसान समूह वा सहकारीमार्फत यस्तो पहुँच प्राप्त गर्न सक्ने हुँदा अनुदानको प्रत्यक्ष लाभ हुने सम्भावना हुन्छ।

घ. दर्ता प्रक्रिया र गुणस्तर सुधार

- स्थानीय जातका बाली दर्ता गरी उच्च उत्पादक जात प्रवर्द्धन गर्ने व्यवस्था छ। यो प्रक्रिया साना किसानको स्थानीय बीउको औपचारिक मान्यता र संरक्षणमा सहयोगी हुनेछ।

ङ. खाद्यान्न र तरकारीमा विषादी परीक्षणको विस्तार

- विषादी परीक्षणको दायरा बढाउने नीति सहर बजारका लागि स्वस्थ उत्पादन प्रवर्द्धन गर्न हो। साना किसानहरूले यदि सुरक्षित उत्पादन गर्न सके भने, बजारमा उनीहरूको उत्पादनको मूल्य, विश्वसनीयता र माग बढ्नेछ।

च. प्राकृतिक खेती प्रारम्भ र नमुना फार्म विकास

- सरकारी फार्ममा प्राकृतिक खेतीको अभ्यास सुरु गर्ने भनिएको छ। यसले साना किसानहरूलाई सिकाइ र अनुकूलनको अवसर प्रदान गर्छ, कम लागतको खेती अभ्यास सिकाउन सहयोग गर्छ।

छ. विद्यालय भोजन कार्यक्रममार्फत स्थानीय उत्पादकलाई प्रोत्साहन

- कक्षा १–५ सम्मको दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादन उपयोग अनिवार्य गरिने नीतिले साना किसानका लागि विद्यालय जस्ता संस्थागत बजार स्रोत खुल्छ, जसले आम्दानी सुनिश्चितता दिन्छ।

ज. समग्र विश्लेषणः

नीतिगत रूपले स्थानीय, जैविक, साना किसानमुखी र दीगो उत्पादन प्रणालीतर्फका योजनाहरु विस्तार हुँदै गएका छन्। यस्तो नीति ढाँचाले दीर्घकालमा साना तथा सीमान्तकृत कृषकहरूको उत्पादन, आय, र आत्मनिर्भरतामा सकारात्मक परिवर्तन ल्याउन सक्ने आधार निर्माण गर्छ।

तर, यी नीतिहरू स्थानीय तहमा प्रभावकारी कार्यान्वयन, सटिक लक्षित वर्ग पहिचान, र अनुगमन प्रणाली सशक्त नभएसम्म पूर्ण प्रभावकारिता देखिँदैन। त्यसैले, नीति-कार्यान्वयनको अन्तर घटाउने संयन्त्रको विकास सँगसँगै आवश्यक छ।

५ १..६ अन्य सरोकारवालाहरुसँगको अन्तरक्रिया

१ .सरोकारवालाहरु तथा जानिफकारहरूका प्रतिक्रिया तथा विश्लेषण

अध्ययनका क्रममा प्रदेश र स्थानीय तहसँग समन्य गरी कार्यरत गरी स्थानीय व्यावसायी, सेवा प्रदायक तथा सहकारी संस्था र समूहका ३० जना प्रतिनिधीहरुसँग अनुदानका विषयमा छलफल गरियो।

छलफलमा सहभागीमध्ये ५० प्रतिशत स्थानीय तहसँग सम्बन्धीत थिए भने १५ प्रतिशत प्रदेशस्तरीय र ३५ प्रतिशत सङ्घ स्तरीय सरोकारवालाहरु थिए। तीमध्ये ५० प्रतिशत व्यवसायी, १३ प्रतिशत नीतिनिर्माण तहका सरोकारवालाहरु र बाँकी ३७ प्रतिशत सरोकारवालाहरु सहकारी तथा समूहका पदाधिकारी संलग्न थिए।



- चित्र १७: अध्ययनमा सहभागी सरोकारवालाहरुको विवरण

तीमध्ये ५० प्रतिशत सरोकारवालाहरु अनुदानको अनुगमन तथा मूल्यांकन कार्यमा सहभागी थिए। सहभागीमध्ये अधिकांशले कृषि अनुदान कार्यक्रमले आफ्नो उद्देश्य पूर्ति गर्न असफल भएको बताएका छन्।



- चित्र १८: अनुदानको समाबेशिताको विवरण

सहभागीमध्ये ८७ प्रतिशतले अनुदानले सीमान्तकृत, महिना तथा साना किसानलाई नसमेटेको बताए भने मात्र १३ प्रतिशत यस्ता समूहलाई पनि समेटेको जनाए ।

सरोकारवालाहरूका बुझाइअनुसार हाल प्रचलित अनुदान कार्यक्रमहरूमा साना किसान, सीमान्तकृत समूह तथा महिलाहरूको सहभागिता उल्लेख्य रूपमा न्यून देखिन्छ। अनुदानलाई सबैका लागि पहुँचयोग्य बनाउने उद्देश्य राखिए पनि व्यवहारमा यसको लाभ मुख्यतः ठूला किसान वा प्रशासनिक पहुँच भएका व्यक्तिहरूले मात्र पाउँदै आएका छन्। यसका पछाडि विभिन्न कारणहरू देखिन्छन्।

सबैभन्दा पहिले, अनुदान प्राप्त गर्ने प्रक्रिया अत्यन्तै लामो र जटिल छ। विभिन्न कागजी प्रमाण, निवेदन, सिफारिस र स्वीकृतिको बहुलताले गर्दा सामान्य किसानका लागि समय र खर्च दुवैका हिसाबले असहज हुन्छ।

सरोकारवालाहरूले औंल्याए अनुसार, जानकारी र सूचनाको कमी पनि ठूलो समस्या हो। ग्रामीण भेगका साना किसान र सीमान्तकृत समूहसम्म अनुदानसम्बन्धी जानकारी पर्याप्तरूपमा पुग्दैन। सूचना पुगे पनि, कागजी प्रक्रिया, फर्म भर्ने झन्झट, दस्तावेज तयार पार्नुपर्ने समस्या, तथा लेखपढ गर्न नसक्ने अवस्था भएकाले उनीहरू अनुदानको दायराबाट बाहिरै रहन्छन्। फलस्वरूप, सबैभन्दा बढी आवश्यक परेका कृषकहरू नै कार्यक्रमबाट वञ्चित हुने स्थिति कायम हुन्छ। विभिन्न सरोकारवालाहरु मध्ये राष्ट्रिय कृषक समूह महासंघले साना तथा सीमान्तकृत किसानहरुलाई प्रत्यक्ष लाभ हुने तथा जिबिकापार्जन र व्यावसायिकता समेत ल्याउने किसिमका केहि अभ्यास हरु संचालन गरेको पाइयो। राष्ट्रिय कृषक समूह महासंघले संचालन गरेका केहि अभ्यासहरू तल उल्लेख गरिएको छ ;

क. राष्ट्रिय कृषक समूह महासंघ, नेपाल

राष्ट्रिय कृषक समूह महासंघ नेपालको कृषि क्षेत्रलाई सबल, दिगो र आत्मनिर्भर बनाउन किसानकै नेतृत्वमा स्थापना भएको, गैरराजनीतिक, किसान अधिकारप्रति समर्पित साझा छाता संगठन हो। मुलुकको कुल श्रमशक्ति र अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँदा पनि असंगठित र सीमान्तकृत अवस्थाका कारण किसानहरू राज्यको मूलधारमा आउन नसकेको पृष्ठभूमिमा यस महासंघको परिकल्पना भएको पाइन्छ। विगत १४ वर्षदेखि क्रियाशील महासंघले साना, महिला, भूमिहीन र सीमान्तकृत किसानलाई प्राथमिकतामा राख्दै कृषक समूह, पशु सेवा समूह र सहकारीमार्फत संगठित गर्दै आएको छ। सेवाप्रदायक निकायमा किसानको पहुँच बढाउने, खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, किसान अधिकारको पैरवी गर्ने र दिगो, पर्यावरणमैत्री उत्पादनमार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा

पुऱ्याउने यसको मुख्य ध्येय हो। "सशक्त, समृद्ध, सम्मानित किसान-सवल महासंघ" भन्ने दूरदृष्टि बोकेको यो संगठन हाल ६९ जिल्लासम्म आफ्नो संरचना विस्तार गरी किसानलाई सशक्तिकरण, क्षमता अभिवृद्धि, प्रतिनिधित्व र सम्मानित जीवनयापनतर्फ उन्मुख गराउन क्रियाशील छ। राष्ट्रिय कृषक समूह महासंघ, केयर नेपाल र मधेश प्रदेशमा रहेको सिराहा र सप्तरीमा भएका केहि पालिकाहरुसंग समेत सहकार्य गरि संचालनमा रहेको केहि अनुदानका महत्वपूर्ण कार्यक्रम र तिनले पारेको प्रभाव विश्लेषण तल गरिएको छ।

अ. करार खेति

राष्ट्रिय कृषक समूह महासंघ, स्थानीय तह र केयर नेपालको सहकार्यमा मधेश प्रदेशका सिराहा र सप्तरीका बिभिन्न पालिकाहरुमा साना तथा सीमान्तकृत किसान लक्षित कार्यक्रम हरु संचालनमा आएको देखिन्छ। रुपनी गाउँपालिका, अग्नि साइर कृष्णासवरन गाउँपालिका, भगवानपुर गाउँपालिकाका ५ वटा महिला कृषक समूह मार्फत बिपन्न साना तथा सीमान्तकृत किसानहरुलाई अन्नबाली, तरकारीबाली लगायत बिभिन्न बेमौसमी बालीहरु उत्पादन गर्न जम्मा १२३ घरधुरिलाइ २०७ कट्ठा जग्गा लिजमा लिएर करार खेति संचालन भईरहेको छ। जग्गा सँगै प्राविधिक जनशक्तिको उपलव्धता गराई किसानहरुको खेतमै प्राविधिक तालिम हस्तान्तरण गरि बिपन्न जग्गा बिहिन परिवारलाई जिबिकापार्जन संग जोडेको देखिन्छ। त्यस्तै, ४ वटा महिला कृषक समूह मार्फत ३८ जना किसानहरुलाई ३४ कट्ठा जमिनमा भएको पोखरी लिजमा उपलव्ध गराई माछा उत्पादन भईरहेको देखिन्छ।साथै स्थानीय तह, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि., केयर नेपाल र राष्ट्रिय कृषक समूह महासंघ नेपालको संयुक्त सहकार्यमा किसान कार्ड मार्फत किसानहरुलाइ अनुदान उपलब्ध गराउन सफल नमुना सुरुवात भएको पाइएको छ। उक्त कार्यक्रम साना सीमान्तकृत किसानहरुलाई प्रत्यक्ष अनुदान उपलव्ध गराउन अत्यन्त सफल कार्यक्रमको रुपमा संचालन भईरहेको पाइयो। समूह मार्फत जलबायु मैत्री गाउँ निर्माण गर्ने किसिमका कार्यक्रमहरु अत्यन्त सहजताका साथ् संचालन भएको र जलबायु मैत्री परियोजना निर्माणमा स्थानीय तहहरु समेत अग्रसर रहेर कार्य गरेको पाइयो। राष्ट्रिय कृषक समुह महासंघले आघि सारेको साना तथा सिमान्तकृत किसान लक्षित अनुदान मोडेलबाट लाभान्वित किसानहरुमा उत्साह जागेको र सानो सानो सहयोगमा पनि किसानहरु आफुलाई चाहिएको बेलामा आवश्यक पर्ने मात्र सहयोग प्राप्त भएकोले खुसि भएको पाइयो।

परिच्छेद ६- अनुदानको समग्र प्रभाव विश्लेषण

नेपालमा संघीय, प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका कृषि अनुदान कार्यक्रमहरूले कृषकलाई उत्पादन लागत घटाउन, उन्नत बीउ, मल, खोप, पशु आहार, आधुनिक कृषि यन्त्र, तालिम तथा प्राविधिक सेवामा पहुँच बढाउन महत्वपूर्ण योगदान पुऱ्याएका छन्। स्थलगत अवलोकन र अनुदानग्राहीहरूसँगको अन्तरवार्तामा प्राप्त प्रमाणहरूले समेत अनुदानले कृषकलाई कृषि पेशा र व्यवसायको रूपमा अघि बढाउन उत्प्रेरित गरेको देखाउछ।

कतिपय कृषकले अनुदानमार्फत प्रविधि र साधनमा गरेको लगानीले उत्पादन तथा उत्पादकत्व बढाएको मात्र होइन, नयाँ आम्दानीका अवसर सिर्जना गरी जीवनयापन दिगो बनाउन सहयोग पुगेको छ। उदाहरणका लागि, तरकारी खेती, उन्नत जातका पशुपालन, कुखुरापालन तथा कृषि यन्त्रको प्रयोगबाट कृषकहरूले उत्पादन वृद्धि, बजारमा पहुँच सहजता, र नाफा वृद्धिको अनुभव गरेका छन्। यसले कृषक परिवारमा खाद्य तथा पोषण सुरक्षा पनि सकारात्मक रूपमा सुधार गरेको छ।

तर, यद्यपि अनुदानले केही सकारात्मक उपलब्धि ल्याएको देखिए पनि यसको प्रभावकारिता अपेक्षित रूपमा पूर्ण भएको छैन। महालेखा परीक्षक र अन्य अध्ययनले अनुदान वितरणमा कार्यविधि र नीतिगत स्पष्टता अभाव, विभिन्न निकायबीच समन्वयको कमी, वास्तविक कृषकको पहिचानमा कमजोरी, ढिला वितरणका कारण समयमा बीउ र मल नपुग्ने, तथा विपन्न कृषकलाई पहुँच नपुग्ने जस्ता समस्या देखाएका छन्। कतिपय अवस्थामा एउटै लाभग्राहीले फरक निकायमार्फत पटक-पटक अनुदान प्राप्त गरेको, र केही व्यवसायी वा समूहले मात्र लाभ लिएको तथ्य पनि पाइन्छ।

विगत पाँच वर्षमा अनुदान रकम वृद्धि भए तापनि खाद्यान्न, तरकारी र फलफूल उत्पादनमा उल्लेखनीय वृद्धि नभएको, अनुगमन र मूल्याङ्कन प्रणाली कमजोर भएको र कार्यक्रमको दिगोपना सुनिश्चित गर्ने कानुनी आधार कमजोर रहेको देखिन्छ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार आ.व. २०८०/८१मा कृषि मन्त्रालयबाट संचालन भएका कार्यक्रमहरुबाट निक्यौंल गरिएका सार निम्नानुसार छन् ;

- आवधिक योजनाको लक्ष्य अनुसार प्रगति हासिल नभएको,
- आयोजनाहरु परामर्शसेवामा बढी निर्भर रहेको,
- बार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर देखिएको,

- अनुदानको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नभएको,
- रासायनिक मलमा दिएको अनुदान रकमको हिस्सा बारे लामो समय देखि पुनरावलोकन नभएको,
- आयोजनाहरुले लक्ष्य अनुसारको उपलब्धि हासिल गर्न नसकेको

यसरी हेर्दा, नेपालका कृषि अनुदान कार्यक्रमहरूले कृषिमा प्रविधि, लगानी र उत्पादन विस्तार गर्ने केही हदसम्म सकारात्मक भूमिका खेले पनि, संरचनागत कमजोरी, व्यवस्थापकीय चुनौती र लाभग्राही पहुँचमा असमानताका कारण यसको प्रभावकारिता पूर्ण रूपमा प्रकट हुन सकेको छैन। अब अनुदानका कारणले पारेको प्रभाव हरुलाई केहि तथ्यगत हिसाबले तल प्रतुत गरिएको छ ;

१. कृषि बिमा कार्यक्रम

कृषि तथा पशुपन्छी बिमा समानताको नीतिमा आधारित रहेकाले, बैकल्पिक उपायहरू अध्ययन गरी समता सुनिश्चित गर्ने नीति लागू गर्नु आवश्यक देखिन्छ। हाल कृषकहरूको शतप्रतिशत पहुँच सुनिश्चित भएको अवस्थामा, बिमा प्रिमियममा उपलब्ध गराइने अनुदान रकम लगभग २५ गुणाले बढ्ने अनुमान गरिएको छ। साथै, प्रति कृषक परिवारको बिमाङ्क रकममा सीमाङ्कन गरी साना र विपन्न कृषकलाई प्राथमिकतामा राखेर प्रिमियममा अनुदान दिने व्यवस्था नीति र कानुनमार्फत स्पष्ट रूपमा लागू गर्नुपर्ने आवश्यकता रहेको छ।

कृषि, पशुपन्छी तथा जडीबुटी बिमा निर्देशिका, २०७९ अनुसार बिमा दाबी जानकारी प्राप्त भएको मितिदेखि अधिकतम ५७ दिनभित्र बिमकले दाबी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर, चालु वर्ष १४ वटा बिमा कम्पनीमा ३२ हजार ५६६ बिमालेखवाट रु.१ अर्ब ७० करोड ७ लाखको दाबी माग भएकोमा अघिल्लो वर्षको दाबी भुक्तानीसमेत गरी ३३ हजार १२८ बिमालेखका लागि रु.१ अर्ब ५८ करोड ४३ लाख मात्र भुक्तानी गरिएको छ। यसरी ४ हजार ८२७ बिमालेखका रु.३७ करोड ४१ लाख बराबरका दाबी अझै भुक्तानी हुन बाँकी छ। बिमितले समयमै क्षतिपूर्ति नपाउँदा आर्थिक सङ्कट भोग्नु परेको, बिमा प्रणालीप्रति विश्वास घट्दै गएको र बिमाको निरन्तरता कमजोर हुँदै गएको देखिन्छ।

त्यस्तै राष्ट्रिय कृषिगणना, २०७८ अनुसार कुल ४१ लाख ३१ हजार कृषक परिवारमध्ये मात्र १ लाख ८२ हजार ४४१ परिवार (४.४ प्रतिशत) ले कृषि वा पशुपन्छी बिमा गरेका छन्। बिमासम्बन्धी जनचेतनाको कमी, ग्रामीण तथा दुर्गम क्षेत्रमा बिमा सेवा सहज रूपमा नपुगेको अवस्था, बिमा

प्राधिकरणबाट प्रभावकारी अनुगमनको कमी तथा बिमित कृषकको हित संरक्षणमा कमजोरीका कारण बिमाको दायरा अपेक्षाकृत रूपमा विस्तार हुन सकेको छैन।

त्यसै राष्ट्रिय कृषिगणना, २०७८ अनुसार बिमा गर्ने कृषक परिवारमध्ये ९२ प्रतिशतले पशुपन्छी बिमा गरेका छन् भने ८ प्रतिशतले मात्र कृषि बिमा गरेका छन्। कृषि क्षेत्रमा बिमा न्यून हुनुका कारणहरूमा बिमा योजनाको अपर्याप्त प्रचारप्रसार, कृषकमा बिमासम्बन्धी न्यून जागरूकता, बिमा प्रक्रियाको जटिलता, कृषि उत्पादनमा आउने जोखिमको यथोचित मूल्याङ्कन नहुनु, साथै बिमा कम्पनीले कृषि बिमामा प्राथमिकता नदिनु रहेका छन्।

यस अवस्थाको सुधारका लागि कृषकलाई लक्षित गरी विशेष प्रचारप्रसार, तालिम र कार्यशाला सञ्चालन गर्नुका साथै बिमा प्राधिकरणले बिमा कम्पनीहरूलाई ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न अभिप्रेरित गर्ने र प्रभावकारी अनुगमन प्रणाली लागू गर्नु आवश्यक देखिन्छ।

सरकारले कृषि तथा पशुपन्छी बिमा प्रिमियममा अनुदान प्रदान गर्ने व्यवस्था कृषकहरूमा बिमा सम्बन्धी सचेतना बढाउन महत्वपूर्ण भूमिका खेलेको छ। यद्यपि, हालको अवस्थामा साना र सीमान्तकृत कृषकहरूको बिमामा पहुँच अझै सीमित रहेको देखिन्छ। प्रमुख चुनौतीहरूमा अनुदानसम्बन्धी जानकारीको कमी, बिमा दाबी प्रक्रिया जटिल र ढिलाइ हुनु, बिमा कम्पनीहरूले अनुदान रकम समयमा नपठाउनु, र दुर्गम क्षेत्रमा बिमा सेवाको पहुँच सीमित हुनु समावेश छन्।

बिमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न निम्न उपायहरू लागू गर्न आवश्यक छः

- आर्थिक रूपमा विपन्न कृषकसम्म बिमा पहुँच सुनिश्चित गर्ने।
- स्थानीय तहसँग समन्वय गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा बिमा जनचेतना अभियान सञ्चालन गर्ने।
- वर्तमान बिमाङ्क रकमको आधारमा अनुदानको प्रावधान पुनरावलोकन गरी साना कृषकलाई लक्षित गरेर बिमा अनुदान वर्गीकरण सघन बनाउने।
- बिमाङ्क रकम र प्रिमियम निर्धारण गर्दा बजार दर, लागत र उत्पादन दरलाई आधार बनाउने।
- अनलाइन बिमालेख प्रणाली सरल, सहज र सबैका लागि पहुँचयोग्य बनाउने।
- बिमा कम्पनीहरूलाई अनुदानबापतको रकम समयमा भुक्तानी सुनिश्चित गर्ने।

- बिमा दाबी भुक्तानी प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाउने।
- अनुदानको दुरुपयोग रोक्न कडा अनुगमन र कारबाही प्रणाली लागू गर्ने।
- प्रदेश र स्थानीय तहलाई बिमा कार्यक्रमको कार्यान्वयन तथा अनुगमनको जिम्मेवारी प्रदान गर्ने।

यी उपायहरूको कार्यान्वयनबाट कृषि तथा पशुपन्छी बिमा कार्यक्रमको पहुँच र प्रभावकारिता दुवैमा सुधार ल्याउन सकिनेछ।

२. व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा र व्याज अनुदान

नेपाल राष्ट्र बैंकले पुनर्कर्जा तथा सहुलियतपूर्ण कर्जाको प्रयोगसम्बन्धी अध्ययनका लागि नियुक्त परामर्शदाताले प्रस्तुत प्रतिवेदनअनुसार १ लाख ७२ हजार ६५४ ऋणीमध्ये १८.३४ प्रतिशत अर्थात् ३१ हजार ६६४ ऋणीका फाइल र १ हजार ८३८ परियोजनाको स्थलगत निरीक्षण गरिएको छ। सो अध्ययनअनुसार ७ प्रतिशत ऋणीको रु.६ अर्ब ३५ करोड ६० लाख कर्जा सदुपयोग नभएको, १२ प्रतिशत ऋणीको रु.१८ अर्ब ७४ करोड ९० लाख कर्जामा लक्षित वर्ग पहिचान नभएको, ६ प्रतिशत ऋणीको रु.१० अर्ब ४९ करोड १० लाखमा दोहोरो कर्जा सुविधा उपयोग भएको र ११ प्रतिशत ऋणीको रु.२१ अर्ब २५ करोड ४० लाख कर्जामा दुरुपयोगको आशंका देखिएको छ। साथै व्यावसायिक कृषि तथा पशुपन्छी कर्जातर्फ रु.५ अर्ब ३४ करोड ५४ लाख कर्जा प्रवाह भएका १० हजार ९८१ ऋणीको नमुना परीक्षण गरिएको पनि प्रतिवेदनमा उल्लेख छ।

यस कार्यक्रम सार्वजनिक गर्नु अघि पर्याप्त अनुसन्धान, तथ्यगत विश्लेषण र विगतका अनुभवहरूको समीक्षामा कमी देखिन्छ। कार्यविधि बारम्बार संशोधन हुनुका कारण स्थायित्वमा असर परेको छ। लक्षित समूहको स्पष्ट पहिचान नहुनु, ब्याज अनुदान वितरण प्रक्रियामा जटिलता रहनु, तथा वित्तीय संस्थालाई कृषि क्षेत्रमा लगानी गर्न पर्याप्त प्रोत्साहन नदिइनु प्रमुख चुनौतीका रूपमा देखिन्छन्। यी कारणले गर्दा कार्यक्रमले लक्षित कृषकलाई अपेक्षित लाभ पुऱ्याउन नसकेको छ। त्यसैले सहुलियतपूर्ण कर्जा कार्यक्रमको पारदर्शिता र प्रभावकारिता दुवैमा अझै सुधार आवश्यक देखिन्छ।

३. नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

आयोजनाको सम्पन्न प्रतिवेदनअनुसार कुल ५ हजार पशु प्राविधिक र ९ हजार ३९२ कृषकलाई तालिम प्रदान गरिएको छ। पोखरा राष्ट्रिय पशु प्रजनन केन्द्रबाट वार्षिक ७५ हजार डोज सिमेन

उत्पादन भई देशभर वितरण भएको र लहानमा सिमेन प्रोसेसिङ ल्याब स्थापना गरिएको छ। केन्द्रीय पशु प्रयोगशालाको क्षमता अभिवृद्धि गर्दै बी.एस.एल.-२ प्लस ल्याब निर्माण गरिएको छ भने खोरेत रोग, पी.पी.आर. र लम्पी स्किन विरुद्ध ११ लाख डोज खोप लगाएर महामारी नियन्त्रण गरिएको छ। पूरक अनुदानतर्फ रु. १ अर्ब ९२ करोड ३६ लाख ६८ हजार निकासा गरिएको र ५० लाख डोज क्षमताका ७ ठूला तथा २५ लाख डोज क्षमताका १४ साना कोल्डचेन संरचना निर्माण भएका छन्। बजेट पक्षमा, प्रारम्भिक सम्झौताअनुसार अमेरिकी डलर ११५ मिलियन विनियोजन भए पनि संशोधनपछि ५९.१६ मिलियन कायम भई त्यस मध्ये ५८.७३ मिलियन मात्र खर्च भएको पाइन्छ, जसमा "साना कृषक समावेशी मूल्य श्रृङ्खला प्रवर्द्धन" अन्तर्गत ३२.१ मिलियन विनियोजनमा ३२ मिलियन खर्च भएको देखिन्छ।

आधाररेखा सर्वेक्षण (२०७६/७७) अनुसार प्रतिगाई वार्षिक दुध उत्पादन १,२३२ लिटर रहेकोमा २०७९/८० मा २,२०४ लिटर पुगेको छ, जसले ८० प्रतिशत वृद्धि देखाउँछ तर २०८०/८१ मा १,६९६ लिटर मात्र उत्पादन भई आधार वर्षभन्दा ३८ प्रतिशत वृद्धि भए पनि अघिल्लो वर्षभन्दा २३ प्रतिशत कम भएको छ। भैंसीतर्फ २०७६/७७ मा ७४० लिटर उत्पादन भएकोमा २०७९/८० मा १,४०१ लिटर पुगेको छ (८९% वृद्धि), तर २०८०/८१ मा ८०० लिटर मात्र भई आधार वर्षभन्दा ५.११% मात्र बढी र अघिल्लो वर्षभन्दा ४३% कम भएको छ। बिक्री मूल्यमा पनि अस्थिरता देखिएको छ। दुधतर्फ २०७६/७७ मा औसत वार्षिक बिक्री मूल्य रु.३ लाख २ हजार रहेकोमा २०७९/८० मा रु.५ लाख ७३ हजार (८९.९% वृद्धि) पुगेको तर २०८०/८१ मा रु.३ लाख ६३ हजारमा झरेको छ, जुन आधार वर्षभन्दा २०.१३% बढी भए पनि अघिल्लो वर्षभन्दा ३६.६४% कम हो। खसी–बोका मासुतर्फ २०७६/७७ मा रु.४३ हजार वार्षिक आम्दानी भएकोमा २०७९/८० मा रु.१ लाख ३ हजार (१३९.१८% वृद्धि) र २०८०/८१ मा रु.१ लाख ४० हजार (२२६.६७% वृद्धि) पुगेको देखिन्छ। यद्यपि यसमा वर्षैपिच्छे अत्यधिक उतारचढाव देखिएकाले तथ्याङ्क विश्वसनीय देखिँदैन। च्याङ्ग्राको ऊन उत्पादनबारे प्रतिवेदनहरूमा प्रगति विवरण अभाव रहेको छ, यद्यपि मनाङ र मुस्ताङका १३ फर्मलाई रु.७ करोड ५३ लाख ८५ हजार पूरक अनुदान वितरण गरिएको देखिन्छ।

आयोजनाको कार्यक्षेत्र र बजेटबीच तालमेलको अभाव, वितरण गरिएका उपकरण तथा संरचनाहरू प्रयोगविहीन रहनु, बिमा दाबीमा कठिनाइ हुनु, रोग तथा महामारी नियन्त्रणमा पर्याप्त ध्यान नपुग्नु, र व्यवस्थापकीय तथा प्राविधिक ज्ञान अभिवृद्धिका लागि आवश्यक तालिम कार्यक्रमको कमी हुनु प्रमुख

कमजोरीका रूपमा देखिन्छ। साथै, महिलाको पहुँच न्यून रहनु, संस्थागत संरचना जटिल रहनु, सम्पन्न कार्यक्रमहरूको दिगोपनामा कमी, कृषकमा ऋण भार बढ्नु, र व्यवसायलाई निरन्तरता दिन नसक्नु जस्ता समस्याहरू समेत प्रष्ट भएका छन्। यसैले, आयोजनाबाट सञ्चालित कार्यक्रमहरूले दीगो प्रभाव कायम गर्न नसकेको देखिन्छ।

महालेखा परीक्षकको लेखापरीक्षण तथा स्थलगत अनुगमनबाट आएको प्रतिबेदनलाई श्रोत मानि प्रकाशन गरेको बार्षिक प्रतिबेदन अनुसार काठमाडौं, काभ्रे, कास्की, रूपन्देही, उदयपुर, सप्तरी, सिरहा र धनुषाका ४५ उप-आयोजनामा पशु संख्या न्यून, ऋण तिर्न जग्गा बिक्री गर्नु परेको, केही फार्म बन्द भएको, केही संरचना व्यापारीलाई बिक्री गरिएको, खरिद गरेका गाई आयोजना अवधिभित्रै मरेको, भैंसी खरिदै नगरी अरूको फार्ममा देखाएको, गोठ प्रयोगविहीन अवस्थामा रहेको, प्राविधिक ज्ञान अभाव र नोक्सानका कारण समूहले व्यवसाय बन्द गरेको तथ्य देखिएको छ। यसरी प्रारम्भिक उपलब्धिहरू (तालिम, खोप, पूर्वाधार निर्माण, अनुदान वितरण) उल्लेखनीय भए पनि उत्पादन, आम्दानी र टिकाउपनामा निरन्तरता कायम गर्न नसकिएको, तथ्याङ्क असंगत र अविश्वसनीय देखिएको र अपेक्षित परिणाम हासिल गर्न आयोजना सफल नभएको निष्कर्ष महालेखा परीक्षकको कार्यालय ले निकालेको छ।

४. कृषि क्षेत्रको अनुदान र खाद्यान्न उत्पादन

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट प्राप्त विवरणसनुसार बिगत ५ बर्षमा कृषि क्षेत्रमा अनुदान वितरण र उत्पादनको अबस्था निम्नानुसार छः

- तालिका १०: बिगत ५ बर्षमा कृषि क्षेत्रमा अनुदान वितरण र उत्पादनको अबस्था

आर्थिक बर्ष	अनुदान रु) करोड (	खाद्यान्न उत्पादन मेट्रिकटन) (हजारमा			तरकारी उत्पादन मेट्रिक) (टन हजारमा			फलफुल उत्पादन (मेट्रिकटन हजारमा)		
		लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
२०७६७७/	१६८३	१०३९०	१०३६९	९९८०.	४०८९	४०८९	१००	१३००	१०९६	८४३०.
२०७७७८/	१९६८	१०८००	१०५५८	९७७६.	४२८०	४१९६	९८	१३०५	१३६०	१०४२१.
२०७८७९/	२०८३	१०९६५	१०७७२	९८२४.	४४६१	४१५३	९३	१४५०	१४१६	९७६५.
२०७९८०/	३९५०	१४०००	१०७७७	७६९८.	४४९०	४३३२	९६४८.	१४९२	१४४७	९६९८.

२०८०८१/	२९३४	१०९६५	१०९६८	१००	४३३२	४३९८	१०१५२.	१४५२	१५३८	१०५९२.

- स्रोतः-महालेखा परिक्षण प्रतिबेदन -२०८२

पन्ध्रौं योजनाअनुसार कृषि क्षेत्रमा ५.८ प्रतिशत वृद्धि दर हासिल गर्ने लक्ष्य रहेकोमा वास्तविक वृद्धि ३.०५ प्रतिशतमा सीमित भएको देखिन्छ। त्यस्तै, कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २२.३ प्रतिशतमा झार्ने लक्ष्य भए पनि प्रतिवेदनले सो योगदान २४.०९ प्रतिशत रहेको जनाएको छ। दुध उत्पादन भने लक्ष्यअनुरूप पुगेको भए तापनि धान, मकै, गहुँ, तरकारी, आलु, फलफूल र माछा उत्पादनमा वार्षिक लक्ष्यअनुसारको प्रगति हासिल हुन सकेको छैन। प्रमुख बालीमा बीउ प्रतिस्थापन दर २५ प्रतिशत पुऱ्याउने योजना भए पनि सो प्रगति २३.१४ प्रतिशतमै सीमित भएको देखिन्छ। साथै, आवधिक योजनाले तोकेको नतिजा खाकाअनुसार कोदो, फापर, दलहन, तेलहन, उन्नत जातका बीउ तथा घाँसको बीउ उत्पादनसम्बन्धी वार्षिक लक्ष्य र त्यसअनुरूपको प्रगति विवरण प्रतिवेदनमा समावेश गरिएको छैन। अतः आवधिक योजनामा तोकिएका नतिजा खाकालाई आधार बनाएर वार्षिक लक्ष्य स्पष्ट पार्दै सोहीअनुसार प्रगति सुनिश्चित गर्नु अपरिहार्य देखिन्छ।

५. रासायनिक मल अनुदान

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले आ.व.२०८०/८१मा रासायनिक मल खरिदका लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई ४ लाख २० हजार मेट्रिकटनका लागि रु.१५ अर्ब ५० करोड ८९ लाख र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई १ लाख ८५ हजार मेट्रिकटनका लागि रु.८ अर्ब ५३ करोड ६४ लाख गरी जम्मा रु.२४ अर्ब ३४ करोड ५३ लाख अनुदान उपलब्ध गराएको छ। सो रकमबाट कृषि सामग्री कम्पनीले २ लाख ७५ हजार २१६ मेट्रिकटन र साल्ट ट्रेडिङले १ लाख ८५ हजार ५०३ मेट्रिकटन गरी कुल ४ लाख ६० हजार ७१९ मेट्रिकटन मल खरिद गरेको देखिन्छ। रासायनिक मलको आपूर्ति प्रभावकारी बनाउन समयमै स्रोत सुनिश्चित गर्नु, भारतलगायतका मुलुकमा अपनाइएका राम्रा अभ्यासको अनुकरण गर्दै वार्षिक खरिद क्यालेन्डर तयार गरी नियमित प्रक्रिया अघि बढाउने, अन्तर्राष्ट्रिय बजारमा मूल्यमा उतारचढाव आएमा सोअनुसार मूल्य समायोजन गरी भुक्तानी गर्ने व्यवस्था मिलाउने, ढुवानी चाप कम गर्ने उपाय अवलम्बन गर्ने तथा बिक्री वितरण अवस्थाको नियमित अनुगमन गर्ने कार्य संचालन गर्नु आवश्यक देखिन्छ।

६. स्थानीय तहमार्फत वितरण गरिने अनुदान

अध्ययनका क्रममा समाबेश भएका स्थानीयतहहरु तथा अन्य स्थानीय तहको नीति,कार्यक्रम र आवधिक योजनाका दस्ताबेज अध्ययन गर्दा स्थानीय तहहरुले कृषिलाई बिशेष प्राथमिकतामा राखेर योजना निर्माण हुने प्रत्याभूति दिएको देखिन्छ। तर बिडम्बना नीति एकातिर बजेट तथा कार्यक्रम अर्कोतिर हुने गरि कृषिले नीतिमा पाएको प्राथमिकता बजेट सम्म आइपुग्दा धेरै नै भिन्नता पाइन्छ। बजेट निर्माण तथा कार्यान्वयनमा प्रायः सबैको ध्यान भौतिक पूर्वाधारजन्य विकास तर्फ केन्द्रित देखिन्छ। कृषिको कार्यक्रम निर्माण गर्दा नेपाल सरकारको आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारका बार्षिक नीति तथा कार्यक्रम तथा कृषि विकास रणनीतिले देखाएको खाकालाई प्रायः स्थानीय तहहरुले बेवास्था गरेको पाइन्छ।कृषि बजेटको अधिकांश हिस्सा कृषि अनुदानले लिएको देखिएता पनि उद्धेश्य र आवश्यकता पहिचान बिना कर्मचारीको सहजता र जनप्रतिनिधिहरुको आफ्नो बिबेकीय चाहना अनुरुप डिजाइन गरेर कार्यान्वयन गरिने अनुदानले खासै प्रगति हासिल गर्न नसकेको देखिन्छ। प्रायः स्थानीय तहले कृषि र पशुपंक्षी विकासको दिगो रणनीति निर्माण गरेको पाइदैन। अधिकांश स्थानीय तहहरुले अनुदान प्रक्रियामा समेत स्थानीय तह आफैले बिभिन्न बिउ बिजन देखि मेसिन उपकरण सम्मका कार्यक्रमहरु आफैले खरिद गरेर किसानहरुलाई उपलव्ध गराइएको पाइन्छ। यसरि खरिद गर्दा मूल्यमा अन्तर, गुणस्तर नियन्त्रण हुन नसक्ने जस्ता समस्या देखिने गरेका छन्।समग्रमा स्थानीय तहका प्राविधिकहरुमा समेत प्रभावकारी योजना निर्माण क्षमता तथा ज्ञानको अभावका कारणले स्थानीय तहमार्फत हुने कृषि प्रसार प्रभावित भई राष्ट्रिय आकांक्षा "समृद्ध नेपाल, सुखी नेपाली "को यात्रालाइ प्रभाव पार्ने देखिन्छ ।तसर्थ स्थानीय तहमा कृषि अर्थबिज्ञ, कृषि योजनाविद तथा कृषि इन्जिनियरिंग र कृषि बिज्ञान संग सम्बन्धित प्राविधिक बिज्ञ जनशक्तिको उपलव्धता तथा प्रयोग हुने माध्यम सिर्जना गर्नु अत्याश्यक देखिन्छ। स्थानीय तहहरुलाई भौगोलिक अवस्थिति र कृषि क्षेत्रको सम्भाव्यताको आधारमा योजना निर्माण तथा कार्यान्वयनको खाकाँ निर्माणमा अनुशिक्षण र प्राविधिक सहायता हुने अनिवार्य व्यवस्था मिलाउन आवश्यक देखिन्छ।

७. प्रदेश सरकार मातहतबाट वितरण गरिने अनुदान

प्रदेश सरकार मातहतका कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय , भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र/पशु सेवा कार्यालय मार्फत प्रत्यक्ष रूपमा अनुदान वितरण गर्ने प्रथाले स्थानीय तहको अधिकार क्षेत्रमा हस्तक्षेप भएको देखिन्छ। संविधानले कृषि क्षेत्रलाई स्थानीय तहको मौलिक अधिकारका रूपमा परिभाषित गरेको भए पनि प्रदेशस्तरीय निकायहरूले कार्यक्रम सञ्चालन तथा अनुदान वितरणमा अग्रसर हुँदा स्थानीय तहले तय गरेका

योजना र प्राथमिकता कमजोर हुने, स्रोत परिचालनमा असन्तुलन आउने तथा कृषकबीच सेवाको पहुँचमा दोहोरोपन र असमानता सिर्जना भएको देखिएको छ। यसले अनुदान व्यवस्थापन प्रणालीमा पारदर्शिता र उत्तरदायित्वको अभाव देखाउँदै स्थानीय सरकारको प्रभावकारिता घटाएको छ।

यस्तै, प्रदेशस्तरबाट हुने प्रत्यक्ष हस्तक्षेपले स्थानीय तहलाई आफ्नै क्षेत्रअनुसारका कृषि विकास कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने अवसरबाट वञ्चित तुल्याएको छ। परिणामस्वरूप, धेरैजसो कार्यक्रम किसानको वास्तविक आवश्यकता भन्दा माथिल्लो तहको प्राथमिकताअनुसार तय हुने, दीगो परिणाम सुनिश्चित गर्न नसक्ने र कृषकमा असन्तोष बढाउने स्थिति सिर्जना भएको छ। अतः अनुदान वितरण र कृषि कार्यक्रम कार्यान्वयनका क्रममा प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिकावाट सहकार्यात्मक संयन्त्र विकास गर्नु, अनुदान व्यवस्थापनलाई स्थानीय तहमै केन्द्रित गर्दै प्रदेशस्तरले नीतिगत मार्गदर्शन र प्राविधिक सहयोग गर्ने अभ्यास अघि बढाउन आवश्यक देखिन्छ।

८. सङ्घीय कार्यक्रम मार्फत वितरण हुने अनुदान

संघीय सरकार मातहतको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले सञ्चालन गर्दै आएका विभिन्न आयोजना र कार्यक्रममार्फत किसानलाई अनुदान वितरण भइरहेको छ। तर, हालको अवस्था हेर्दा अनुदान व्यवस्थापनमा स्पष्ट मापदण्ड, संयोजन र एकरूपता अभाव देखिन्छ। प्रदेश सरकार मातहतका कृषि निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा बिज्ञ केन्द्रमार्फत पनि समानान्तर रूपमा अनुदान वितरण भइरहेकाले स्थानीय तहले तय गरेका प्राथमिकतामा हस्तक्षेप भएको अनुभूति हुन्छ। यसले स्थानीय स्तरमा किसानलाई लक्षित अनुदान प्रवाह गर्न कठिनाइ सिर्जना गरेको छ। संघ, प्रदेश र स्थानीय तहबीच कार्यविभाजन र अधिकारका विषयमा अझ स्पष्टता आवश्यक छ, जसले गर्दा अनुदानको दोहोरोपन, असमान वितरण र अस्पष्टता हटाउन सकियोस्।

यसबाहेक, किसान सूचीकरणमा भइरहेको ढिलाइले पनि अनुदान प्रणालीलाई कमजोर बनाएको छ। किसानको वास्तविक अवस्था, उत्पादनक्षमता र आवश्यकता अनुसार अनुदान वितरण हुनुपर्नेमा अद्यावधिक तथ्यांकको अभावमा प्रभावकारी निर्णय लिन कठिनाइ हुन्छ। कतिपय किसान सूचीमा पर्नै नसक्ने, सूचीकृत किसानले पनि समयमा लाभ नपाउने वा लाभग्राही चयन प्रक्रियामा पारदर्शिता नहुने समस्या देखिन्छ। यसकारण, डिजिटल प्रविधि प्रयोग गरी किसानको विवरण अद्यावधिक गर्न, सूचीकरणलाई नियमित रूपमा समीक्षा गर्न र वितरण प्रणालीलाई पारदर्शी बनाउँदै प्राथमिकता निर्धारण गरेर अनुदान प्रवाह गर्न आवश्यक देखिन्छ। यसो भएमा मात्र अनुदानले उत्पादनशीलता

बढाउने, लक्षित वर्गलाई प्रत्यक्ष लाभ पु¥याउने र कृषि क्षेत्रलाई दिगो विकासतर्फ अघि बढाउने आधार तयार हुनेछ।

परिच्छेद ७- निष्कर्ष

समग्रमा, तथ्यांकले देखाउँछ कि कृषि बजेटमा अनुदानको प्राथमिकता उच्च भए पनि, यसले प्रभावकारी नतिजा दिन बजेटको समयमै र पूर्ण कार्यान्वयन अपरिहार्य छ। यसका लागि वितरण प्रणालीमा पारदर्शिता, योजना निर्माणदेखि कार्यान्वयनसम्मको समयसीमा पालन, र निरन्तर अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ। साथै, वार्षिक बजेट निर्माणमा कृषि क्षेत्रको हिस्सा क्रमिक रूपमा वृद्धि गर्दै स्रोतसाधनको उपयोग दक्षतापूर्वक गर्ने नीति अवलम्बन गर्नुपर्ने निष्कर्ष यस विश्लेषणबाट निकाल्न सकिन्छ।

७.१. निष्कर्षहरू

कृषि अनुदान प्रभावकारिता अध्ययनको क्रममा सातवटै प्रदेशका नमुना स्थानीय तहहरूमा कृषकहरूसँग गरिएको प्रत्यक्ष तथा अप्रत्यक्ष अन्तरक्रिया, सरोकारवाला निकायहरूसँगको बैठक, तथ्यांक विश्लेषण, नीतिगत दस्तावेजहरूको अध्ययन, र मन्त्रालयदेखि स्थानीय तहसम्मका कार्यक्रमको तुलनात्मक समिक्षा गरिएको थियो।

यस अध्ययनको मूल उद्देश्य कृषि अनुदान कार्यक्रमको वास्तविक प्रभाव मूल्याङ्कन गर्नु, साना तथा सीमान्तकृत कृषकहरूको पहुँच, सहभागिता, सन्तुष्टि र दीगो उपयोगिताको अवस्था स्पष्ट पार्नु तथा सुधारका सम्भावनाहरू पहिचान गर्नु हो। अध्ययनबाट प्राप्त गुणात्मक र मात्रात्मक सूचनाहरूले देखाएको यथार्थले कृषि अनुदान नीति तथा कार्यान्वयन संरचनामा सुधारका अनेक सम्भावना र आवश्यकता औँल्याएको छ।

नीति निर्माणदेखि कार्यान्वयन तहसम्मको अनुभव, समस्या र अभ्यासलाई समेट्दै, अध्ययनले नेपाली कृषि प्रणालीमा अनुदानको भूमिका, चुनौती र अवसरलाई समग्र रूपमा हेर्ने प्रयास गरेको छ। अध्ययनबाट उठान गरिएका मुख्य निष्कर्षहरू तल प्रस्तुत गरिएको छ।

कृषि अनुदान कार्यक्रमले केही क्षेत्रहरूमा उत्पादन र आयमा सकारात्मक प्रभाव पारेको देखिए पनि समग्र प्रभाव असमान रहँदै आएको छ। कृषकहरूको ठूलो हिस्साले अनुदान प्रक्रिया जटिल र जानकारी नपुग्ने अनुभव गरेका छन्। स्थानीय तहहरूमा अनुदानको कार्यान्वयन दृष्टिकोण, स्रोत परिचालन र प्राथमिकतामा भिन्नता देखिएकोले क्षेत्रगत असमानता बढाएको छ। अनुदान कार्यक्रम प्रायः बीउ, मल, उपकरण जस्ता वस्तु वितरणमा केन्द्रित भएको छ, तर दीर्घकालीन क्षमता विकास

र उत्पादन श्रृंखलासँगको सम्बन्ध कमजोर देखिन्छ। साथै, अनुगमन, मूल्याङ्कन र तथ्याङ्क अभावले अनुदानको वास्तविक प्रभावलाई प्रमाणमा आधारित रूपमा मूल्याङ्कन गर्न कठिन बनाएको छ।

नेपालमा संघ, प्रदेश र स्थानीय तहमार्फत विभिन्न शीर्षकमा कृषकलाई अनुदान प्रदान गरिएको भए पनि यसको प्रभावकारीता औचित्यता, मितव्ययीता, कार्यदक्षता, प्रभाव, दिगोपनाको सुनिश्चितता र पहुँचका आधारमा पूर्ण रुपमा हासिल भएको देखिँदैन। अनुदानले अल्पकालीन रूपमा कृषकलाई राहत दिने, उत्पादन लागत केही हदसम्म कम गर्ने र केही क्षेत्रमा उत्पादन वृद्धि गर्ने योगदान पुऱ्याए पनि समग्र कृषि प्रणालीमा रूपान्तरणकारी प्रभाव देखिन सकेको छैन।

औचित्यका दृष्टिले हेर्दा अनुदान कार्यक्रम किसानलाई सहयोग गर्ने महत्वपूर्ण उपकरण भए तापनि लक्षित समूह स्पष्ट नहुनु, किसान सूचीकरण ढिलो हुनु र वितरण प्रक्रियामा असमानता देखिनुले वास्तविक आवश्यकता अनुसार स्रोत परिचालन हुन सकेको छैन। मितव्ययीताको सन्दर्भमा अनुदानका लागि ठूलो बजेट खर्च भए पनि सोही अनुपातमा उत्पादनशीलता र मूल्यवृद्धि नभएकोले खर्चको उचित उपयोगबारे प्रश्न उठ्ने अवस्था छ। कार्यदक्षतामा पनि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अभाव, दोहोरोपन र समानान्तरता देखिएकाले उपलब्ध स्रोतको अधिकतम उपयोग हुन सकेको छैन।

यस्तै, अनुदानको प्रभाव तत्कालीन रूपमा महसुस भए पनि दीर्घकालीन दिगोपनाको दृष्टिले सीमित मात्र देखिएको छ। कारण, अनुदान वितरण स्थायी उत्पादन प्रणाली निर्माण गर्ने भन्दा पनि अल्पकालीन उपभोगमै केन्द्रित भएको छ। पहुँचको दृष्टिले ग्रामीण, सीमान्तकृत र साना किसानहरू अझै पनि पछाडि पर्नु प्रमुख चुनौती बनेको छ।

यसरी, हालको अवस्था मूल्याङ्कन गर्दा कृषि अनुदान कार्यक्रमलाई प्रभावकारी बनाउन संघीय, प्रादेशिक र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन, लक्षित कृषक पहिचानमा पारदर्शिता, किसान सूची अद्यावधिकमा गति, वितरण प्रणालीमा एकरूपता, अनुगमन र मूल्याङ्कनको मजबुत व्यवस्था तथा दीर्घकालीन दिगोपनामा जोड दिनुपर्ने देखिन्छ। त्यसो भएमा मात्र अनुदानले कृषकको उत्पादनशीलता, आत्मनिर्भरता र ग्रामीण अर्थतन्त्रलाई दिगो रूपमा सुदृढ पार्ने अपेक्षा गर्न सकिन्छ।

७.१.१. कृषि अनुदानमा महिला, साना तथा सीमान्तकृत कृषकहरूको पहुँचविश्लेषण :

कृषि अनुदानको समावेशी वितरणका उद्देश्य महिला, साना र सीमान्तकृत कृषकसम्म पहुँच पुऱ्याउनु हो। तथापि, विश्लेषणका आधारमा देखिएको अवस्था अनुसार अनुदान प्रणालीले लक्षित वर्गमा पूर्ण रूपमा पहुँच पुऱ्याउन सकेको छैन। महिला कृषकले प्रायः निर्णय प्रक्रियामा सीमित सहभागिता राख्दा

अनुदानको प्रत्यक्ष लाभ कम पुग्ने, साना तथा सीमान्तकृत कृषकका लागि आवश्यक सूचना र पहुँच अभावले अनुदान ग्रहणमा ढिलाइ वा छेउछाउमा लाभको असमानता सिर्जना गर्ने गरेको छ। कतिपय स्थानीय तहले अनुदान वितरणमा आफ्नै प्राथमिकता र संरचनागत सीमाहरूमा आधारित निर्णय गर्दा लक्षित वर्गलाई प्राथमिकता दिन नसक्नु, गुणस्तरीय बीउ, मल, यन्त्र वा तालिममा पहुँचमा असमानता बढाएको देखिन्छ।

नेपालको कृषि नीति, कार्यक्रम, तथा अनुदान प्रणालीले उत्पादन वृद्धि, आय सृजना र जीवनस्तर सुधारका लागि लक्षित प्रयास गर्दै आएको छ। तर व्यवहारमा महिला, साना तथा सीमान्तकृत किसानले सरकारी अनुदान कार्यक्रमहरूबाट अपेक्षाकृत कम लाभ लिएका छन्। नीति र अभ्यासबीचको यो अन्तर विभिन्न अध्ययनहरूले प्रष्ट पारेका छन्।

सरकारी स्तरमा महिला र सीमान्तकृत कृषकलाई लक्षित कार्यक्रमहरू नीतिनियममा पर्याप्त देखिए पनि कार्यान्वयनमा ती समूहले अपेक्षित लाभ लिन सकेका छैनन्। अध्ययनहरूले देखाएअनुसार अनुदान तथा ऋण कार्यक्रमहरूमा महिलाको सहभागिता वृद्धि भए पनि गुणात्मक पहुँच अझै सन्तोषजनक छैन। उदाहरणका लागि, सहकारीमार्फत महिलाको संलग्नता प्रशंसनीय भए पनि उनीहरूको निर्णय प्रक्रियामा प्रभाव र प्रत्यक्ष उत्पादन वृद्धिमा योगदान तुलनात्मक रूपमा न्यून देखिन्छ।

त्यसैले, महिलाहरूको नाममा सम्पत्ति दर्ता प्रोत्साहन गर्ने, लक्षित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने, सहुलियतपूर्ण ऋण वितरणमा कडाइपूर्वक निगरानी गर्ने, र सीमान्तकृत कृषकलाई प्राविधिक सहयोग पुर्‍याउने जस्ता कदमहरू आवश्यक देखिन्छ। यस्ता सुधारात्मक उपायहरू अवलम्बन नगरेसम्म कृषि अनुदान र ऋणको वास्तविक लाभ वाञ्छित वर्गसम्म पुग्न कठिन हुने देखिन्छ।

अनुदानको उपयोगमा पनि चुनौतीहरू देखिएका छन्। लाभग्राहीको ज्ञान र क्षमता अभाव, अनुगमन प्रणाली कमजोर हुनु, समयमै अनुदान वितरण नहुनु, र अनुदान पुनःवितरण वा दुरुपयोगका घटनाहरूले प्रभावकारी उपयोगमा बाधा पुर्‍याएका छन्। यसबाट महिला, साना र सीमान्तकृत कृषकले उत्पादन वृद्धि र आय सुधारमा अपेक्षित लाभ नपाउने सम्भावना रहन्छ। अतः समावेशी अनुदानको प्रभावकारिता सुनिश्चित गर्न लक्षित वर्ग पहिचान, डिजिटल सूचीकरण, समयमै वितरण, अनुगमन र प्रतिवेदन प्रणाली बलियो बनाउने, साथै महिला र सीमान्तकृत कृषकका लागि विशेष प्रशिक्षण तथा

प्राविधिक सहयोग सुनिश्चित गर्नु अत्यावश्यक देखिन्छ। महिला, साना तथा सीमान्तकृत किसानहरुको पहुँच बिस्तार गर्न तपशिल अनुसारको बुदागत विश्लेषण गरि सुझाइएको छ ;

- पहिलो, अनुदान वितरण प्रक्रियामा पारदर्शिता, स्पष्ट मापदण्ड र समन्वय सुनिश्चित गर्नु अत्यावश्यक छ। संघीय, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन गरी अनुदानको दोहोरोपन र असमान वितरणलाई कम गर्नुपर्छ। यसका लागि अनुदान योजना, प्राथमिकता निर्धारण, वितरण र अनुगमनका लागि समन्वयात्मक संयन्त्र निर्माण गर्नु आवश्यक छ।
- दोस्रो, महिला, साना तथा सीमान्तकृत कृषकको पहुँच बढाउन लक्षित नीति अपनाउनु पर्दछ। यसको लागि कृषक सूचीकरण डिजिटल प्रविधि प्रयोग गरी नियमित अद्यावधिक गर्नुपर्ने, भौगोलिक अवस्थिति र उत्पादन क्षमताको आधारमा प्राथमिकतामा राखेर अनुदान प्रवाह गर्नुपर्ने, र अनुदान सम्बन्धी जानकारी ग्रामीण तथा दुर्गम क्षेत्रमा प्रभावकारी प्रचारप्रसार गर्ने व्यवस्था गर्नु आवश्यक छ।
- तेस्रो, अनुदान कार्यक्रमले प्रविधि, मल, बीउ, खोप, पशु आहार, तालिम र कृषि यन्त्रमा पहुँच सुनिश्चित गर्ने उपायलाई प्राथमिकता दिनुपर्छ। यसले महिला र सीमान्तकृत कृषकलाई उत्पादन वृद्धि, व्यवसायिक अवसर र जीवनयापनमा सुधार ल्याउन प्रत्यक्ष योगदान पुऱ्याउँछ।
- चौथो, अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ बनाउनु आवश्यक छ। नियमित अनुगमन, प्रगति प्रतिवेदन र लाभग्राहीको प्रतिक्रिया संकलनले अनुदानको कार्यदक्षता मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ र सुधारका लागि आधार तयार पार्छ।

यसरी, संरचनागत सुधार, लक्षित पहुँच, प्रविधि र सेवा उपलब्धता, साथै प्रभावकारी अनुगमन संयन्त्रको माध्यमबाट कृषि अनुदानलाई प्रभावकारी बनाउने र महिला, साना तथा सीमान्तकृत कृषकको वास्तविक पहुँच सुनिश्चित गर्न सकिन्छ।

७.१२. समस्या विश्लेषण

नेपालमा कृषि अनुदान कार्यक्रमहरूले कृषक र कृषि उद्यमीहरूको उत्पादन र व्यवसायिक गतिविधिलाई प्रोत्साहन गर्ने उद्देश्य राख्दछन्। यद्यपि, अनुदान कार्यक्रमहरूमा केही मुख्य समस्याहरू देखिएका छन् जसले कार्यक्रमको प्रभावकारिता र पहुँचमा चुनौती उत्पन्न गरेका छन्।

१. उद्देश्यमा अस्पष्टता

हालका अनुदान कार्यक्रमहरूले स्पष्ट, मापनयोग्य उद्देश्य निर्धारण नगरी कार्यान्वयन हुँदै आएका छन्। उदाहरणका लागि, एउटै मझौला कृषकको आयस्तर सुधार आयोजना अन्तर्गत अनुदान ३०% सम्म प्रदान गरिन्छ भने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा ७०% सम्म अनुदान जान सक्ने व्यवस्था छ। यस्तो फरकफरक मापदण्डले अनुदानको रकम विनियोजन र परिचालनमा दबाब सिर्जना गर्ने र परियोजना संचालनमा पारदर्शिता कायम गर्न कठिनाई पुऱ्याउने गरेको पाइन्छ। अनुदानको उद्देश्य स्पष्ट भएमा मात्र यसबाट प्राप्त हुने नतिजा मूल्याङ्कन गर्न सकिन्छ। यसर्थ अनुदानको चार मुख्य उद्देश्य तय गर्न आवश्यक देखिन्छः

क. कृषक तथा कृषि व्यवसायीको उत्पादन लागत घटाएर मुल्य प्रतिस्पर्धात्मक बनाउने,

ख. निजी क्षेत्रको लगानी आकर्षित गर्ने,

ग. रणनीतिक उद्देश्य पूरा गर्न अनुदान प्रदान गर्ने,

ग. साना तथा सीमान्त कृषकलाई जिबिकापार्जनका साथ गरिवी न्यूनीकरण गर्न सहायता दिने।

२. अनुदान प्रदान गरिने क्षेत्रको अस्पष्टता

अनुदान कार्यक्रमहरूले हाल पूँजीगत र चालु खर्च दुवै पक्षमा तथा विभिन्न उत्पादन क्षेत्रमा अनुदान प्रदान गर्दै आएका छन्। यसले कार्यक्रमको उद्देश्यलाई अस्पष्ट बनाएको देखिन्छ। उदाहरणका लागि, तरकारी उत्पादन वृद्धिको उद्देश्य हासिल गर्न कृषकहरूलाई मल, बीउ, नयाँ प्रबिधि र बजार व्यवस्थापनमा सहुलियत आवश्यक हुन्छ भने बजार र ढुवानी पूर्वाधार निर्माणमा पनि सहयोग आवश्यक पर्न सक्छ। साथै, अनुदानका कार्यक्रमहरूमा संचालित क्रियाकलापहरूको गुणस्तरमा समस्या, जस्तै कमसल बीउ वितरण, समयमा आपूर्ति नहुनु, पहुँचमा असमानता, र नियन्त्रणमुखी प्रक्रियाले पनि कार्यक्रमको प्रभावकारिता घटाएको पाइन्छ।

३. लक्षित समुदायको पहिचान र चुहावट

अनुदानको प्रभाव लक्षित समुदायको सही पहिचानमा निर्भर गर्दछ। उदाहरणका लागि, बजार विकासको लागि अनुदान कार्यक्रम सञ्चालन भएमा कृषि उद्यमी र व्यापारी समुदायलाई प्राथमिक लक्षित गर्नुपर्ने हुन्छ भने उत्पादन वृद्धिको लागि कृषक समुदाय प्राथमिक बर्गमा पर्नु आवश्यक हुन्छ। हालका कार्यक्रमहरूमा नीति र प्राथमिकता स्पष्ट नहुँदा कतिपय कार्यक्रमहरूमा अनावश्यक

लाभ कतिपय संस्थाहरू वा व्यक्तिहरूलाई मात्रै पुग्ने गरेको पाइन्छ। यसले अनुदानको सामाजिक न्याय र पहुँचमा असमानता सिर्जना गरेको देखिन्छ।

४. नीतिगत अस्पष्टता

कृषि विकासका लागि लामो अवधिको रणनीति भए पनि कार्यान्वयनमा विभिन्न मन्त्रालय र निकायबीच समन्वयको अभाव रहेको छ। उदाहरणका लागि, कृषि सडक र सिंचाई कार्यक्रमहरूमा जिम्मेवारी स्पष्ट नभएको र विभिन्न निकायबाट फरकफरक प्रणालीमा काम गरिएको पाइन्छ। कृषि मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले फरक फरक ढंगले कार्य गरिरहेकाले सिंचाई र कृषिको तालमेल नमिलेको देखिन्छ। अनुदान प्रक्रियामा माग र आपूर्तिको आंकलन नगरी बजेट विनियोजन गर्दा केही सिमित व्यक्ति वा संस्था मात्र लाभान्वित हुन्छन् भने सेवा प्रदायक निकायमा अपचलनको सम्भावना पनि रहन्छ। यसैगरी, विभिन्न अनुदान सुविधाहरू जस्तै ब्याज अनुदान, विद्युतीय शुल्क छुट, र अनुप्रयोग प्रणालीले असमानताले लक्षित परिणाम प्राप्त गर्न कठिनाई पुऱ्याएको छ। यस प्रकारको नीतिगत अस्पष्टताले कृषि क्षेत्रको दिगो विकासमा जोखिम निम्त्याएको देखिन्छ।

७.१.३. अनुदान प्रभावकारी बनाउन गर्नुपर्ने सुधारकालागि सुझाबहरु :

नेपाल सरकारको कृषि अनुदान कार्यक्रमले कृषिलाई व्यवसायिक बनाउने र आधुनिकिकरणमार्फत उत्पादन वृद्धि गर्ने लक्ष्य राखेको छ। तथापि, हालको प्रणालीमा अनुदान लक्षित कृषकसम्म सहज रूपमा पुग्न नसक्नु, पहुँचमा असमानता, नीति अस्पष्टता, र अनुगमनको कमी जस्ता चुनौतीहरू देखिएका छन्। यसले कृषकको वास्तविक लाभ सुनिश्चित नगरी समग्र कृषि क्षेत्रको प्रभावकारिता घटाएको छ।

यसको सुधारका लागि निम्न सुझावहरू उल्लेखनीय छन्:

कृषि अनुदानको वर्गीकरण र सुधारका सुझावहरू

१. सीमान्तकृत किसानको पहुँच सुनिश्चितता

सीमान्तकृत किसानहरूलाई खाद्य सुरक्षा र खाद्य अधिकार सुनिश्चित गर्न अनुदान उपलब्ध गराउनु अनिवार्य छ। यसमा मल, बीउ, सिंचाई र कृषि औजार जस्ता उत्पादन सामग्री सहज रूपमा, प्रतिस्पर्धा बिना उपलब्ध गराउने व्यवस्था हुनुप र्छ। यदि यस्तो व्यवस्था नहुने हो भने स्रोतमा सहज पहुँच भएका ठूला किसानसँग साना तथा सीमान्तकृत किसानहरूले प्रतिस्पर्धा गर्न सक्दैनन् र अनुदानको

लाभबाट वञ्चित हुने अवस्था रहिरहन्छ। यसलाई कार्यान्वयन गर्न स्थानिय तहले यथासम्भव चाँडो किसान सूचीकरण पूरा गरी सबै साना र सीमान्तकृत कृषकको तथ्यांक डिजिटल प्रणालीमा अभिलेख गर्ने, र अनुदान वितरण भौचर प्रणालीमार्फत गर्दा प्रभावकारी र पारदर्शी वितरण सुनिश्चित गर्ने।

२. कृषक परिचयपत्र र सूचना व्यवस्थापन प्रणाली

अनुदान र अन्य सेवा सुविधा कृषक परिचयपत्रको आधारमा उपलब्ध गराउन आवश्यक छ। यसले दोहोरोपन, अपचलन रोक्नेछ र अनुगमनमा पारदर्शिता ल्याउनेछ। यसका लागि स्थानीय तहले किसान सूचीकरण कार्यक्रमलाई यथाशक्य चाँडो सम्पन्न गर्नुपर्नेछ। किसान सुचिकरणका सम्बन्धमा देखिएका समस्याहरू तत्काल समाधान गरी सम्पूर्ण कृषकको पूर्ण तथ्यांक अभिलेख हुने व्यवस्था गर्नुपर्नेछ। साथै, प्रत्येक तहमा कृषक सूचना व्यवस्थापन प्रणाली विकास गरेर लाभान्वित कृषकको सम्पूर्ण विवरण व्यवस्थित राख्न आवश्यक छ।

३. प्रतिस्पर्धी अनुदान र रणनैतिक अनुदान

हालको प्रतिस्पर्धी अनुदानले सीमित संख्याका कृषक लाभान्वित भएका छन् र समग्र कृषि क्षेत्रमा मापनयोग्य परिणाम देखाउन सकेको छैन। विदेशी वा छिमेकी मुलुकबाट सस्तो उत्पादन आयात हुन सक्ने भएकाले घरेलु उत्पादनको संरक्षण र लागत घटाउन अनुदान उत्पादन र आवश्यक अवस्थालाई हेरेर प्रवाह गर्नुपर्नेछ। यसको कार्यान्वयनका लागि मन्त्रालयको नियमित बजेटबाट प्राथमिक उत्पादन र रणनैतिक क्षेत्रको लागि विशेष अनुदान व्यवस्था गर्नुपर्छ। कृषि यान्त्रिकरणका लागि दिइएको अनुदानलाई निजी क्षेत्रको सहकार्यमा कस्टम हायरिङ मोडल मार्फत प्रवर्धन गर्न सकिन्छ। यस अन्तर्गत निजी ट्रयाक्टर वा यन्त्रधनीलाई अनुदान दिई यन्त्रको अधिकतम उपयोगिता सुनिश्चित गरी किसानलाई सहज पहुँच प्रदान हुनेछ।

४. साना उपकरण र गुणस्तर नियन्त्रण

साना तथा सिमान्तकृत किसानहरु बाहेकलाई साना यन्त्र/औजारहरूको अनुदानमा वितरण बन्द गर्नुपर्छ। आयात हुने यन्त्र/उपकरणहरूको गुणस्तर परीक्षण र नियमन प्रणाली विकास गरी स्पेयर पार्ट्स उपलब्ध नभएको उपकरण आयात र बिक्रीमा रोक लगाउनुपर्नेछ। यसले अनावश्यक खर्च रोक्ने र कृषकलाई गुणस्तरीय उपकरण सुनिश्चित गर्नेछ।

५. साना र सिमान्तकृत कृषकलाई समान लाभ

अध्ययनअनुसार, हालको प्रणालीमा पहुँच भएका व्यक्ति, समूह र कृषि सहकारीहरू मात्र लाभान्वित भएका छन्। देशका धेरै कृषक साना र सीमान्तकृत भएका कारण हालको प्रणालीले अपेक्षित परिणाम दिन सकेको छैन। यसैले साना कृषकलाई पनि समान रूपमा लाभ पुग्ने गरी अनुदान प्रणाली व्यवस्थित गर्नुपर्छ।

६. न्यूनतम समर्थन मूल्य र बीमा अनुदान

मुख्य बालीहरूको न्यूनतम समर्थन मूल्य सरकारले तोक्नुपर्छ। तोकिएको मुल्यमा खरिद हुने व्यवस्था मिलाउन पर्छ। यसका बाबजुद यदि बजार मूल्य न्यूनतम समर्थन मूल्यभन्दा कम भएमा घाटा रकम सिधै किसानको बैंक खातामा उपलब्ध गराइने व्यवस्था गर्नुपर्छ। साथै, कृषि तथा पशुपन्छी बीमा प्रिमियममा अनुदानको दायरा पुनः निर्धारण गर्न आवश्यक छ।

७. एकीकृत अनुदान प्रणालीको विकास

हाल तीनै तहका सरकारहरुले तथा तिनका निकायहरुले प्रदान गर्ने अनुदानहरुमा कुनै एकीकृत प्रणालीको व्यवस्था छैन, एकीकृत प्रणाली विकास गर्दै स्थानीय तहलाई अनुदान वितरणको जिम्मा लगाउने तथा ७५३ वटै स्थानीय तहमा एकरुपको अनुदान सम्बन्धि कार्यविधि तथा नियमावलीको व्यवस्था गर्ने।

८. अन्तरसम्बन्धीत कार्यक्रम संचालन गर्ने

हाल संचालनमा रहेका तीनै तहका सरकारहरुले प्रदान गर्ने कार्यक्रमहरुमा अन्तरसम्बन्ध रहेको पाइदैन, अनुदानको व्यवस्था गर्दा अन्तरसम्बन्धित बिषयहरुमा प्रदान गरे कृषि क्षेत्रको दिर्घकालिन विकास गर्न सहयोग पुग्नेछ।

९. अनुदानसँग क्षमता बिकास

अनुदान प्रदान गर्दै गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा संस्थासँग सम्बन्धित अनुदानको उद्धेश्य पुरा गर्ने सिप र दक्षताको सुनिश्चिताका साथ मात्रै प्रदान गर्ने वा अनुदानसँगै सिप बिकास तालिम पनि संचालन गर्ने।

१०. सहुलियतपूर्ण ऋण व्यवस्था

ठूला र मझौला किसानहरूमा प्रतिस्पर्धात्मक अनुदानमा दबाबको गुनासो देखिएको छ। यसका लागि नेपाल राष्ट्र बैंक र वित्तीय संस्थासँग समन्वय गरी सहुलियतपूर्ण वा निर्व्याजी ऋण व्यवस्था गर्नुपर्छ। साथै, सरकारले साझेदारीमा लगानी गरी व्यवस्थापन निजी क्षेत्रमा सुम्पिएपछि निश्चित समयपछि स्वामित्व निजी क्षेत्रले ग्रहण गर्ने संरचना अपनाउन सकिन्छ।

११. आयोजना निर्माण, संचालन र व्यवस्थापन

ठूला आयोजना सरकार आफैले निर्माण, संचालन र व्यवस्थापन गर्ने। वैदेशिक सहयोग वा सरकारी स्रोतमा संचालित आयोजनामा बिज्ञ/परामर्शदाता नियुक्त गर्दा क्षमता अनुसार गर्ने। प्रत्येक आयोजनाको अन्त्यमा सार्वजनिक सुनवाई अनिवार्य गर्ने र नगरेमा अनुदानको अन्तिम किस्ता रोक्ने प्रभावकारी नियम लागू गर्ने।

१२. पहुँच विस्तार र नियम संशोधन

साना तथा सीमान्तकृत कृषकको पहुँच सुनिश्चित गर्न, सार्वजनिक खरिद ऐनका नियमको समीक्षा र आवश्यक संशोधन गर्न पहल आवश्यक छ। संघ, प्रदेश र स्थानीय तहले फरक स्तरका कृषक वर्गको लागि अनुदान कार्यक्रम सञ्चालन गर्न प्रावधान बनाउँदा सबै तहका किसान लाभान्वित हुनेछन्।

१३. घरेलु उत्पादन संरक्षण

नेपालको सानो अर्थतन्त्र र सीमित अनुदान स्रोतलाई ध्यानमा राख्दै, आवश्यक परेमा घरेलु उत्पादन संरक्षणका लागि विदेशी उत्पादनमा नियन्त्रण नीति लागू गर्नुपर्छ।

१४. अनुगमन र मूल्याङ्कन

स्थानीय, प्रदेश र संघ तहमा अनुदान कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्याङ्कन सुनिश्चित गर्न छुट्टै शाखा निर्माण आवश्यक छ। यसरी प्रणाली पारदर्शी, समावेशी र प्रभावकारी बनेको खण्डमा मात्र कृषि अनुदानको उद्देश्य वास्तविक रूपमा प्राप्त हुनेछ।

अनुसुचिहरु

अनुसूची १: अध्ययनका क्रममा नमुना क्षेत्रको रुपमा लिइएका स्थानीय तहगत नमुना संकलनको आधार सम्बन्धी विवरण

स्थानीय तहको नाम	पालिकाको जनसख्या						नमुना छनौट					
	कुल जनसंख्या	पुरुष	महिला	जनताति	दलित	अन्य	कुल नमुना	पुरुष	महिला	जनजाति	दलित	अन्य
लालीगुराँस नगरपालिका तेह्रथुम ,	१५३२९	७४१३	७९१६	९१३१	८२१	५३७७	१६	८	८	९	२	५
गणेशमान चारनाथ नगरपालिका , धनुषा	४४०८२	२१४२५	२२६२७	४७५३	३२४५	३६०८४	४५	२२	२३	५	३	३७
लिखु तामाकोशी गाउँपालिका , रामेछाप	१८३२५	८४९७	९८२८	१०५४३	१४२०	६३६२	१९	९	१०	११	२	६
मादी गाउँपालिका कास्की ,	१६१४२	८०१७	४१२५	६६५७	३७२१	५७६४	१६	८	८	७	४	५
लमही नगरपालिका दाङ ,	५९०५०	२८५०१	३०५४९	४२२१४	२९१४	१३९२२	६०	२९	३१	४३	३	१४
बिरेन्द्रनगर नगरपालिका सुर्खेत ,	१५३८६३	७५१२९	७८७३४	३३७१८	२६०८५	९४०६०	१५५	७५	८०	३३	२६	९६
कृष्णपुर नगरपालिकाकन्चनपुर ,	७१५००	३३८३०	३७६७०	२५८३९	९८६५	३५७९६	७३	३५	३८	२६	११	३६
जम्मा	३७८२९१						३८४	१८५	१९८	१३४	५१	१९९

- स्रोतः राष्ट्रिय जनगणना, २०७८

अनुसूची २: समग्र पालिकाहरुको SWOT विश्लेषण:

• सबल पक्ष	• दुर्बल पक्ष
• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाकृषि , क्षेत्रविकास कार्यक्रमखाद्य तथा पोषण सुरक्षा , सुधार आयोजना आदि परियोजनाले गर्दा संघीय सरकारका कार्यक्रमहरु प्रत्यक्ष रुपमा स्थानीय पुगिरहेका छन्। तहमा • स्थानीय तहले आफ्नो आवश्यकता अनुरुप तथा लक्षित बर्गलाई सिँचाई ,कृषि यन्त्र ,बिजन-बिउ , सहुलियत ऋण आदिमा अनुदान प्रदानगर्दै आइरहेका छन्। • स्थानीय बाताबरणबजारको ,भौगोलिक अबस्था , पहुँचलाइ मध्यनजर गर्दै स्थानीय बालि केन्द्रित कार्यक्रम संचालन गरिरहेका छन्। • लिखुतामाकोशी गाउँपालिकाले यसै आ.व.मा डिजीटल कृषि व्यवस्थापन प्रणाली स्थापना गरि कार्यान्वयन सुरु गरको छ। • केहि स्थानीय तह कृषि क्षेत्रको योजनाबद्ध विकासको लागि बार्षिक, अल्पकालीन तथा दिर्गकालिन योजना निर्माण तिर उन्मुख रहेका छन्।	• सिमित स्रोत तथा साधन रहेकाले परिणाममुखी वितरण हुन नसकेको। • कृषि उत्पादनको बजार पहुँचको अभाब ,भौगोलिक विकटता , भौतिक पूर्वाधारको अभाब तथा गुणस्तर नियन्त्रणमा कठिनाइका कारणले लगानी अनुरुप प्रतिफल प्राप्त गर्न कठिन। • कमजोर सुचना प्रणाली रहेकाले किसान तथा लक्षित वर्गसम्म सूचना प्रवाहमा कठिनाइ। • प्राबिधिक कर्मचारीको सिमित संख्याको कारणले कार्यालय केन्दित रहेकाले उनीहरुको प्राबिधिक ज्ञान किसानसम्म पुग्न सकिरहेको छैन। • अनुदान प्रक्रिया तथा बितरण प्रणालीमा पारदर्शिताको कमि रहेको साथै अनुगमन , जवाफदेहिताको ,मुल्यांकन कमि रहेको। • किसान सूचीकरण अत्यन्तै सुस्त गतिमा भईरहेको र किसान सूचीकरण कार्यक्रमले यसको महत्व र आवश्यकता अनुरूप कार्यान्वयनमा स्थानीय तहलाई मार्ग प्रशस्त गर्न नसक्नु।

• स्थानीय तहमा कृषि क्षेत्रमा छुट्याइएको अधिकांस बजेट अनुदानमा नै केन्द्रित रहेको।	• स्थानीय तहले किसानको क्षमता विकास तर्फ ध्यान नदिई लोकप्रियताका लाग कार्यक्रम संचालन गरिरहेका। • तिनै तहका सरकारबिच समन्वयको कमि रहेको र अनुदानमा दोहोरोपना रहेको।
• कृषिलाई व्यवसायीकरण (गोठ सुधार, प्लास्टिक टनेल/पोखरी), यान्त्रिकरण (चाफकटर, मिनिटीलर,), बजारीकरण(संकलन केन्द्र स्थापना,), उद्योगीकिकरण (घरेलु उद्योगमा आ.व.श्यक पुँजी तथा यन्त्रहरू) लाइ बिशेष प्राथमिकता दिदै अनुदानको व्यवस्था गरिरहेका छन्।	• स्थानीय तहले दिर्घकालिन तथा अन्तरसम्बन्धित कार्यक्रम गर्न नसकेका दिगो कृषि ,विकासका कार्यक्रमको अभाव। • स्थानीय तहले कृषि क्षेत्रमा प्रवाह भएको अनुदानको प्रभाब मापनमा ध्यान नदिएका। • स्थानीय तहले निर्वाहमुखी खेति प्रणालीमा रहेका किसानहरुलाई व्यवसायिकता उन्मुख गर्ने आधार गर्न नसकेका।
• अवसर	• चुनौती
• भौगोलिक अबस्थाबजारको पहुँच र स्थानीय , जलबायु तथा माटोको अबस्थालाई मध्यनजर गर्दै तरकारी)बाली निर्यातजन्य, फलफुल, मसलाजन्य बाली आदिमा केन्द्रित योजना बनाई कार्यक्रम (संचालन गर्न सकिने। • निजि तथा सहकारीक्षेत्रसँग सहकार्य गर्दै सामुहिक खेतिलाइ प्राथमिकता दिएर पूर्वाधार विकास तथा बजारीकरणमा बिशेष कार्यक्रम संचालन गर्न सकिने	• स्थानीय तहमा दिर्घकालिन सहयोगयोजनाबद्ध , कार्यक्रमहरुको अभाबले अनुदानको उपयोगिता घट्न सक्ने। • प्रतिकुल मौसम ,प्राकृतिक विपदका कारण कृषि क्षेत्रमा प्रतिकुल असर पर्न सक्ने। • प्राबिधिक तथा श्रमिकको अभाब रहनसक्ने

• प्रदेश सरकारगैरसरकारी ,केन्द्र कृषि ज्ञान , ,संस्थाCTEVT लगायतसँगको सहकार्यमा किसानहरुको क्षमता विकास गर्न बिशेष कार्यक्रम संचालन गर्न सकिने। • प्राबिधिक तथा यान्त्रिक सहयोग पाएमा ब्यबसायीक रुपमा उत्पादन गर्न सक्ने किसानको संख्या उल्लेख्य रहेकोउनीहरुको पहिचान गरि , लक्षित कार्यक्रम संचालन गर्न सकिने। • डिजिटल प्रणाली विकास गरि सुचना, आबेदन , मुल्यांकन तथा प्रभाब मापन ,अनुगमन गर्दै पहुँच बिस्तार गर्न सकिने। • बैदेशिक रोजगारमा भएका तथा सम्बन्धित क्षेत्रमा अनुभब भएकालाइ आकर्षित गर्न सक्ने कार्यक्रम संचालन गर्न सकिने।	• बजारमा मूल्य अस्थिरता, कृषि जन्य उत्पादनको भारतबाट आयात आदिको कारणले किसानले उत्पादन घाटामा बिक्रि गर्नुपरे अनुदानको प्रभाब न्युन रहने • सिमित स्रोत र साधनको कारणले समग्र समुदायमा प्रभाब नदेखिन सक्ने। • सबै स्थानीय तहमा अनुदानसँग सम्बन्धित नियमावली तथा मापदण्ड नभएकाले लक्षित वर्गसम्म पहुँच पुग्न नसक्ने। • सुचना तथा पहुँचमा रहेका सिमित किसानहरुले पटक पटक अनुदान पाइरहने तर लक्षित समूहमा पुग्न नसक्ने

अनुसूची -३ फोटोहरु :

अध्ययनका क्रममा भएको स्थलगत अनुगमनका क्रममा लिइएका तस्बिरहरु

क. संघीय सरकार अन्तर्गत पर्ने निकायहरुका पदाधिकारीहरुसँगको अन्तरक्रिया

बायाँ :प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र प्रमुख भोजराज सापकोटा ,**दायाँ**पशु :
राम नन्दन तिवारी र उपमहानिर्देशकहरु .सेवा बिभाग महानिर्देशक डा

बायाँ ,शिब यादब .डा ,राष्ट्रिय कृषि इन्जिनिरिंग केन्द्र : **दायाँ** :प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रमुख हिक्मत कुमार श्रेष्ठ र अन्य पदाधिकारीहरु



माटो बैज्ञानिक डा ,नबिन रावल .NARC

ख. स्थानीय तहमा भएका अन्तरक्रिया तथा छलफल

१. गणेशमान चारनाथ नगरपालिकाधनुषा ,



२. लिखु तामाकोशी गाउपालिका रामेछाप ,

३. उमाकुण्ड गाउँपालिका रामेछाप ,

४. लमही नगरपालिका दाङ ,

५. कृष्णपुर नगरपालिका कंचनपुर ,

६. मादी गाउपालिका कास्की ,

अनुसूची -४ प्रश्नावलिहरु :

कृषि अनुदान प्रभावकारिता अध्ययन -राष्ट्रियसमाबेशी आयोग

आधारभूत जानकारी संकलन

कृषकहरूको लागि प्रश्नावली

भाग कः साधारण जानकारी

१. तपाईँको नामः

....

२. वडा र नगरपालिका/गाउँपालिकाः

....

३. तपाईँको मुख्य कृषि क्रियाकलाप के हो?

....

४. तपाईँसँग कति जमिन छ वा खेती गर्नुहुन्छ? (रोपनी/बिघा/हेक्टर):

....

५. कृषि फर्म दर्ता गर्नुभएको छ ? /कुनै समूह सहकारीमा आ.व.द्ध हुनुहुन्छ ?बिस्तृत बिवरण उल्लेख गर्नुहोस

६. तपाइले भोग्नुभएको कृषि क्षेत्रको मुख्य समस्याहरु के के हुन् ?

भाग खः अनुदान सम्बन्धी जानकारी

५. के तपाईंलाई सरकारले कृषि अनुदान दिने गर्छ भन्ने जानकारी छ?

☐ छ ☐ छैन

६. तपाईंले कृषि अनुदानबारे पहिलो पटक कहाँबाट थाहा पाउनुभयो?

☐ स्थानीय सरकार ☐ रेडियो/टिभी ☐ साथी/छिमेकी

☐ कृषक समूह ☐ सामाजिक सञ्जाल ☐ अन्यः ....

७. तपाईंले सुन्नुभएको अनुदानका प्रकारहरू कुन-कुन हुन्?

☐ बीउ ☐ मल ☐ उपकरण ☐ सिचाइ ☐ तालिम ☐ पशुपालन ☐ बिमा

☐ अन्यः ....

भाग गः पहुँच र प्रयोग

८. के तपाईंले कुनै कृषि अनुदानका लागि आवेदन दिनुभएको छ?

☐ छ ☐ छैन

९. हो भने, कुन अनुदानका लागि कहिले आवेदन दिनुभयो?

....

१०. के तपाईंले आवेदन गर्दा कुनै कठिनाइ भोग्नुभयो?

☐छ ☐ छैन

यदि छ भने, कृपया उल्लेख गर्नुहोस्ः

....

११. के तपाईंले अनुदान प्राप्त गर्न सफल हुनुभयो?

☐ छ ☐ छैन ☐ आंशिक

१२. आवेदनदेखि अनुदान प्राप्त गर्न कति समय लाग्यो?

....

१३. तपाइले हाल सम्म कति पटक र के कति अनुदान पाइसक्नुभएको छ ?अनुदान पाउनु भन्दा अगाडिको अवस्था र हाल परिवर्तन भएको अवस्था उल्लेख गर्नुहोस

भाग घः अनुदानको प्रभाव

१३. अनुदान प्राप्तपछि तपाईंले मुख्य रूपमा कुन कार्य गर्नुभयो?

☐ उत्पादन वृद्धि ☐ लागत घटाउन ☐ उपकरण खरिद ☐ खेती विस्तार ☐ अन्यः ....

१४. के अनुदानले तपाईंको उत्पादनमा सुधार ल्यायो?

☐ धेरै ☐ केही ☐ थोरै ☐ कुनै परिवर्तन छैन ☐ थाहा छैन

१५. के तपाईंको आम्दानी बढेको छ?

☐छ ☐छैन ☐ थाहा छैन

१६. के यो अनुदान साना र सीमान्त कृषकहरूका लागि उपयोगी छ? कृपया कारण लेख्नुहोस्ः

....

....

भाग ङः सन्तुष्टि र सुझाव

१७. अनुदान प्राप्त गर्ने प्रक्रियासँग तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ?

☐ अत्यन्त सन्तुष्ट ☐ सन्तुष्ट ☐ सामान्य ☐ असन्तुष्ट ☐ अत्यन्त असन्तुष्ट

१८. के अनुदान सबैलाई समान रूपमा वितरण भएको छ भन्ने लाग्छ?

☐ छ ☐ छैन ☐ थाहा छैन

१९. तपाईंले वा अरूले भोगेका मुख्य चुनौतीहरू के के छन्?

....

....

२०. कार्यक्रम अझ प्रभावकारी बनाउन के सुझाव दिनुहुन्छ?

....

....

भाग चः अतिरिक्त जानकारी

२१. के तपाईं कृषक समूह वा सहकारीको सदस्य हुनुहुन्छ?

☐ छ ☐ छैन

भएमा, अनुदान पाउन त्यसबाट के कस्तो सहजता प्राप्त भयो गर्‍यो?

....

स्थानिय तहलाइ सोधिने प्रस्न

भाग कः सामान्य जानकारी

तपाईंको नाम, पद र कार्यालयको नाम के हो?

....

तपाईं कुन वडामा/नगरपालिकामा कार्यरत हुनुहुन्छ?

....

तपाईंको कार्यालयमा कृषि अनुदान कार्यक्रम सञ्चालनको अनुभव कति वर्षको छ?

....

भाग खः अनुदानको योजना र बजेट

३ आर्थिक बर्षको जम्मा बजेट, कृषिमा छुट्टिएको बजेट र अनुदान वितरणका लागि छुट्टिएको बजेट बिवरण —

आर्थिक बर्ष	पालिकाको जम्मा बजेट	कृषि तथा पशुपंक्षी क्षेत्रको बजेट	अनुदानको लागि छुट्टिएको बजेट	समाबेशितामा आधारित बजेट

४. समाबेशितामा आधारित मुख्य मुख्य क्रियाकलाप हरु के कस्ता छन् ?

५. प्रमुख अनुदानका कार्यक्रमहरू के-के छन्?

☐ बीउ ☐ मल ☐ उपकरण ☐ सिचाइ ☐ पशुपालन ☐ तालिम ☐ बिमा

☐ अन्यः ....

६. ती अनुदान कार्यक्रमहरू कुन मापदण्डअनुसार लक्षित कृषकहरूलाई दिइन्छ?

....

७. साना तथा सीमान्त कृषकलाई प्राथमिकता दिने कुनै व्यवस्था छ? (यदि हो भने, स्पष्ट गर्नुहोस्)

....

भाग गः कार्यान्वयन प्रक्रिया

८. अनुदान प्राप्तिका लागि कृषकहरूले आवेदन दिने प्रक्रिया के हो?

....

९. आवेदनको छनौट प्रक्रिया पारदर्शी र निष्पक्ष छ भनी तपाईँ कसरी सुनिश्चित गर्नुहुन्छ?

....

....

१०. हालसम्म कति किसानहरूले अनुदान पाएका छन्? (आर्थिक बर्ष अनुसार विवरण भए लेख्नुहोस्)

....

११. अनुदान वितरण गर्दा प्रमुख चुनौतीहरू के के देखिन आएको छ?

....

भाग घः निगरानी, मूल्यांकन र प्रभाव

१२. तपाईँको पालिकाले अनुदान कार्यक्रमको अनुगमन कसरी गर्छ?

....

१३. अनुदान प्राप्त कृषकहरूको उत्पादन र आम्दानीमा के प्रभाव देखिएको छ?

☐ सुधार ☐ केही मात्र सुधार ☐ असर छैन ☐ जानकारी छैन

१४. कृषि अनुदानबाट समुदायमा समावेशी सहभागिता बढेको छ जस्तो लाग्छ? (महिला, दलित, जनजाति)

....

१५. अनुदान वितरण प्रक्रियामा कुनै प्रकारको गुनासो वा उजुरी आएको छ? भएमा त्यसको समाधान कसरी गर्नुभयो?

....

भाग ङः सुझाव र सुधारका उपाय

१६. अनुदान वितरण प्रणालीमा सुधार ल्याउन तपाईंको कार्यालयको के सुझाव छ?

....

१७. किसानहरू अनुदानबारे पर्याप्त रूपमा जानकार छन् जस्तो लाग्छ? (जानकारी प्रवाहको अवस्था)

☐ हो ☐ केही मात्र ☐ होइन ☐ थाहा छैन

१८. आगामी वर्षहरूमा कुन खालको अनुदान कार्यक्रम थप गर्न आवश्यक देखिन्छ?

....

१९. प्रदेश वासङ्घीयसरकारबाट आवश्यक समन्वय र सहयोग पाइरहनुभएको छ?

☐ हो ☐ आंशिक ☐ छैन ☐ थाहा छैन

कृपया थप विवरण दिनुहोस्ः

....

२०. कृषि अनुदान कार्यक्रमलाई प्रभावकारी र समावेशी बनाउनका लागि तपाईंका मुख्य सुझावहरू के हुन्?

....

कृषि ज्ञान केन्द्र /कृषि विकास कार्यालय/ भेटेरिनारी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र हरुलाई सोधिने प्रस्न ,

भाग कः संस्थागत जानकारी

१.संस्थाको नाम र ठेगाना

....

२. तपाईंको नाम र पद के हो?

....

३. यस कार्यालयको ३ आर्थिक बर्षको बजेट तथा अनुदान को लागि छुट्टिएको बजेट बिवरण के कस्तो छ ?

४. तपाईंको संस्थाको प्रमुख उद्देश्य के हो?

....

भाग खः अनुदानसँग सम्बन्धीत भूमिका

५. के तपाईंको संस्थाले कृषि अनुदानसँग सम्बन्धीत कुनै अनुसन्धान, सिफारिस वा कार्यान्वयनमा भूमिका खेल्दछ?

□ हो □ होइन यदि हो भने, विस्तृत रूपमा उल्लेख गर्नुहोस्ः

....

६. तपाईंको केन्द्रले कुन-कुन प्रकारका अनुदान कार्यक्रमहरूलाई प्रविधि वा जानकारीको हिसाबले सहयोग पुऱ्याएको छ?

....

७. अनुदानसँग सम्बन्धीत नीतिगत सिफारिसहरू दिने अवसर पाइन्छ? कसरी?

....

भाग गः अनुसन्धान र प्राविधिक ज्ञान

८. तपाईंको संस्थाले किसानको उत्पादनशीलता बढाउने कुन प्रमुख प्रविधि वा अभ्यासहरू सिफारिस गरेको छ?

....

९. ती प्रविधिहरू अनुदानसँग कसरी जोडिएका छन्?

....

१०. साना तथा सीमान्त कृषकको लागि तपाईंले अनुसन्धानमा आधारित रहेर के सिफारिस गर्नुभएको छ?

....

११. के अनुदान कार्यक्रमहरूले अनुसन्धनमा आधारित प्रविधिहरू अपनाउन कृषकलाई प्रोत्साहित गरेको देखिन्छ?

□ हो □ केही हदसम्म □ छैन □ थाहा छैन

थप बिस्तृतिकरण गर्नुहोस

....

....

भाग घः प्रभाव र मूल्याङ्कन

१२. यस केन्द्रको दृष्टिकोणबाट कृषि अनुदानको वास्तविक प्रभाव के देखिन आएको छ?

....

१३. कुन क्षेत्र/समूहमा अनुदानको प्रभाव सबभन्दा बढी देखिन्छ?

☐ दलित ☐ महिला ☐ सीमान्त कृषक ☐ वडागत समूह ☐ अन्यः

....

....

१४. के कृषकहरूले अनुदान सही उद्देश्यमा प्रयोग गरिरहेका छन् जस्तो देखिन्छ?

☐ हो ☐ आंशिक ☐ होइन ☐ जानकारी छैन

१५. यस केन्द्रहरूले अनुदान कार्यक्रमको अनुगमन वा मूल्याङ्कनमा सहभागिता जनाउन पाएका छन्?

☐ हो ☐ होइन ☐ कहिलेकाहीं ☐ थाहा छैन

भाग ङः समन्वय र सुझावहरू

१६. यस कार्यालयले स्थानिय तह वा कृषि शाखासँग कस्तो समन्वय गरेको छ?

....

....

१७. अनुदान कार्यक्रमलाई अझ प्रभावकारी बनाउन यस कार्यालयको भूमिका के हुनसक्छ?

....

१८. किसानहरूको क्षमता अभिवृद्धि (Capacity Bui l ding) मा तपाईंले कुन विधिहरू प्रयोग गर्नुभएको छ?

☐ तालिम ☐ फर्म भ्रमण ☐ पुस्तिका/बुकलेट ☐ मिडिया ☐ अन्यः

....

१९. वर्तमान अनुदान प्रणालीमा के सुधार आवश्यक देखिन्छ?

....

२०. कृषि अनुदान प्रणालीलाई अझै समावेशी, वैज्ञानिक र किसानमुखी बनाउन तपाईंको सुझाव के हो?

....

सरोकारवालाहरुलाइ सोधिने प्रस्न

भाग कः परिचयात्मक जानकारी

तपाईंको नाम, पद, र संस्थाको नाम के हो?

....

२. तपाईंको संस्था कुन तहमा काम गर्छ?

☐ स्थानिय ☐ प्रदेश ☐ संघ ☐ अन्तर्राष्ट्रिय ☐ अन्यः ....

३. तपाईंको संस्था कृषि क्षेत्रसँग कसरी सम्बन्धीत छ?

☐ नीति निर्माण ☐ प्रविधि सेवा ☐ सहकारी/संगठन ☐ व्यवसाय ☐ अन्यः ....

भाग खः कृषि अनुदानसँगको अनुभव

४. के तपाईंको संस्थाले कुनै कृषि अनुदान कार्यक्रमको सहयोग, कार्यान्वयन, अनुगमन वा मूल्याङ्कनमा सहभागिता जनाएको छ?

☐ छ ☐ छैन

यदि हो भने, के कस्तो भूमिका निभाउनुभएको छ?

....

५. तपाईंका दृष्टिमा कृषि अनुदान कार्यक्रमको उद्देश्य के हो र के त्यो उद्देश्य पूरा भईरहेको छ?

....

६. तपाईंको अनुभवमा, साना तथा सीमान्त कृषकहरूले अनुदान पाउन कत्तिको सहजता अनुभव गरिरहेका छन्?

☐ धेरै सहज ☐ सामान्य ☐ गाह्रो ☐ अत्यन्त गाह्रो

कृपया कारण खुलाउनुहोस्ः

....

भाग गः कार्यान्वयन र पहुँच

७. अनुदान वितरण प्रक्रिया पारदर्शी र न्यायपूर्ण छ भनी तपाईंलाई लाग्छ?

☐ हो ☐ आंशिक ☐ होइन ☐ थाहा छैन

स्पष्टिकरण दिनुहोस्ः

....

८. तपाईंका अनुसार कुन समुदाय वा समूहहरू अझै अनुदानबाट वञ्चित छन्?

☐ दलित ☐ महिला ☐ जनजाति ☐ दुर्गम क्षेत्र ☐ अन्यः ....

९. अनुदान सम्बन्धी जानकारी प्रवाहको अवस्था कस्तो छ?

☐ प्रभावकारी ☐ औसत ☐ कमजोर ☐ जानकारी छैन

१०. अनुदानका कारण किसानहरूको उत्पादन, आम्दानी, वा जीवनस्तरमा के कस्तो परिवर्तन आएको देखिनुभएको छ?

....

भाग घः समन्वय र योगदान

११. तपाईंको संस्थाले स्थानिय सरकार वा अन्य निकायहरूसँग कस्तो समन्वय गरिरहेको छ?

....

१२. अनुदान कार्यक्रमहरूमा निजी क्षेत्र (जस्तै बीउ/मल आपूर्ति, उपकरण निर्माण, तालिम संस्था) को भूमिका कत्तिको महत्त्वपूर्ण देखिन्छ?

☐ अत्यन्त ☐ केही ☐ न्यून ☐ थाहा छैन

१३. अनुदानको प्रभावकारिता मूल्याङ्कन गर्ने कुनै अध्ययन वा तथ्याङ्क उपलब्ध छ? भएमा कृपया उल्लेख गर्नुहोस्।

....

१४. कृषकहरूको सशक्तीकरणमा तपाईंको संस्थाको योगदान के के रहँदै आएको छ?

....

भाग ङः सुझाव र सुधारका उपाय

१५. हालको कृषि अनुदान वितरण प्रणालीमा देखिएका प्रमुख कमजोरीहरू के हुन्?

....

१६. सुधार गर्न सकिने क्षेत्रहरू के के देख्नुहुन्छ?

....

१७. आगामी वर्षहरूमा अनुदान नीति कसरी पुनःसंरचना गर्नुपर्छ भन्ने तपाईंको धारणा के छ?

....

....

१८. पारदर्शिता र जवाफदेहिता कायम गर्न के कदमहरू चालिनु पर्छ?

....

१९. के अनुदानले दीगो कृषि विकासमा योगदान गरिरहेको छ? के उदाहरण दिन सक्नुहुन्छ?

………

२०अन्त्यमा ., कृषक हितलाई केन्द्रमा राखी अनुदान प्रणाली सुधार गर्नका लागि तपाईंको मुख्य सन्देश वा सल्लाह के हो ?

……………………………………………………………

अनुसूची -४ केस अध्ययनः

रामविलास सदा , सप्तरी जिल्लाको भगवानपुर गाउँपालिका ,वडा नम्बर १ ,मधेश प्रदेशका ४७ बर्षीय किसान हुन्। विगतमा उनी काटामा बोरा बोक्ने जस्ता कठिन श्रमिक कार्यमा संलग्न थिए ,जसले उनको जीवनलाई आर्थिक रूपमा चुनौतीपूर्ण बनाएको थियो।

बि .स.२०७१ मा उनी करार खेती प्रणालीमा सामेल भए ,जसले उनको जीवनको दिशालाई परिवर्तन गर्न थाल्यो। सुरुवाती चरणमा करार खेतीको अवधारणा बुझ्न उनलाई निकै कठिनाइ भएको थियो , जसका कारण पहिलो वर्षमा उनले ४ बिघा खेतलाई बाँझो नै छोडिदिए। तर ,यो असफलताले उनलाई हतोत्साहित बनाएन ;बरु ,२०७२ सालमा परेको खडेरीका बाबजुद उनी एक्लैले १० धुर जग्गामा बैगुन खेति गरे। यस प्रयासको फलस्वरूप ,भदौ महिनामा सोही १० धुरबाट १६ हजार रुपैयाँ बराबरको बैगुन बिक्री भएपछि उनको सोचमा सकारात्मक परिवर्तन आयो र करार खेतीप्रतिको विश्वास बढ्यो।

यस सफलताको प्रभावले छिमेकी किसानहरूलाई पनि प्रेरित गऱ्यो। विशेष गरी, २०७३ सालमा इजरायलबाट हालै फर्केका रामसेबक यादवले २ कठ्ठा जग्गामा बैगुन खेती गरी १ लाख १० हजार रुपैयाँ बराबरको उत्पादन घरबाटै बिक्री गरे। यो घटनाले रामविलास सदा मात्र नभई अन्य किसानहरूलाई पनि करार खेतीतर्फ आकर्षित गऱ्यो।

यसपछि ,रामविलास सदाले आफ्नो प्रयासलाई थप विस्तार गरे। दुई वर्षपछि ,उनले जग्गा भाडामा लिएर आफ्नो खेतीलाई ३४ कठ्ठामा बिस्तार गरे र धान ,गहुँ ,तोरी जस्ता विविध बालीहरू लगाएका थिए त्यसले ,प्रशस्त रुपमा फाइदा दियो। यस निरन्तर सफलताका कारण अहिले २०८२ सम्म आइपुग्दा उनको खेती ४ बिघामा बिस्तार भएको छ। उनको सफलताबाट प्रभावित भएर अन्य किसानहरूले पनि १ देखि १बिघा जग्गा भाडामा ल ५.िएर करार खेतीमा सक्रियता देखाइरहेका छन् ,जसले स्थानीय कृषि क्षेत्रलाई मजबुत बनाएको छ।

रामविलास सदाको परिवार हाल ५ सदस्यीय छ, जसमा उनका दुई छोराहरू क्रमशः १६ र १७ वर्षका छन्। यी छोराहरूले कक्षा ६ र ७ सम्मको विद्यालय शिक्षा पूरा गरेपछि अध्ययन छोडेर खेती कार्यमा नै सहयोग गरिरहेका छन् ,जसले पारिवारिक व्यवसायलाई थप बलियो बनाएको छ। यसैगरी, उनका तीन छोरीहरूको विवाह कृषिबाट प्राप्त आम्दानीबाटै सम्पन्न भएको छ, जसमा प्रत्येक विवाहमा ७ देखि ८ लाख रुपैयाँ खर्च भएको थियो। यी सबै उपलब्धिहरू राष्ट्रिय कृषक समूह महासंघको सहयोगबाट सम्भव भएका छन्, जसले उनको जीवनलाई पूर्ण रूपमा रूपान्तरित गरेको छ।

रामविलास सदाको अनुभब अनुसार ,स्थानीय हावापानी तथा भूगोल अनुकूल गुणस्तरीय बीउ किसानहरूलाई सस्तो मूल्यमा उपलब्ध गराउनु आवश्यक छ ,जसले उत्पादकत्व बढाउन मद्दत गर्छ।

यसबाहेक ,सीमान्तकृत किसानहरूलाई कृषि सम्बन्धी आवश्यक सीप प्रदान गरी उनीहरूलाई करार खेतीमा संलग्न गराउनु पर्ने उनको सुझाव छ ,जसले समावेशी कृषि विकासलाई प्रोत्साहन दिन्छ।

अनुसूची -५ सन्दर्भ सुची :

- नेपालको संबिधान२०७२ ,
- स्थानीय सरकार संचालन ऐन२०७४ ,
- कृषि विकास रणनीति २०१५२०३५-
- १६औं योजना २०८१२०८६-
- महालेखापरिक्षकको बासट्ठीऔं बार्षिक प्रतिबेदन२०८२ ,,२०८१,२०८०
- विभिन्न बर्षका आर्थिक सर्बेक्षण अर्थ मन्त्रालय ,
- स्थानीय तहहरुका योजना किताब तथा बार्षिक प्रतिबेदनहरु
- प्रदेश सरकार तथा मातहतका मन्त्रालय तथा निकायहरुका बार्षिक प्रतिबेदनहरु
- प्रादेशिक बजेट बक्तब्य तथा कृषि मन्त्रालयका बार्षिक प्रतिबेदनहरु
- अन्तरसरकारी बित्त ब्यबस्थापन ऐन२०७४ ,
- खाद्य अधिकार तथा सम्प्रभुता सम्बन्धि ऐन २०७५ ,
- नेपाल कृषि अनुसन्धान परिषद ऐन २०४८
- राष्ट्रिय दुग्ध बिकास बोर्ड ऐन २०४८
- खाद्य ऐन २०२३
- सिँचाई नीति २०७०
- पन्छिपालन नीति २०६८
- दुग्ध विकास नीति २०६४
- कृषि ब्यबसाय प्रबर्धन नीति २०६३
- कृषि यान्त्रिकरण प्रबर्द्धन नीति २०७१
- राष्ट्रिय कृषि नीति २०६१
- राष्ट्रिय मल नीति २०५८
- राष्ट्रिय दुग्ध बिकास नीति२०७८ ,
- राष्ट्रिय मत्स्य बिकास नीति २०७९

- राष्ट्रिय पशु स्वास्थ्य नीति २०७८
- राष्ट्रिय पशुपन्छी प्रजनन नीति २०७८
- संघ२०८० प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धि कार्यप्रक्रिया ,
- किसान सूचीकरण प्रणाली ब्यबस्थापन तथा संचालन निर्देशिका २०८१
- व्यसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका २०७०
- बालि तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका २०७०
- एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७०
- एक गाउ एक उत्पादन एक जिल्ला कार्यान्वयन निर्देशिका २०७०
- अनुदानको मल वितरण ब्यबस्थापन निर्देशिका २०७७
- कृषि सहुलियत कर्जा कार्यक्रम कार्यान्वयन कार्यविधि (बागमती) २०८१ ,
- उखु कृषकलाई अनुदान दिने सम्बन्धि कार्यविधि२०७५ ,

अनुसूची -६ छलफलमा सहभागी सरोकारवालाहरु

जनप्रतिनिधिहरु

क्र.सं.	नाम	कार्यालय	पद
१	अर्जुन मावोहांग	लालीगुराँस नगरपालिका	नगर प्रमुख
२	जमुना मगर कार्की	लालीगुराँस नगरपालिका	उप प्रमुख
३	देवेन्द्र खड्का	लालीगुराँस नगरपालिका	वडा अध्यक्ष -वडा नं ७
४	जित नारायण महतो	गणेशमान चारनाथ नगरपालिका	नगर प्रमुख
५	केशब महत	लिखु तामाकोशी गाउँपालिका	गाउँपालिका अध्यक्ष
६	दिपा पाखिन	लिखु तामाकोशी गाउँपालिका	गाउँपालिका उपाध्यक्ष
७	प्रदिप कुमार तामांग	लिखु तामाकोशी गाउँपालिका	वडा नं १ वडा अध्यक्ष

८	सन्तोष पौडेल	लिखु तामाकोशी गाउँपालिका	वडा नं २ वडा अध्यक्ष
९	गोपाल राज तामांग	लिखु तामाकोशी गाउँपालिका	वडा नं ३ वडा अध्यक्ष
१०	दिपक पुलामी मगर	लिखु तामाकोशी गाउँपालिका	वडा नं ४ वडा अध्यक्ष
११	रोम बहादुर तामांग	लिखु तामाकोशी गाउँपालिका	वडा नं ५ वडा अध्यक्ष
१२	शिव प्रसाद न्यौपाने	लिखु तामाकोशी गाउँपालिका	वडा नं ६ वडा अध्यक्ष
१३	कल्पना पाण्डे	लिखु तामाकोशी गाउँपालिका	वडा नं ७ का.वडा अध्यक्ष
१४	देवी जंग गुरुङ	मादी गाउँपालिका	अध्यक्ष
१५	जोगराज चौधरी	लमही नगरपालिका	नगरप्रमुख
१६	लक्ष्मी योगी	लमही नगरपालिका	उपप्रमुख
१७	मोहन गिरि	लमही नगरपालिका	प्रवक्ता
१८	हेमराज ओझा	कृष्णपुर नगरपालिका	नगरप्रमुख

स्थानीय तहमा कार्यरत कर्मचारीहरु

क्र.सं.	नाम	कार्यालय	पद
१	सन्तोष घिमिरे	लालीगुराँस नगरपालिका	प्रमुख प्रशासकीय अधिकृत
२	आर.एल. सुब्बा	लालीगुराँस नगरपालिका	कृषि अधिकृत
३	हिम थापा	लालीगुराँस नगरपालिका	कृषि प्राविधिक
४	राम सिंह डडाल	लिखु तामाकोशी गाउँपालिका	प्रमुख प्रशासकीय अधिकृत
५	भुम बहादुर बुढाथोकी	लिखु तामाकोशी गाउँपालिका	सुचना अधिकारि

६	लोक प्रसाद फुयाल	लिखु तामाकोशी गाउँपालिका	बरिस्ठ पशु बिकास अधिकृत
७	सुजन दवाडी	लिखु तामाकोशी गाउँपालिका	कृषि प्राविधिक
८	कोपिला बोहोरा	लिखु तामाकोशी गाउँपालिका	कृषि प्राविधिक
९	धनेन्द्र भुजेल	मादी गाउँपालिका	प्र.प्र.अ.
१०	सविना भण्डारी	मादी गाउँपालिका	कृषि अधिकृत
११	डा. रोशन ज्ञवाली	मादी गाउँपालिका	अधिकृत सातौ,पशु बिकास शाखा
१२	कमल राजबंशी	लमही नगरपालिका	कृषि प्राविधिक
१३	प्रेम बोगटी	कृष्णपुर नगरपालिका	सुचना अधिकारि
१४	पदम नेपाली	बिरेन्द्रनगर नगरपालिका	कृषि प्राविधिक
१५	रेवती कुमार तिमिल्सिना	मौरी जोन संयोजक	कोशी प्रदेश
१६	दिलिप शाह	राष्ट्रिय कृषक समुह महासंघ, नेपाल	प्रदेश कार्यालय प्रमुख(मधेश प्रदेश)
१७	राम नारायण महतो	राष्ट्रिय कृषक समुह महासंघ, नेपाल	
१८	सुमित्रा चौधरी	राष्ट्रिय कृषक समुह महासंघ, नेपाल	
१९	डिनिता शाह	राष्ट्रिय कृषक समुह महासंघ, नेपाल	
२०	राम सेवक यादव	राष्ट्रिय कृषक समुह महासंघ, नेपाल	

प्रदेश तथा सङ्घीय कार्यालयका कर्मचारीहरु

क्र.सं.	नाम	कार्यालय	पद
१	डा. गोविन्द प्रसाद शर्मा	कृषि तथा पशुपंक्षी बिकास मन्त्रालय	सचिब (कृषि)

२	डा. राजेन्द्र प्रसाद मिश्र	कृषि तथा पशुपंक्षी बिकास मन्त्रालय	सचिब (पशुपंक्षी)
३	डा. हरि बहादुर के.सी.	योजना तथा विकास समन्वय महाशाखा ,कृषि तथा पशुपंक्षी बिकास मन्त्रालय	सहसचिब
४	डा. शरण पाण्डे	उद्योग कृषि तथा सहकारी मन्त्रालय ,कोशी प्रदेश	सचिब
५	डा. प्रकाश संजेल	कृषि बिभाग	महानिर्देशक
६	डा. रामानन्दन तिवारी	पशु सेवा बिभाग	महानिर्देशक
७	डा. सुजन राना	पशु सेवा बिभाग	उपमहानिर्देशक
८	डा.सुलोचना श्रेष्ठ	पशु सेवा बिभाग	उपमहानिर्देशक
९	डा. भोजराज सापकोटा	प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्र	प्रमुख
१०	बेनु प्रसाद प्रसाई	बिउबिजन गुणस्तर नियन्त्रण केन्द्र	प्रमुख
११	हिक्मत कुमार श्रेष्ठ	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	प्रमुख
१२	डा. अरुण काफ्ले	खाद्य तथा पोषण सुधार आयोजना	
१३	डा. चन्द्र प्रसाद रिसाल	ग्रामिण उद्धम तथा आर्थिक बिकास आयोजना	प्रमुख
१४	डा. सुनिता पाण्डे	कृषि क्षेत्र बिकास आयोजना	
१५	महेशचन्द्र आचार्य	पहाडी काष्ठ फल तथा फलफूल विकास आयोजना	प्रमुख

१६	डा. कृष्ण प्रसाद तिम्सिना	राष्ट्रिय कृषि अनुसन्धान परिषद्	प्रमुख
१७	प्रकाश कुमार डाँगी	कृषि बिकास निर्देशानालय,कोशी प्रदेश	निर्देशक
१८	सुधिर श्रेष्ठ	कृषि बिकास निर्देशानालय, बाग्मती प्रदेश	निर्देशक